# लेखापरीक्षण प्रतिवेदन

## कोहलपुर नगरपालिका, बाँके

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कोहलपुर नगरपालिका, बाँके

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/223

श्रीमान नगर प्रमुखज्यू,
कोहलपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
बाँके ।

**विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/223

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान नगर प्रमुखज्यू ,

कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बाँके।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको आय-व्यय तर्फ रू.२ अर्व ६५ करोड ५३ लाख ३५ हजारको लेखापरीक्षणबाट रु.४ करोड ५२ लाख १० हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.७ लाख ७८ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू.५४ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८८ लाख ८८ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ७९ लाख २१ हजार र पेश्की बाँकी रू.१ करोड २१ लाख ६२ हजार गरी रु. ४ करोड ४४ लाख ३२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.३८ करोड ७५ लाख ३२ हजार मध्ये रु. १ करोड ६० लाख ४५ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.४१ करोड ५९ लाख १९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

२.३ कोहलपुर नगर विकास समितिको २०८१।०८२ को आर्थिक विवरण , स्रेस्ता तथा सोसँग सम्बन्धित कागजात २०८२ भदौ २३ र २४ गते भएको आन्दोलन तथा घटनाका कारण लेखापरीक्षणका लागि पेस नभएकोले सोको लेखापरीक्षण गरिएको छैन ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत कोहलपुर नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०६ | १२१ | ४,५२,१०,२१९ | ० | ३ | ७,७८,००० | ० | १०६ | ११८ | ४,४४,३२,२१९ | ५४,६०,६२६ | १,७९,२१,०५४ | ८८,८८,३५९ | ० | ० | २,६८,०९,४१३ | १,२१,६२,१८० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाँके | ३८,७५,३२,००० | | १,६०,४५,३११ | ३७,१४,८६,६८९ | | ४,४४,३२,२१९ | ४१,५९,१८,९०८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ६२ | पेश्की | ७,७८,००० |
| **यस आ.ब प्रतिकृयावाट सम्परीक्षण जम्मा** | | | | **७,७८,०००** |
| २ | २०८०/८१ | ४२.२ | स्वास्थ्यतर्फ | १८,४६,००० |
| ३ | २०८०/८१ | २७ | श्रोत नखुलेको धरौटी | १७,९१,७७५ |
| ४ | २०८०/८१ | ३५ | फरक शीर्षकबाट भुक्तानी | ५,५०,५८९ |
| ५ | २०८०/८१ | ५३ | निर्माण कार्यको अन्त्य | ९,९०,००० |
| ६ | २०८०/८१ | २६ | धरौटी रकम राजस्व दाखिला | ११,३६,३५१ |
| ७ | २०८०/८१ | १८ | कानूनी सल्लाहकार | ६,००,००० |
| ८ | २०८०/८१ | २३ | करार कर्मचारीलाई महंगी भत्ता | ११,१६,००० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७९/८० | ४८ | मुल्यांकनको दर भन्दा घटि दरमा खरिद | १३,०११ |
| १० | २०७९/८० | २६ | पेश्की बाँकी | ५४,३२,५८५ |
| ११ | २०७९/८० | १३० | पेश्की जमानत | ६,८३,००० |
| १२ | २०७९/८० | ४६ | करार कर्मचारीलाई महङ्गी भत्ता | १८,८६,००० |
| **गत विगतको सम्परीक्षण जम्मा** | | | | **१,६०,४५,३११** |
| **जम्मा** | | | | **१,६८,२३,३११** |

# कोहलपुर नगरपालिका, बाँके

# ( ८०५५७४०१३०० )

# कोहलपुर नगरपालिका , बाँके

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।यस पालिकामा १५ वटा वडा, १८४.२६ वर्ग किलोमिटर क्षेत्रफल तथा १०१६६७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।२२ देखि २०८२।०८।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । लेखापरीक्षणको क्रममा पेश भएको मिति २०८२।०८।२२ च.नं १०७२ को व्यवस्थापन प्रतिनिधित्व पत्रसाथ भाद्र २३ र २४ को विषम परिस्थितिका कारण केही कागजात जलेर क्षति भएकोले लेखापरीक्षणको क्रममा पेश गर्न नसकिएको व्यहोरासहितको पत्र पेश छ। उपरोक्त कारणले सम्पुर्ण कागजातमा पहुँचता नभएकोले लेखापरीक्षणमा सिमितता कायम भइ पेश भएसम्मको श्रेस्ता परीक्षणवाट प्रतिबेदन जारी गरिएको छ। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.२ अर्ब ६५ करोड ५३ लाख ३५ हजार ३१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ लेखा स्रेस्ताको अवस्था

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(१) बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। साथै, सोही ऐनको दफा ३६(१) बमोजिम कार्यालयको सरकारी नगदी, जिन्सी, आय-व्यय तथा कारोबारसम्बन्धी लेखा, स्रेस्ता र कागजात लेखापरीक्षणको सिलसिलामा माग भएमा तोकिएको अवधिभित्र पेस गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ।यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षणको क्रममा पेश भएको मिति २०८२।०८।२२ च.नं १०७२ को व्यवस्थापन प्रतिनिधित्व पत्रसाथ भाद्र २३ र २४ को विषम परिस्थितिका कारण योजना शाखामा रहेका सम्पूर्ण श्रेस्ता आगलागी भएकाले योजनाका ठेक्का सम्झौतासम्मका विवरणहरु (लागत अनुमान, दररेट विश्लेषण, ठेक्का कागजात, मुचुल्का, मूल्याङ्कन, सम्झौता/कायदिश, उपभोक्ता समितिको विवरण) तथा राजस्व शाखा तर्फ रहेका राजस्वको विवरण ( आय सम्झौतको फाइल कागजात) र अन्य शाखाका केही कागजात जलेर क्षति भएकोले लेखापरीक्षणको क्रममा पेश गर्न नसकिएको व्यहोरासहितको पत्र पेश भएको छ। सो अतिरिक्त मिति २०८२।०६।२३ को इलाका प्रहरी कार्यालय कोहलपुर वाँकेको च.नं १७६७ मिति २०८२।०६।२३ को मुचुल्का प्रतिलिपि समेत पेश हुन आएको छ। उपरोक्त अनुसारको कागजात तथा श्रेस्ता पेश नभएकोले योजनासँग सम्बन्धित लागत अनुमान, दर विश्लेषण, खरिद सम्झौताको मुल्याङ्कन , ठेक्काको म्याद थप अबधि, राजस्व आय ठेक्कावाट दाखिला रकम लगायतको कारोवार लेखापरीक्षणको दायरामा समावेश भएको छैन।

**मिनाहा :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १११ मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्ति, स्रेस्ता तथा कागजातको मूल्याङ्कन गरी मिनाहाको सिफारिस गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षता पाँच सदस्यिय समिति रहने, समितिले प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मूल्याङ्कन गरी मूल्य समेत खुलाई सम्बन्धित केन्द्रीय निकाय समक्ष प्रतिवेदन दिने र प्रतिवेदनको आधारमा पचास लाख मूल्य बराबरसम्मको क्षतिको हकमा सम्बन्धित केन्द्रीय निकायको सचिवले र सोभन्दा बढी रकमको हकमा नेपाल सरकारले मिनाहा दिन सक्ने व्यवस्था छ । कार्यालयले प्रदर्शनबाट नष्ट भएको क्षतिको मुचुल्का नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली(NAMS) मा अपलोड गरेतापनि कारोवारको लेखा स्रेताको क्षति तथा भौतिक क्षतिको मिनाहाको लागि प्रक्रिया गरेको देखिएन् । कानुन वमोजिम मिनाहाको प्रक्रिया अघि बढाउनु पर्दछ ।

## ३ एकीकृत आर्थिक विवरण

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले पेश गरेको आर्थिक वर्ष २०८१।०८२ भएको खर्चको एकिकृत आर्थिक वित्तीय विवरण देहायबमोजिम रहेको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **१.सुरु मौज्दात** | | १२७७३२२२१ | **१. पालिका तर्फ** | | ५६५८६४८६८ |
| क)संचित कोष | ५७७३९२८७ | | क) चालु खर्च | ३४०८०३८४० | |
| ख)धरौटी | ४३५५४१०९ | | ख) पुजिगत खर्च | २२५०६१०२८ | |
| | | | **२.संघीय सरकार तर्फ** | | ३३५४६३३३५ |
| ग) विविध खर्च खाता | १०३१३७९८ | | क) संघीय सशर्त चालु | २९४७६७२७३ | |
| घ) स्थानीय तह विविध कोष खाता | १४९२४५८२ | | ख) संघीय सशर्त पुजीगत | ३६४५१६२१ | |
| ङ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६०८४१६ | | ग) संघीय विशेष | ० | |
| च) स्थानीय तह विभाज्य कोष खाता | ५९२०२९ | | घ) संघीय समपुरक | ४२४४४४१ | |
| **२.यस वर्षको आय** | | | **३.प्रदेश सरकार तर्फ** | | २६११४३३६ |
| **२.१.आन्तरिक तर्फ** | | २२२६२९७२१ | क) प्रदेश शशर्त चालु | ३८०३१२७ | |
| २.१.१. आन्तरिक आय | १२६८९३४७९ | | ख) प्रदेश सशर्त पुजीगत | १०९०५९६५ | |
| २.२.२.राजस्व बाँडफाँड -स्थानीय | ९५७३६२४१ | | ग)प्रदेश विशेष चालु | ९०५२४४ | |
| **२.२. वित्तीय हस्तान्तरण (संघ)** | | ६६१९९१५५७ | घ) प्रदेश समपुरक | १०५००००० | |
| क) समानीकरण अनुदान | १७३९७६९६० | | ङ) अन्य | ० | |
| ख) राजस्व बाँडफाँड | १३९९६५५२० | | **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | ३३१३५७४०७ |
| ग) शशर्त अनुदान चालु | ३०५१४३२६७ | | घरेलु तथा साना उद्योगप्रर्वद्धन केन्द्र | ९८४३०० | |
| ग) शशर्त अनुदान पुजीगत | ३८६२०००० | | सामाजिक सुरक्षा तथा संरक्षण | २६०९१७९५३ | |
| घ) समपुरक अनुदान | ४२८५८१० | | स्थानीय तह प्रशासकिय भवन पूर्वाधार बिकास कार्यक्रम | ४३७५९४१ | |
| ङ) विशेष अनुदान | | | स्थानीय पूर्वाधार सहयोगकार्यक्रम | २४१९५५६३ | |
| च) रोयल्टी | | | स्वास्थ्य सुधार कार्यक्रम | २२८७२६५० | |
| छ) अन्य | | | एकिकृत स्वास्थ्यपूर्वाधार विकास कार्यक्रम | १८०११००० | |
| **२.३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | ५८५७२५६० | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | |
| क) समानीकरण अनुदान | १३५६९००० | | ऋण फिर्ता(साँवा) | | |
| ख) राजस्व बाँडफाँट | १८७३९८९१ | | ऋणको ब्याज भुक्तानी | | |
| ग) शशर्त अनुदान चालु | ३९५२४६० | | **५.धरौटी फिर्ता तथा सदर स्याहा** | ३०९९९०१५ | ३०९९९०१५ |
| घ) शशर्त अनुदान पुजिगत | १०९०५९६५ | | **६.कार्यसञ्चालन कोषबाट भएको खर्च** | | ३३७२७६८६ |
| घ) समपुरक अनुदान | १०५००००० | | क) विविध खर्च खाता | २९३५८७४० | |
| ङ) विशेष अनुदान | ९०५२४४ | | ख ) स्थानीय तह विविध कोष खाता | ३०५७६०० | |
| च) रोयल्टी | | | ग ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ० | |
| छ) अन्य | | | घ) स्थानीय तह विभाज्य कोष खाता | १३११३४६ | |
| छ) अन्य | | | अन्य कोषबाट भएको खर्च | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **२.४. अन्तर सरकारी अख्तियारी (संघ)** | | ३३१३५७४०७ | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | |
| क) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | ९८४३०० | | अन्य सहयोगमा सञ्चालित योजना | | |
| ख) सामाजिक सुरक्षा तथा संरक्षण | २६०९१७९५३ | | अन्य खर्च भएमा | | |
| ग)स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ४३७५९४१ | | **७.अनुदान फिर्ता** | | १२७३५०७५ |
| घ) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | २४१९५५६३ | | **७.१. संघ तर्फ** | | |
| ङ) स्वास्थ्य सुधार कार्यक्रम | २२८७२६५० | | ख) सशर्त अनुदान चालु | १०३७५९९४ | |
| च) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १८०११००० | | क) सशर्त अनुदान पुजिगत | २१६८३७९ | |
| **२.५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | ख) समपुरक | ४१३६९ | |
| **२.६. ऋण/ वित्तीय व्यवस्था** | | | **७.२. प्रदेश तर्फ** | | |
| **२.७. धरौटी आय** | १७८८०२१८ | १७८८०२१८ | क) सशर्त अनुदान चालु | १४९३३३ | |
| **२.८. कार्यसञ्चालन कोष आय** | | २६६४१९०७ | क) सशर्त अनुदान पुजिगत | | |
| क) विविध खर्च खाता | २४६६००८० | | ख) विशेष अनुदान | | |
| ख ) स्थानीय तह विविध कोष खाता | १२६२५१० | | ग) समपुरक अनुदान | | |
| ग ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ० | | ग) समपुरक अनुदान | ० | |
| घ) स्थानीय तह विभाज्य कोष खाता | ७१९३१७ | | **८.अन्तिम मौज्दात** | | ९११९०८२२ |
| **२.९. अन्य कोषको आय** | | | १. संचित कोषको मौज्दात | ६०७५५५१० | |
| **२.१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | | २. धरौटी | ३०४३५३१२ | |
| **२.११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | | **९. कार्यसञ्चालन कोष मौज्दात** | | १९३५३०४६ |
| **२.१२. अन्य आय भएमा** | | | क) विविध खर्च खाता | ५६१५१३८ | |
| | | | ख) स्थानीय तह विविध कोष खाता | १३१२९४९२ | |
| | | | ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६०८४१६ | |
| | | | घ) स्थानीय तह विभाज्य कोष खाता | ० | |
| | | | ङ) अन्यकोष | | |
| जम्मा | १४४६८०५५९० | १४४६८०५५९० | जम्मा | १४४६८०५५९० | १४४६८०५५९० |

## ४ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले अन्तरसरकारी अख्तियारी तर्फ सामाजिक सुरक्षा र संरक्षणमा रू.२६,०९,१७,९५३, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू.२,२८,७२,६५०/-, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रमा रू.९,८४,३००/-, स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रममा रू.४३,७५,९४१/-, स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा रू.२,४९,९५,५६३/- र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा रू.१,८०,११,०००/- गरी जम्मा रू.३३,१३,५७,४०७/- सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेश गरी एकिकृत

बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ५ बैंक हिसाब

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। आय व्यय लेखा प्रणाली तथा राजस्व र खर्च शिर्षकको वर्गीकरण अनुसार लेखाकंन र बैंक हिसाव मिलान विवरण (म.ले.प. फारम नं २७०) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। स्थानीय संचित व्यवस्थापन प्रणाली (सुत्र) बमोजिम बैंक तथा श्रेस्ता बाँकीको प्रतिवेदन देहाय बमोजिम रहेको छ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| कृषि विकास बैंक लिमिटेड | ०७२०५०१०००२३५३९१ | ग २.७, विविध खर्च खाता | ५६,१५,१३७.८८ | ८६,८३,१८६.८८ |
| कृषि विकास बैंक लिमिटेड | ०७२०५०१०००२३५२१७ | ग ३.१, स्थानीय तह धरौटी खाता | ३,०४,३५,३११.८८ | ३,०४,३५,३११.८८ |
| कृषि विकास बैंक लिमिटेड | ०७२०५०१०००२३५२२५ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ६,०७,५५,५१०.२० | ६,०७,५५,५१०.२० |
| कृषि विकास बैंक लिमिटेड | ०७२०५०१०००२३५२८४ | ग ५.१, स्थानीय तह विविध कोष खाता | १,३१,२९,४९२.३६ | १,३१,२९,४९२.३६ |
| कृषि विकास बैंक लिमिटेड | ०७२०५०१०००२३५३०६ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६,०८,४१६.१२ | ६,०८,४१६.१२ |
| | | जम्मा | ११,०५,४३,८६८.४४ | ११,३६,११,९१७.४४ |

पालिकाको सुत्रमा भएको विवरण बमोजिम श्रेस्तामा भन्दा बैँक खातामा रू.३०,६८,०४९/- (विविध खाता अनुसार) बढी रकम देखिन्छ । सो सम्बन्धमा पालिकाले हिसाब भिडान गरी मिलान गर्नुपर्दछ ।

## ६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रू.१ अर्ब ११ करोड ९८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२८ मा पारित भएको छ। यसैगरी स्थानीयतहका अध्यक्षले मिति २०८१।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ७ समग्र चालु खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको विगत २ वर्षको खर्चको तुलना गर्दा देहाय अनुसार देखिएको छ।

| खर्च शिर्षक | यो वर्ष | | गत वर्षको | | खर्च वृद्धि (प्रतिशत) |
|---|---|---|---|---|---|
| | वजेट | खर्च | वजेट | खर्च | |
| पदाधिकारी सेवा सुविधा | १७५००००० | १६९५८६०० | १८०००००० | १०२००४०० | ६६ |
| पदाधिकारी बैठक भत्ता | ५५००००० | ४०९६५०० | ५५००००० | २०६३५०० | ९९ |
| कार्यालय संचालन | ४२००००० | ४२००००० | २१४९१३१ | १७८८१२८ | १३५ |
| इन्धन | ६३००००० | ६३००००० | ४००००० | ३९५५००० | ५९ |
| **चालु खर्च जम्मा** | **५१००००००** | **४१५३६८८२** | **४४६६८१३१** | **३२१९५५७८** | |

खर्चमा मितव्ययिता कायम गर्नुपर्नेः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यकता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो ।

पदाधिकारीको सेवा सुविधा तथा बैठक भत्ता वापत पालिकाले यो वर्ष रू.२,१०,५५,१००/- खर्च लेखेको छ।पालिकाले पदाधिकारीको सेवा सुविधा, बैठक लगायतका चालु प्रकृतिका खर्च लेख्दा आवश्यकता समेत बिश्लेषण गरी अनिवार्य रुपमा पुष्ट्याई हुने कागजात संलग्न गरेर मात्र खर्च लेखि मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ ।

इन्धन खर्च- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/ पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोबिल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.६३,००,०००/-खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्युनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ।

विविध खर्चः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले विविध खर्च तर्फ यस वर्ष रु.२२,०४,७१०/-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण सुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सवारी मर्मत र अन्य मर्मत खर्च - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धीत कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष मर्मत शिर्षकबाट रू.१९,७८,०००/-समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. २१५ अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

उपरोक्त अनुसार गत आर्थिक वर्षको खर्च समेतको विश्लेषण गर्दा पदाधिकारी सेवा सुविधामा ६५ प्रतिशत, कार्यालय संचालनमा १३५ प्रतिशत, इन्धनमा ५९ प्रतिशत वढोत्तरी भएको देखियो । यस्तो प्रकारको खर्च लेख्दा आन्तरिक आय समेतको विश्लेषण गर्नुपर्ने, विविध

खर्चको भुक्तानीमा पर्याप्त पुष्ट्याइ संलग्न गर्नुपर्ने, इन्धन खर्चमा लगबुक व्यवस्थित गर्नुपर्ने, आर्थिक सहायताको रकम सहितको मापदण्ड निर्धारण गर्नुपर्ने लगायतका विषयमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

८ **आन्तरिक आय तथा राजश्व**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असुल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः-

अनुसुची खण्डमा उल्लिखित विववरण अनुसार आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१।८२ राजश्व रू.३,७८,२७,७९७/- वढी अर्थात ३० प्रतिशत वढी राजश्व संकलन भएको देखियो। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याई राजश्व अभिवृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९ **योजना तथा बजेट कार्यान्वयन**

योजना तथा बजेटमा सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको देखिएन । अत: उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

१० **खर्च विश्लेषण**

पालिकाले यसवर्ष चालु तर्फ रू.६४,०२,७९,०००/- र पूँजीगत तर्फ रू.२९,७१,६३,०००/- गरी रू.९२,७४,४२,०००/- खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १३.६८ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.०३ प्रतिशत चालु र ३१.०४ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमुलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकासमा हुनुपर्ने उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार १५ वडाको लागि वडागत र पालिकास्तरका कुल २५६ योजनामा बजेट विनियोजन गरेको छ।

| क.सं | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना संख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना संख्या | रु.५ लाख भन्दा कमका योजना संख्या | कार्यान्वयन भएका योजना संख्या | कार्यान्वयन नभएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय | ११७ | ४१ | ५२ | २४ | ११७ | - |
| २ | वडा स्तरीय | १३९ | - | ३८ | १०० | १३८ | १ |
| | जम्मा | २५६ | ४१ | ९० | १२४ | २५५ | १ |

उपर्युक्त विवरण अनुसार २५६ वटा योजना मध्ये ५ लाखभन्दा न्युन योजना संख्या १२४ अर्थात ४८.८२ प्रतिशत रहेको, ५ देखि २० लाखसम्म ९० वटा अर्थात ३५.१५ प्रतिशत रहेको तथा २० लाखभन्दा ठुला ४१ अर्थात १६.०१ प्रतिशत मात्र रहेको देखिन्छ पालिकाले विनियोजन गरेका योजना मध्ये १ योजना कार्यान्वयन भएको छैन। पालिकाको नीति तथा कार्यक्रममा टुक्रे आयोजना संचालनलाई निरुत्साहित गर्दै न्युनीकरण गरिने उल्लेख भएतापनि अधिकांश योजना बजेट छर्ने प्रबृत्ति अनुरुपको रहेको देखिन्छ। यसरी न्युन बजेटको योजना कार्यान्वियनले योजनाबाट प्रतिफल प्राप्त नहुन सक्ने, लागत प्रभावी नहुने, सुपरीवेक्षणमा ध्यान दिन कठिनाइ हुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण तथा छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

१२ **लक्ष्य प्रगति विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नियमानुसार जुनसुकै कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । प्रतिशतको आधारमा योजनातगत प्रगति विवरण माग गर्दा पेश हुन आएन।

१३ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ३६ वटा सहकारी संस्था रहेका मध्ये २६ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला नगरेको पालिकाले जनाएको छ । यस आ.ब मा १३ वटा सहकारी संस्थाको पालिकाबाट अनुमगन भएको जनाएतापनि पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पालिकाले स्थानीय आवश्यकता समेत विश्लेषण गरी कार्यसंचालन तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम राख्दै अन्य क्षेत्रमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

| क्र.सं. | क्षेत्रगत विवरण | बजेट | खर्च | कुल बजेटमा प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७३२१०००. | २४९००१३३ | ३.३४ |
| २ | सामाजिक विकास | ४१४८७०७०४ | ३६५२४३७६८.१ | ३७.२३ |
| ३ | पूर्वाधार विकास | ३७२७९२२७१ | २७३१२९६६७ | ३३.४५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १७४४३००० | ११८८३६७३ | १.५६ |
| 5 | कार्यालय सञ्चालन तथा प्रशासनिक | २७१८७३०२५ | २४८०४०८५७.३ | २४.३९ |
| | जम्मा रकम | १११४३००००० | ९२३१९८०९८.४ | १०० |

## १५ त्रैमासिक खर्च विश्लेषण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यन्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाको त्रैमासिक खर्चको विवरण यस प्रकार रहेको छ।

(रकम रू. हजारमा)

| क्र.स | बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | कुल खर्च रकम | ९२७४४२ | १९६४७१ | १५०८३६ | १६२८२६ | ४१७३०७ | २२६४२४ |
| २ | पुँजीगत खर्चतर्फ | २८७१६३ | ५५८२१ | ३३२२९ | ४५११७ | १५२९९४ | ९१०३५ |
| ३ | पुँजीगत खर्च प्रतिशत | ७३ | १९ | १२ | १६ | ५३ | ३१ |

• पालिका पुँजीगतमा रु.३९,२६,०३,०००।-विनियोजन भएकोमा खर्च जम्मा रु.२८,७१,६३,०००।- मात्र भएको देखिन्छ।जुन कुल बजेटको ७३ प्रतिशत रहेको छ।

• खर्चको प्रवृत्ति हेर्दा कुल खर्चको तुलनामा पालिकाको पहिलो त्रैमासिकमा १९% खर्च भएको, दोस्रो त्रैमासिकमा १२% खर्च भएको, तेस्रो त्रैमासिकमा १६% खर्च भएको, छ भने चौथो त्रैमासिकमा ५३% खर्च भएको देखिन्छ।

• यस वर्ष पनि पालिकामा वर्षको अन्तिममा मात्र खर्च गर्ने परिपाटी कायम रहेको देखिन्छ।

• आषाढ महिनामा कुल खर्चको ३१ प्रतिशत खर्च भएको देखिएकोले यस्तो किसिमको वर्षान्तमा खर्च हुने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

यसरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने गर्दा हतारमा गुणस्तरीय कार्य नहुन सक्ने, अनुगमन प्रभावकारी नहुन सक्ने लगायतको समस्या देखिने हुनाले समानुपातिक रुपमा खर्च गर्नुपर्ने तथा आर्थिक वर्षको अन्तमा मात्र खरिद गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

## १६ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७२,०५,६४,११७ | १२,६८,९३,४७९ | १७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७ **नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा (१) मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने तथा स्थानीय तहले पालिकावाट पारित नीति तथा कार्यक्रम अन्तर्गत रही योजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।पालिकावाट कार्यान्वयन भएका तथा नभएका मुख्य ५ नीतिगत कार्यक्रम सम्बन्धमा विवरण माग गर्दा पेश हुन आएन।

१८ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पालिकाकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमनको अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धीको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले खर्च गर्ने मापदण्ड निर्धारण गरेको देखिएन। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामाग्री, लघुउद्यम विकास सम्बन्धी सामाग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश गरी स्पष्ट आधार तथा विवरण राखेको छैन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता तथा नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०८१।८२ को बजेट कार्यन्वयन मार्गदर्शनले तोकेअनुसार बैंकखातामार्फत मात्र भुक्तानी दिनुपर्नेमा विभिन्न कर्मचारीले भुक्तानी लिई खर्च लेख्ने तथा खर्च गरी शोधभर्ना लिने गरेको देखियो।

• आन्तरिक आम्दानीको यथार्थमा आधारित अनुमान गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३ वमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महसुलको स्थानीय न्युनतम दररेट तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सम्पुर्ण सामाग्रीहरुको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्नसक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा हालसम्म ऐन, नियमावली, कार्यविधि, निर्देशिका र नर्म्स तयार गरेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम ठुलो रकम बेरुजु कायम रहेकोमा फस्यौटको लागि पर्याप्त पहल गरेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### १९ कानुन निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले आ व २०८०।८१ सम्ममा १८ वटा ऐन, नियम, कार्यविधि र यस वर्ष १८ वटा कानुन स्वीकृत भएको देखियो । निर्मित कानून मध्ये ११ वटा कार्यविधि तथा निर्देशिका राजपत्रमा प्रकाशित हुन बाँकी रहेको छ ।पालिकाले निर्मित भएका कानुन तथा कार्यविधिको नियमानुसार राजपत्रमा प्रकाशित गरी उक्त कानुन तथा नियमहरुको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा पालिकाले अनुगमन प्रतिबेदन गरेको देखिदैँन।

### २० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण बमोजिम १४ वटा उजुरी अघिल्लो आ.ब बाट जिम्मेवारी सरेका, यस आ.ब मा ३८० उजुरी परेकोमा २७७ वटा उजुरी फछर्यौट तथा ११७ वटा फछर्यौट हुन बाँकी भएको विवरण पेश भएकोमा नियमानुसार उजुरी व्यवस्थापन हुनुपर्दछ ।

### २१ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । पालिकाबाट नागरिकता सिफारिस, नाता प्रमाणित, व्यक्तिगत घटना दर्ता, अन्य सिफारिस लगायतको विवरण माग गरेकोमा पेश हुन आएन।

२२ **सामुदायिक वनबाट आय**

सामुदायिक वनबाट आयः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा वन पैदावार बिक्री वापत हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नो क्षेत्रभित्रको १३ वटा सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावार बिक्री वापत हुने गरेको रकम सम्बन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

२३ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले जिन्सी निरीक्षणबाट लिलाम गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने भनी औँल्याइएको मालसामानहरुको नियमावली बमोजिम जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा संघीय दरबन्दी र पालिका दरबन्दी सहित कुलम ३६० जनाको दरबन्दी भएकोमा मेडिकल सुपरीटेण्डेन्ट सहित ८३ जनाको दरबन्दी रिक्त रहेको विवरण पेश भएको छ।

२५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्ने, दफा ७७(२) आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आर्थिक वर्ष २०८१।८२ को खर्च तथा आम्दानीको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । यस सम्बन्धमा जिम्मेवार पदाधिकारीले ध्यान दिइ कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

२६ **तलबी प्रतिवेदन पारित नभएको**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्बर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तथा पालिका तर्फका स्थायी कर्मचारीको तलब भत्ता भुक्तानी गरेको छ । तलबी प्रतिबेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिबेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **नगर विकास कोषको ऋण तथा व्याज**

कोहलपुर नगरपालिकाले नगर विकास कोषबाट विभिन्न आयोजनाका लागि लिएको ऋण तथा सोको व्याजको यथार्थ अभिलेख राखेको देखिएन। नगर विकास कोषवाट प्राप्त विवरण अनुसार नगरपालिकाले हालसम्म साँवा बापत रु. १९,९२,८८,८६२.९० र व्याज बापत

रु. ४,३२,६५,७१०.०० गरी कुल रु. २४,२५,५४,५७२.९० भुक्तानी गर्न बाँकी रहेको देखिन्छ। यसरी ठुलो परिमाणको दायित्वको स्रेस्ता अध्यावधिक नगर्नु र समयमै साँवा तथा व्याज भुक्तानीमा ध्यान नदिनुले नगरपालिकाको वित्तीय जोखिम बढ्ने र थप हर्जाना लाग्ने अवस्था सिर्जना हुनसक्ने भएकोले कोषसँग समन्वय गरी ऋणको हिसाब मिलान गर्ने र निश्चित कार्ययोजना बनाई रकम फरफारक गर्नुपर्ने देखिन्छ।

२८ **उपभोक्ता समितिबाट खरिद व्यवस्थापन**

पालिकाले यस वर्ष संचालित भएका अधिकांश निर्माण कार्यको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका सैद्धान्तिक व्यहोराहरु निम्नानुसार रहेका छन्।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिको आमभेला गठनको लागि प्रस्तावको सुचना संलग्न, आमजनले पेश गरेको प्रस्ताव लगायतको कागजातहरु पेश गरेको देखिएन। विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक भएको देखिने प्रमाणकागजातहरु व्यवस्थित गर्नेतर्फ ध्यान दिनपुर्ने देखियो ।

• खर्च अनुमोदन;- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गरिएका पालिकाबाट संचालित योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्दा योजनाको विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आयोजना हस्तान्तरण कार्यविधि तयार नगरेको तथा सम्पन्न भएका कुनै पनि योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल, योजना सम्पन्न पश्चातको प्रतिकृया, आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायतको व्यहोरा सहित अपनत्व कायम हुने गरि सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यबिधि तयार गरी सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

• निर्माण कार्यको समय र गुणस्तर – सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरीयता लगायतको बिचार गरी निर्माण समयाबधी कायम गर्नुपर्दछ । पालिकाले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण कार्य गर्दा सडक, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अबधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । नमुना छनौट अनुसारको परीक्षणमा उपभोक्ता समितिबाट भएको खरिद व्यवस्थापनमा गुणस्तर परीक्षण गरेको नदेखिएकोले गुणस्तरीयता समेत यकिन गरी कार्य गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

• डोर हाजिरः पालिकाले उपभोक्ता समितिबाट सम्झौता गराइ कार्य गर्दा तोकिएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्णरुपमा भर्नुपर्दछ । पालिकासँग भएको सम्झौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिले डोर हाजिरमा उल्लिखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । महालेखापरीक्षकबाट स्वीकृत डोरहाजिरी फारम भरी प्राविधिक नर्म्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलव्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ ।

• नापी किताब प्रबिष्टी एवं अभिलेख:- निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. ५०३ मा उल्लेख भएको ब्यवस्था अनुसार पछिल्लो कार्यको लागि समेत सुचना लिन मिल्नेगरी नापी किताव अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) बमोजिम श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

२९ **ग्राभेल तथा माटो पुर्ने कच्ची प्रकृतिको कार्य गराएको**

पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा यस वर्ष केही योजनाहरु माटो तथा ग्राभेलको कार्य हुने गरी छनौट तथा कार्यान्वियन गरेको छ। रोलिङ, ग्रेडिङ , लेभलिङ समेतको दर समावेश गरी तयार भएको दर विश्लेषण अनुसार ग्राभेलको नापी परिमाण संलग्न गरि भुक्तानी दिएको छ। लागत अनुमान अनुसारकै नापी संलग्न भएको देखिएतापनि केही योजनाहरुको रोलिङ, ग्रेडिङ , लेभलिङ लगायतको कार्यको पुष्टि गर्ने पर्याप्त प्रमाण तथा तस्विरहरु श्रेस्तासाथ समावेश गरेको देखिंदैन । माटो तथा ग्राभेलको कार्य प्रत्येक वर्ष गर्दा योजनाको स्थान दोहोरिन सक्ने, आन्तरिक नियन्त्रण प्रणाली कमजोर भई वढी भुक्तानी हुन सक्ने तथा दिर्घकालीन तथा टिकाउपना समेत नहुने हुनाले पालिकाले योजना छनौट तथा कार्यान्वियन गर्दा ध्यान दिनुपर्ने र पुर्वाधार निर्माण तर्फ कार्य गर्दा कच्ची भन्दा पक्की प्रकृतिको संरचनाको योजना छनौट गर्नुपर्ने देखिएको छ । नमूना छनौट गरी परिक्षण गर्दा यसवर्ष ग्राभेल तथा माटो पुर्ने कार्यमा भएका भुक्तानीहरु देहाय अनुसार रहेका छन्:-

**(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३० **ज्ञानज्योति मा.वि.मा समाग्री सहयोग**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । विद्यालय र टेक्नोलिङ्क ईन्टरप्राईजेज सेन्टर बिच स्मार्ट बोर्ड खरिद सम्झौता भई गो.भौ.नं. १२६२-०८२।०२।२६ बाट रु.४,००,००० भुक्तानी भएकोमा स्पेशिफिकेशनमा उल्लेखित कम्तिमा २ वर्षको वारेन्टी अवधिको संरक्षणको लागि वारेन्टी प्रमाणपत्र संलग्न नभएको तथा लागत अनुमान बनाई स्पेशिफिकेशन सहित खरिद गर्नुपर्नेमा लागत अनुमान बेगर खरिद गरेकोले नियमावलीको व्यवस्था बमोजिम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

३१ **वृत चित्र निर्माण** (415-2081-08-06):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरि वा अन्य कुनै प्रकारले प्राप्त भएको जिन्सी मालसामानको उपयुक्त वर्गीकरण अनुसार आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले भिडियो डकुमेन्ट्री निर्माण गरी आर.के.सी डिजिटल प्रा.लि.लाई भुक्तानी रु.१,६९,००० गरेकोमा जिन्सी दाखिला गर्दा खर्च भएर जाने अन्तर्गत

दाखिला गरेको देखिन्छ । पालिकाले विगतमा बनाएका भिडियो डकुमेन्ट्रीहरुको अभिलेख समेत नराखेको र यस वर्षको डकुमेन्ट्री समेत खर्च भएर जाने सामान अन्तर्गत दाखिला गरेकोले खर्च भएर नजाने अन्तर्गत दाखिला गरी सोको उपयोगिता र संरक्षण सम्बन्धमा उचित प्रबन्ध गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६९,००० |

३२ **घरनक्सा पास अभिलेख सफ्टवेयर खरिद**

नगरपालिका र निन्जा ईन्फोसिस प्रा.लि.बीच योजना सम्बन्धी प्रणाली सफ्टवेयर खरिद गर्न मिति २०८०।०९।२३ मा भएको सम्झौता बमोजिम मिति २०८०।१२।१६ मा कार्यसम्पन्न गरी गो.भौ.नं. २३१-०८१।०६।२१ बाट रु.४,९३,६९७ भुक्तानी भएकोमा सोको परीक्षणबाट देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्,

३२.१ **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्म्स स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । यस कार्यको लागि रु.४,९९,१४८.०६ को लागत अनुमान तयार गरेकोमा स्वीकृत नर्म्स बेगर निर्धारिण गरेको देखिन्छ । नर्म्स निर्धारिण गरी लागत अनुमान तयार गर्नु पर्दछ ।

३२.२ **कार्यविवरणको कार्यान्वयन :** सफ्टवेयर खरिद सम्झौताको दफा ८ मा सफ्टवेयरको Data Source Code Installation नगरपालिकाको सर्भरमा गर्नुपर्ने तथा gov domain तथा नेपाल सरकारको केन्द्रीय सर्भर, G-Cloud मा समेत Host/Backup गर्नुपर्ने व्यवस्था रहेको तथा दफा ११ मा प्राविधिकले TOR बमोजिमको प्रणाली तयार भए नभएको सम्बन्धमा परीक्षण गरी प्रतिवेदनका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा सम्झौताको दुवै दफाको पालना गरी भुक्तानी भएको देखिएन। सफ्टवेयरको स्वामित्व र नियन्त्रण पालिकासँग नआएको अवस्थामा दीर्घकालिन कार्यान्वियन सुनिश्चितता बेगर सफ्टवेयर खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३३ **नगरस्तरीय युवा संजालमार्फत युवा सम्मेलन कार्यक्रम** (49-2082-01-08):

नगरपालिका र कोहलपुर नगरस्तरीय युवा क्लब सञ्जाल बिच युवा सम्मेलन आयोजना गर्न २०८१।१०।२५ मा सम्झौता भई फागुन १५ देखि १७ सम्म कार्यसम्पन्न भएको अवस्थामा कोहलपुर नगर स्तरीय युवा क्लब संजाल गो.भौ.नं. ४९-०८२।०१।०८ बाट रु.१,५०,००० भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्,

**कार्यसम्पन्न प्रतिवेदन :** नगरपालिका र नगरस्तरीय युवा क्लब सञ्जालबीच भएको सम्झौताको दफा ४ मा रकम माग गर्दा कार्य सम्पादन भएको प्रमाणित हुने बिल भरपाई सहितको कार्यसम्पन्न प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्ने उल्लेख छ । क्लबले प्रस्तावनामा रु.१८,१७,५०० लागत प्रस्ताव गरेकोमा यथार्थ आम्दानी र खर्च सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन । साथै कुन प्रायोजकले कुन खर्च शिर्षकमा सहयोग गरेको हो सो समेत खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । नगरपालिकाबाट क्लबसँग सम्झौता गर्दा समेत एकमुष्ठ बजेट विनियोजन मात्र उल्लेख गरी पालिकाले कुन शिर्षकमा खर्च व्यहोर्ने हो सोको खुलासा हुने गरी सम्झौता गरेको देखिदैन । क्लबले खर्च भुक्तानी माग गर्दा खाना, खाजा, प्रमाणपत्र र छपाई वापतको खर्चमा रु.१,६२,००० को बिल बिजक पेश गरेकोमा खाना खाजाको खर्च मात्र रु.१,०८,००० रहेको देखिन्छ । उल्लिखित अवस्थाले क्लबको खर्चको जिम्मेवार निकाय र खर्चको पारदर्शिता सम्बन्धमा सिमितता आएकोले नगरपालिकाले सम्झौता गर्दा आफ्नो बजेटको खर्च क्षेत्र स्पष्ट गर्नुपर्ने तथा क्लबबाट प्रायोजकगत आम्दानी र सोको खर्चको विवरण खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन लिनुपर्दछ ।

३४ **भू-उपयोग योजना तथा क्षेत्र वर्गिकरण**

नगरपालिका र डि.वाई.डी. ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. नेपालगंज बिच कोहलपुर नगरपालिकाको भू-उपयोग योजना तथा क्षेत्र वर्गिकरण गर्ने कार्यका लागि मिति २०८१।१२।१५ मा सम्झौता भई गो.भौ.नं. १५१३-०८२।०३।२४ र ४४-०८२।०३।२५ बाट रु.१५,७७,४८० र रु.३,९४,३२० भुक्तानी भएकोमा सोको परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्,

३४.१ **लागत अनुमान:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्म्स स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको देखियो । यस कार्यको लागि रु.१९,८७,९६८.८९ को लागत अनुमान तयार गरेकोमा स्वीकृत नर्म्स बेगर निर्धारण गरेको देखिन्छ । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

३४.२ **सम्झौताको कार्यान्वयन:** पालिका र परामर्शदाताबिच भएको सम्झौताको कार्यविवरण खण्डको दफा ८ मा परामर्शदाताले सम्झौतामा हस्ताक्षर भएको मितिले २ हप्तापछि Inception report, ८ हप्तापछि Draft Report र Draft Report पेश गरेको ६ हप्तापछि अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा परामर्शदाताले Inception report र Draft Report पेश नगरी मिति २०८२।०३।२२ मा अन्तिम प्रतिवेदन पेश गरी एकमुष्ठ भुक्तानी लगेको देखिन्छ । यसरी उल्लिखित प्रतिवेदन सम्झौताको व्यवस्था बमोजिम पेश नहुँदा परामर्शदाताको कार्यमा अनुगमन र नियन्त्रणमा सिमितता आएको देखिन्छ ।

३४.३ **कार्यविवरण र कार्यान्वयन:** परामर्शदाता र पालिकाबिच भएको सम्झौताको कार्यविवरण खण्डको दफा ४ को Land Use Zoning, Principles and Criteria मा "Identification and Protection of prime land areas for suitable agricultural crop production" लाई प्रमुख सिद्धान्तको रुपमा लिई अध्ययन गर्ने तथा Land Use Classification Criteria मा "Agriculture area should be referred to the other categories only if it can't give a good production of crop" उल्लेख भएको छ । तर परामर्शदाताले मिति २०८२।०३।२२ मा पेश गरेको अन्तिम प्रतिवेदन अनुसार तपसिल बमोजिम भू-उपयोग र क्षेत्र वर्गिकरण प्रस्ताव गरेको देखिन्छ ।

| क्र.सं. | भू-उपयोग क्षेत्र | वर्तमान भू-उपयोग | | प्रस्तावित भू-उपयोग र क्षेत्र वर्गिकरण | |
|---|---|---|---|---|---|
| | | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
| १ | कृषि क्षेत्र | ३९.७४७ | २१.५७ | १५.९२९ | ८.६४ |
| २ | आवासीय क्षेत्र | १२.९७८ | ७.०४ | ३४.७८१ | १८.८८ |

उल्लिखित तालिका बमोजिम अध्ययनबाट कृषि क्षेत्र २१.५७ प्रतिशतबाट घटेर ८.६४% प्रस्ताव गरेको देखिन्छ भने आवासीय क्षेत्र ७.०४% बाट बढाएर १८.८८ प्रतिशत प्रस्ताव गरेको देखिन्छ । परामर्शदाताको कार्यविवरणमा उल्लेखित सिद्धान्त र मापदण्ड विपरित देखिने गरी कृषि क्षेत्रको संरक्षणमा सिमितता सहितको निष्कर्ष र सुझाव अध्ययन प्रतिवेदनले दिएकोले यसको कार्यान्वियनयोग्यता र अध्ययनको उद्धेश्य पूर्तिमा सुनिश्चितता हुनुपर्दछ ।

## ३५ खरिद प्रतिस्पर्धा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार यो ऐन र अन्तर्गत बनेको नियम बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। नगरपालिकाले सेवा र परामर्श बजेट शिर्षकबाट तपसिलबमोजिमका कार्यमा परामर्श सेवा खरिद गर्दा सम्भावित प्याकेज तयार नगरी ३ वटा योजनाको लागि प्रस्ताव माग गरी योजनागत रुपमा खरिद गरेको देखियो । सम्भावित प्याकेज समेत तयार गरी खरिद व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | बजेट शिर्षक | खरिद विवरण | लागत अनुमान | सम्झौता मिति | परामर्शदाता | भुक्तानी रकम | गो.भौ. र मिति |
|---|---|---|---|---|---|---|---|
| १ | सेवा र परामर्श | एकद्धार प्रणाली सम्बन्धी सफ्टवेयर | रु.४,९९,४८८.२५ | ०८२।०२।२२ | विजनेस अनलाईन सर्भिस विरेन्द्रनगर | रु.४,९४,६०१ | १४७१-०८२।०३।२३ |
| २ | सेवा र परामर्श | आन्तरिक दर्ता प्रणाली सफ्टवेयर | रु.४,९९,५२७.८० | ०८२।०२।१४ | न्यू ईरा मिडिया एण्ड एडभर्टाईजिङ्ग प्रा.लि | रु.४,९२,३४१ | १४१२-०८२।०३।१६ |
| ३ | सेवा र परामर्श | योजना सम्बन्धी सफ्टवेयर | रु.४,९९,९९८.७५ | ०८२।०३।१२ | निन्जा ईन्फोसिस प्रा.लि | रु.४,९२,०४७ | १४०६-०८२।०३।१५ |
| **जम्मा** | | | | | | **१४,७८,९८९** | |

३६ **८०५५७४०१३१४ उद्योग सहकारी तथा उपभोक्ता हित संरक्षण**

३६.१ (2-2082-03-13):
**दुनाटपरी बनाउने तालिम :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिका र बैभवलक्ष्मी महिला वहुउद्धेश्ययी सहकारी संस्थाबिच दुना टपरी बनाउने तालिमका लागि मिति २०८१।११।०४ मा सम्झौता भएकोमा २०८१ माघ १७ देखि २० सम्म चार दिनसम्म तीन सहभागीलाई तालिम दिएको प्रमाण संलग्न गरी रु.२,०५,२४२.९८ खर्च भएको बिल बिजक र विवरण पेश गरेको छ । सोही विवरणका आधारमा पालिकाले लागत साझेदारीको रु.१,००,००० सहकारीलाई भुक्तानी भएको देखिन्छ । सहभागी संख्या र खर्च विवरण अनुसार तालिमको कच्चापदार्थ खपतमा लागत अधिक देखिएकोले सहकारीले कच्चापदार्थ खपतमा खर्च लेखेको रु.१,४२,६९२.९८ पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा लागत साझेदारी वापतको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७१,३४६ |

३६.२ **जिन्सी दाखिला :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरि वा अन्य कुनै प्रकारले प्राप्त भएको जिन्सी मालसामानको उपयुक्त वर्गिकरण अनुसार आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ। उल्लिखित बमोजिमको कार्यक्रममा टपरी बनाउने डाई मेशिन रु.३६,००० मा खरिद गरेको बिल पेश गरेकोले उक्त सामान सम्बन्धित सहकारीमा जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,००० |

३७ **अध्ययन प्रतिवेदन र सफ्टवेयरको जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरि वा अन्य कुनै प्रकारले प्राप्त भएको जिन्सी मालसामानको उपयुक्त वर्गिकरण अनुसार आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले तपशील बमोजिम अध्ययन प्रतिवेदन र सफ्टवेयर निर्माँण गरी भुक्तानी भएकोमा खर्च भएर नजाने शिर्षकमा जिन्सी दाखिला हुनुपर्नेमा खर्च भएर जाने अन्तर्गत दाखिला गरेकोले दीर्घकालीन रुपमा उपयोग गर्नुपर्ने अध्ययन प्रतिवेदन तथा सफ्टवेयरको सुरक्षा र उपयोग सुनिश्चितता नभएको देखिन्छ नगरपालिकाले यस्ता प्रतिवेदन र सफ्टवेयरहरुलाई उपयुक्त वर्गीकरणमा दाखिला गरी दीर्घकालिन उपयोग र संरक्षणको प्रबन्ध गर्नुपर्दछ ।

| क्र.सं. | अध्ययन प्रतिवेदन तथा सफ्टवेयरको विवरण | जिन्सी दाखिला मिति | भुक्तानी रकम | गो.भौ.न र मिति |
|---|---|---|---|---|
| १ | भू-उपयोग योजना तथा क्षेत्र वर्गिकरण | २०८२।०३।२४ | १९,७१,८५० | १५१३-०८२।०३।२४ र ४४-०८२।०३।२५ |
| २ | नगर यातायात गूरुयोजना निर्माण | २०८२।०३।२४ | १९,७०,७२० | १५१२-०८२।०३।२४ |
| ३ | एकद्धार प्रणाली सफ्टवेयर खरिद | २०८२।०३।२२ | ४,९४,६०१ | १४७१-०८२।०३।२३ |
| ४ | आन्तरिक दर्ता प्रणाली सफ्टवेयर खरिद | २०८२।०३।१३ | ४,९२,३४१ | १४१२-०८२।०३।१६ |
| ५ | पार्क निर्माणको विस्तृत परियोजना प्रतिवेदन | २०८१।०३।२४ | ४,८५,९०० | २२०-०८१।०६।२१ |
| ६ | योजना सम्बन्धी सफ्टवेयर | २०८२।०३।१५ | ४,९२,०४७ | १४०६-०८२।०३।१५ |
| ७ | घरनक्सा पास अभिलेख सफ्टवेयर | २०८१।०१।१२ | ४,९३,६९७ | २३१-०८१।०६।२१ |
| ८ | आवधिक विकास योजना तयार | २०८२।०३।२५ | १९,९१,०६० | ४३-०८२।०३।२५ |

३८ **नगर यातायात गूरुयोजना निर्माण**

नगरपालिका र डेल्कन ईन्टरनेशनल प्रा.लि. बिच कोहलपुर नगरपालिकाको नगर यातायात गूरुयोजना निर्माण गर्ने कार्यका लागि मिति २०८२।०१।१७ मा सम्झौता भई गो.भौ.नं. १५१२-०८२।०३।२४ बाट रु.१९,७०,७२० भुक्तानी भएकोमा सोको परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्,

३८.१ **लागत अनुमान:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्म्स स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको देखियो। यस कार्यको लागि रु.१९,९१,८०३.९९ को लागत अनुमान तयार गरेकोमा स्वीकृत नर्म्स बेगर निर्धारण गरेको देखिन्छ । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

३८.२ **जग्गा उपयोग तथ्यांकमा फरक :** नगरपालिकाले भू-उपयोग योजना तथा क्षेत्र वर्गिकरण अध्ययन गरेकोमा सो अध्ययनले देखाएको जग्गा उपयोगको तथ्यांक र नगर यातायात गूरुयोजना निर्माणमा विश्लेषण गरिएको तथ्यांकमा तपसिल बमोजिम फरक देखिन्छ ।

| क्र.सं. | भू-उपयोग क्षेत्र | भू-उपयोग योजना तथा क्षेत्र वर्गीकरण अनुसार | | नगर यातायात गूरुयोजना निर्माण अनुसार तथ्यांक | |
|---|---|---|---|---|---|
| | | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
| १ | कृषि | ३९.७४७ | २१.५७ | ४९.३७ | २६.८२ |
| २ | आवासीय क्षेत्र | १२.९७८ | ७.०४ | ६.३० | ३.४२ |

यसरी पालिकाबाट गराईएका दुई अध्ययनले फरक फरक तथ्यांकलाई आधार लिएकोले उक्त अध्ययनबाट प्राप्त नतिजा यथार्थ र कार्यान्वयनयोग्य भएको सम्बन्धमा एकिन हुनुपर्दछ । पालिकाले अध्ययनबाट प्राप्त सुझावको कार्यान्वयन सुनिश्चितता हुने गरी अध्ययन गराउनुपर्दछ ।

३८.३ **सम्झौताको कार्यान्वयन:** पालिका र परामर्शदाताबिच भएको सम्झौताको कार्यविवरण खण्डको दफा ५ मा परामर्शदाताले सम्झौतामा हस्ताक्षर भएको मितिले २.५ हप्तापछि Draft Report र आदेश दिएको ४ हप्तापछि अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा परामर्शदाताले Draft Report पेश नगरी मिति २०८२।०३।१४ मा अन्तिम प्रतिवेदन पेश गरी एकमुष्ठ भुक्तानी लगेको देखिन्छ । यसरी उल्लिखित प्रतिवेदन सम्झौताको व्यवस्था बमोजिम पेश नहुँदा परामर्शदाताको कार्यमा अनुगमन र नियन्त्रणमा सिमितता आएको देखिन्छ ।

३९ **सेवा खरिदको बिजक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिका र सेवा प्रदायकबीच तपशील बमोजिमको विभिन्न तालिम गर्न सेवा खरिद सम्झौता भएकोमा सेवाप्रदायकले कार्यसम्पन्न गरी भुक्तानी माग गरेकोमा फर्मको नामको बिजक जारी नगरी खर्चको बिल भरपाईका आधारमा भुक्तानी माग गरेको देखिन्छ । सेवा खरिद गरेको फर्म नाफामूलक संस्था भएकोले पालिकाबाट फर्मको बिजक वेगर भुक्तानी दिएको देखिन्छ। यस सम्बन्धमा पालिकासंग छलफल गर्दा लागत अनुमान अनुसार कार्यसम्पन्न भएको तथा खर्चको विल भरपाइ अनुसार करकट्टी समेत गरि भुक्तानी गरेको जानकारी प्राप्त भएको छ। यस्तो प्रकारको कार्य गर्दा नियमानुसार प्रतिस्पर्धात्मक पद्धतिबाट कार्य गरी सार्वजनिक खरिद कानुन बमोजिम सम्वन्धित फर्मकै करविजक जारी गराउनुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | कार्यक्रम | वडा नं. | सेवा प्रदायक संस्था | भुक्तानी रकम | गो.भौ.नं. र मिति |
|---|---|---|---|---|---|
| १ | महिला दलित आदिवासी जनजाती लक्षित सिलाईकटाई मुडा र गुडिया बनाउने तालिम | १ | रितु सिलाई कटाई प्रशिक्षण केन्द्र (६०१६९६०१७) | ३,८४,००० | १४८१-०८२।०३।२३ |
| २ | लक्षित समूहका लागि चेतनामूलक, आयमूलक र सीपमूलक कार्यक्रम | ५ | रितु सिलाई कटाई प्रशिक्षण केन्द्र (६०१६९६०१७) | २,३५,२९० | १४७२-०८२।०३।२३ |
| ३ | सिलाई कटाई तालिम | | रितु सिलाई कटाई प्रशिक्षण केन्द्र (६०१६९६०१७) | २,९८,००० | १६२-०८१।०६।१५ |
| ४ | व्युटिपार्लर तालिम | १४ | अप्सु व्युटिपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर (१२२८७१६५६) | १,९४,६१७ | १२४५-०८२।०२।२२ |
| ५ | खेलकुद प्रवर्द्धन कार्यक्रम | | अन्तराल मिडिया एण्ड ईभेन्ट म्यानेजम्यान्ट प्रा.लि.(६१०४९२७७८) | १,००,००० | १२०५-०८२।०२।१८ |
| ६ | सिलाई कटाई तालिम | ६ | कल्पना सिलाई कटाई प्रशिक्षण केन्द्र (६०३४३५२१२) | २,५५,५०० | १३२-०८१।०६।१० |
| ७ | गुडिया बनाउने तालिम | ५ | मनकामना गुडिया कुसन प्रशिक्षण केन्द्र (६०७०४३७३०) | १,९९,००० | १८१-०८१।०६।१८ |
| ८ | ब्युटीपार्लर ट्रेनिङ्ग | आर्थिक विकास | रेणु व्युटी पार्लर ट्रेनिङ्ग सेन्टर (६१०६७५६६१) | १,६३,००० | ५-०८२।०२।२६ |
| ९ | समरसेवल मोटर तालिम | आर्थिक विकास | गुरु गणपति ईलेक्ट्रिकल (६०७७३५३७४) | ९७,०२० | ९-०८२।०३।०९ |
| १० | मेशिन मर्मत तालिम | आर्थिक विकास | यस ट्रेनिङ्ग सेन्टर (६०२३१४३७८) | ९५,६८० | १०-०८२।०३।१६ |
| ११ | कफि सम्बन्धी तालिम | आर्थिक विकास | नेचर हव एण्ड क्याफे (१४२३१७१७८) | १,९८,२०० | ११-०८२।०३।१७ |
| १२ | व्युटीपार्लर तालिम | आर्थिक विकास | अप्सु ब्युटीपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर (१२२८७१६५६) | १,००,००० | १४-०८२।०३।२५ |
| १३ | स्वास्थ्य शिविर | महिला तथा बालबालिका | आर.एम हस्पिटल प्रा.लि. (६१०१३२०३८) | २,९९,००० | ४२-०८२।०३।१० |
| **जम्मा** | | | | **२६,१९,३०७** | |

४० **एकद्वार प्रणाली सफ्टवेयर खरिद**

नगरपालिका र विजनेस अनलाईन सर्भिस विरेन्द्रनगर सुर्खेतबीच एकद्वार सेवा प्रणाली सहित वडास्तरीय स्वचालन प्रणाली सफ्टवेयर खरिद गर्न मिति २०८२।०२।२२ मा भएको सम्झौता बमोजिम मिति २०८२।०३।११ मा कार्यसम्पन्न गरी गो.भौ.नं. १४७१-०८२।०३।२३ बाट रु.४,९४,६०१ भुक्तानी भएकोमा सोको परीक्षणबाट देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्,

४०.१ **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्म्स स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । यस कार्यको लागि रु.४,९९,४८८.२५ को लागत अनुमान तयार गरेकोमा स्वीकृत नर्म्स बेगर निर्धारण गरेको देखिन्छ । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ ।

४०.२ **सम्झौताको कार्यान्वयन:** सफ्टवेयर खरिद सम्झौताको दफा ९ मा सफ्टवेयरको Data Source Code Installation नगरपालिकाको सर्भरमा गर्नुपर्ने तथा gov domain तथा नेपाल सरकारको केन्द्रीय सर्भर, G-Cloud मा समेत Host/Backup गर्नुपर्ने व्यवस्था रहेको तथा दफा १२ मा प्राविधिकले TOR बमोजिमको प्रणाली तयार भए नभएको सम्बन्धमा परीक्षण गरी प्रतिवेदनका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा सम्झौताको दुवै दफाको पालना गरी भुक्तानी भएको देखिएन। सफ्टवेयरको स्वामित्व र नियन्त्रण पालिकासँग नआएको अवस्थामा दीर्घकालिन कार्यान्वियन सुनिश्चितता वेगर सफ्टवेयर खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## ४१ अन्य संस्था मार्फत कार्य गराएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्श सेवा खरिद गर्दा सार्वजनिक निकायमा कार्यरत जनशक्तिले नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरेर प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले स्थानीय दीर्घकालिन विकासमा सहयोग गर्ने प्रतिफलमूखी योजनाहरु छनौट गरी पालिकाको जनशक्तिको दक्षताले नभ्याउने भएको अवस्थामा अन्य निकाय मार्फत कार्य गराउनुपर्नेमा सार्वजनिक निकायका नियमित प्रकृतिका कार्यहरु अन्य संस्था मार्फत संचालन गरी भुक्तानी दिएको छ । तपसिल बमोजिमका कार्यहरु पालिकाको जनशक्तिबाट संचालन गर्न सकिनेमा अन्य निकाय मार्फत कार्य गराएकोमा यस्तो कार्य मितव्ययी हुने गरी व्यवस्थापन गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | गो.भौ. र मिति | भुक्तानी रकम | कार्य गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिलाई कटाई तालिम | १४३४-०८२।०३।१७ | २,५८,९४३ | त्रिवेणी विकास समाज | यस संस्थासँग तालिम सम्बन्धि प्राविधिक ज्ञान नभएको । |
| २ | माघी कार्यक्रम | १३९४-०८२।०३।१३ | ५०,००० | त्रिवेणी विकास समाज | सचेतना सम्बन्धी कार्यक्रम |
| ३ | राजश्व अभिवृद्धि कार्यक्रम | १२४४-०८२।०२।२२ | १,४२,६४८ | बागेश्वरी असल शासन क्लब | जनप्रतिनिधी र कर्मचारीलाई राजस्व सम्बन्धी तालिम |
| ४ | सचेतना अभिवृद्धि कार्यक्रम | ११७९-०८२।०२।११ | ९८,५०० | समाज सेवा संस्था | लागूपदार्थ दुर्व्यसनी सम्बन्धी सचेतनामूलक कार्यक्रम |
| ५ | ट्राफिक सचेतना अभिवृद्धि कार्यक्रम | ५५७-०८१।०९।१८ | ५०,००० | समाज सेवा संस्था | अभिमूखिकरण कार्यक्रम |
| ६ | जिविको उपार्जनका लागि व्यवसायिक लगानी कार्यक्रम | २७०-०८१।०७।०४ | १,४५,५०० | समाज सेवा संस्था | तालिम, सडक नाटक र कुखुराको चल्ला वितरण कार्यक्रम |
| ७ | शिक्षा तथा खेलकुद नीति र योजना निर्माण | २५१-०८१।०६।२२ | ५,००,००० | काठमाडौ विश्वविद्यालय, स्कुल अफ एजुकेशन | नीति मस्यौदा निर्माण |
| ८ | ब्युटीपार्लर तालिम | १४६-०८१।०६।१५ | १,७९,६३० | समाज सेवा संस्था | यस संस्थासँग तालिम सम्बन्धि प्राविधिक ज्ञान नभएको । |
| ९ | सिलाई कटाई तालिम | २३२-०८१।०६।२१ | १,९७,५०० | फातिमा फाउन्डेशन नेपाल | यस संस्थासँग तालिम सम्बन्धि प्राविधिक ज्ञान नभएको । |
| १० | आरन सम्बन्धि तालिम | ३४-०८२।०३।१६ | ४,००,००० | सम विकासका लागि सामाजिक अभियान | यस संस्थासँग तालिम सम्बन्धि प्राविधिक ज्ञान नभएको । |
| ११ | आत्महत्या दुरुत्साहन रोकथाम तथा नियन्त्रण सम्बन्धी विद्यालयस्तरीय सचेतनामूलक अभिमूखिकरण | ३२-०८२।०२।२८ | ९६,५०० | समाज सेवा संस्था नेपाल | तालिम तथा अभिमूखिकरण कार्यक्रम |
| १२ | विशेष क्षमता अभिवृद्धि तालिम | ४५-०८२।०३।१३ | ९२,००० | बाल क्लब संजाल | तालिम कार्यक्रम |
| १३ | सामुदायिक विद्यालयका लेखापाललाई लेखा तालिम | ११४-०८२।०३।१७ | ८५,०२० | बागेश्वरी असल शासन क्लब | तालिम कार्यक्रम |

४२ **आन्तरिक दर्ता प्रणाली सफ्टवेयर खरिद**

नगरपालिका र न्यू ईरा मिडिया एण्ड एडभर्टाईजिङ्ग प्रा.लि.बीच आन्तरिक दर्ता प्रणाली सफ्टवेयर खरिद गर्न मिति २०८२।०२।१४ मा भएको सम्झौता बमोजिम मिति २०८२।०३।११ मा कार्यसम्पन्न गरी गो.भौ.नं. १४१२-०८२।०३।१६ बाट रु.४,९२,३४१ भुक्तानी भएकोमा सोको परीक्षणबाट देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्,

४२.१ **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्म्स स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको देखियो । यस कार्यको लागि रु.४,९९,५२७.८० को लागत अनुमान तयार गरेकोमा स्वीकृत नर्म्स बेगर निर्धारण गरेको देखिन्छ । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ ।

४२.२ **सम्झौताको कार्यान्वयन:** सफ्टवेयर खरिद सम्झौताको दफा ९ मा सफ्टवेयरको Data Source Code Installation नगरपालिकाको सर्भरमा गर्नुपर्ने तथा gov domain तथा नेपाल सरकारको केन्द्रीय सर्भर, G-Cloud मा समेत Host/Backup गर्नुपर्ने व्यवस्था रहेको तथा दफा १२ मा प्राविधिकले TOR बमोजिमको प्रणाली तयार भए नभएको सम्बन्धमा परीक्षण गरी प्रतिवेदनका आधारमा भुक्तानी

दिनुपर्ने व्यवस्था भएकोमा सम्झौताको दुवै दफाको पालना गरी भुक्तानी भएको देखिएन। सफ्टवेयरको स्वामित्व र नियन्त्रण पालिकासँग नआएको अवस्थामा दीर्घकालिन कार्यान्वयन सुनिश्चितता वेगर सफ्टवेयर खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४३ **योजना सम्बन्धी सफ्टवेयर**

नगरपालिका र निन्जा ईन्फोसिस प्रा.लि.बीच योजना सम्बन्धी प्रणाली सफ्टवेयर खरिद गर्न मिति २०८२।०२।०७ मा भएको सम्झौता बमोजिम मिति २०८२।०३।१२ मा कार्यसम्पन्न गरी गो.भौ.नं. १४०६-०८२।०३।१५ बाट रु.४,९२,०४७ भुक्तानी भएकोमा सोको परीक्षणबाट देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्,

४३.१ **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नम्स स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको देखियो । यस कार्यको लागि रु.४,९९,९९८.७५ को लागत अनुमान तयार गरेकोमा स्वीकृत नर्म्स बेगर निर्धारण गरेको देखिन्छ । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ ।

४३.२ **कार्यविवरणको कार्यान्वयन :** सफ्टवेयर खरिद कार्यविवरणको दफा ३.७ मा सफ्टवेयरको Data Source Code Installation नगरपालिकाको सर्भरमा गर्नुपर्ने तथा gov domain तथा नेपाल सरकारको केन्द्रीय सर्भर, G-Cloud मा समेत Host/Backup गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविवरणको उक्त दफाको पालना गरी भुक्तानी भएको देखिएन् । सफ्टवेयरको स्वामित्व र नियन्त्रण पालिकासँग नआएको अवस्थामा कार्यान्वयन सुनिश्चितता बेगर सफ्टवेयर खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४४ **पार्क निर्माणको विस्तृत परियोजना प्रतिवेदन**

नगरपालिका र सुगी कन्सल्टेन्ट प्रा.लि. ललितपुरबिच वडा नं.८ मा सितल बनबाटिका तथा जैविक पार्क र वडा नं २ मा सिद्धि विनायक सामुदायिक वनमा आधुनिक पार्क निर्माणको डिपिआर कार्यका लागि मिति २०८१।०१।२० मा सम्झौता भई गो.भौ.नं. २२०-०८१।०६।२१ बाट रु.४,८५,९०० भुक्तानी भएकोमा सोको परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्,

४४.१ **लागत अनुमान:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्म्स स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । यस कार्यको लागि रु.४,९७,२२१.६९ को लागत अनुमान तयार गरेकोमा स्वीकृत नर्म्स बेगर निर्धारण गरेको देखिन्छ । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

४४.२ **सम्झौताको कार्यान्वयन:** पालिका र परामर्शदाताबिच भएको सम्झौताको कार्यविवरण खण्डको दफा ५ मा परामर्शदाताले सम्झौतामा हस्ताक्षर भएको मितिले १ हप्तापछि Inception report, ६ हप्तापछि Draft Report र Draft Report पेश गरेको २ हप्तापछि अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा परामर्शदाताले Inception report र Draft Report पेश नगरी मिति २०८१।०३।२३ मा अन्तिम प्रतिवेदन पेश गरी एकमुष्ठ भुक्तानी लगेको देखिन्छ । यसरी उल्लिखित प्रतिवेदन सम्झौताको व्यवस्था बमोजिम पेश नहुँदा परामर्शदाताको कार्यमा अनुगमन र नियन्त्रणमा सिमितता आएको देखिन्छ ।

४४.३ **योजना कार्यान्वयन :** उल्लिखित आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन मिति २०८१।०३।२३ मा प्राप्त भएकोमा आर्थिक वर्ष २०८१।०८२ तथा ०८२।०८३ मा समेत बजेट विनियोजन भई दुवै योजना कार्यान्वयनमा आएको देखिएन। आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन साथै, प्रतिवेदनको गुणस्तर, संरक्षण र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

४५ **सहकारी संस्थाको साझेदारीमा कोपोमिस तालिम संचालन (८०५५७४०१३१४ उद्योग सहकारी तथा उपभोक्ता हित संरक्षण)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३३ बमोजिम स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वियन गर्न नसकिने भएमा त्यस्तो कार्यक्रम सम्पन्न गर्नु नसक्नुको कारण तथा नयाँ कार्यक्रम संचालन गर्नुपर्ने आधार सहित कार्यक्रमको उद्धेश्य, लक्ष्य र बजेट अनुकुल हुने गरी कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयको अभिलेख बमोजिम ३६ वटा सहकारी दर्ता भएकोमा २६ सहकारी कोपोमिसमा दर्ता नभएको देखिन्छ । सोही विषयलाई मध्यनजर गर्दै बजेटमा सहकारी संस्थाको साझेदारीमा कोपोमिस तालिम संचालन गर्न कार्यक्रमको व्यवस्था गरेको देखिन्छ । तर उल्लिखित शिर्षकको बजेटलाई आर्थिक विकास शाखाबाट संशोधन गरी क्षमता विकास तालिम तथा अचार वनाउने तालिम संचालन गर्ने निर्णय गरी तपसिल बमोजिम सहकारीमार्फत लागत साझेदारीमा कार्य गराएको देखिन्छ । यसरी बजेटको उद्धेश्य विपरित हुने गरी पटक पटक संशोधन गरी तपसिल बमोजिम कार्य गराएको नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | बजेटको कार्यक्रम | संशोधित कार्यक्रम | सहकारी संस्था | भुक्तानी भएको रकम | गो.भौ.नं. र मिति | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|---|
| १ | सहकारी संस्थाको साझेदारीमा कोपोमिस तालिम संचालन | क्षमता विकास तालिम | बसोबास महिला बचत तथा ऋण सहकारी संस्था लि | ८०,००० | ३-०८२।३।१६ | सहकारी उप-शाखा |
| २ | सहकारी संस्थाको साझेदारीमा कोपोमिस तालिम संचालन | अचार बनाउने तालिम | जनजीवन महिला विकास बहुउद्धेश्ययी सहकारी संस्था | १,००,००० | ४-०८२।३।१७ | सहकारी उप-शाखा |
| | | | | | अनियमित भएको | १,८०,००० |

४६ **आवधिक विकास योजना तयार (८०५५७४०१३१४ उद्योग सहकारी तथा उपभोक्ता हित संरक्षण)**

नगरपालिका र बृक कन्सल्ट प्रा.लि. बीच कोहलपुर नगरपालिकाको आवधिक विकास योजना (०८२।८३-०८६।८७) तयार गर्नको लागि मिति २०८२।०१।२४ मा सम्झौता भई परामर्शदाताबाट २०८२।०३।२५ मा अन्तिम प्रतिवेदन पेश गरी गो.भौ.नं.४३-०८२।०३।२५ बाट रु.१९,९१,०६० भुक्तानी भएकोमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्,

४६.१ **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्म्स स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको देखियो । यस कार्यको लागि रु.१९,९९,०६१.३० को लागत अनुमान तयार गरेकोमा स्वीकृत नर्म्स बेगर निर्धारण गरेको देखिन्छ । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

४६.२ **सम्झौताको कार्यान्वयन:** पालिका र परामर्शदाताबिच भएको सम्झौताको कार्यविवरण अनुसार परामर्शदाताले सम्झौतामा हस्ताक्षर भएको मितिले १ हप्तापछि Inception report, Inception report पेश गरेको ४ हप्तापछि Field Report, २ हप्तापछि Draft Report र Draft Report पेश गरेको १ हप्तापछि अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा परामर्शदाताले Inception report, Field Report र Draft Report पेश नगरी मिति २०८२।०३।२५ मा अन्तिम प्रतिवेदन पेश गरी एकमुष्ठ भुक्तानी लगेको देखिन्छ । यसरी उल्लिखित प्रतिवेदन सम्झौताको व्यवस्था बमोजिम पेश नहुँदा परामर्शदाताको कार्यमा अनुगमन र नियन्त्रणमा सिमितता आएको देखिन्छ ।

४६.३ **आवधिक योजनाको कार्यान्वयन :** पालिकाले प्रथम आवधिक योजना ०७७।७८-०८१।८२ कार्यान्वयन गरिसकेको अवस्थामा दोस्रो आवधिक योजनाको रुपमा ०८२।८३-०८६।८७ तर्जुमा गर्न परामर्श सेवा लिएको देखिन्छ । आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा नीति कार्यक्रम आउनुपूर्व नै यस आवधिक योजना तयार गरिसक्नुपर्नेमा बजेट र नीति कार्यक्रम पारित भएपश्चात २०८२।०३।२५ मा अन्तिम प्रतिवेदन प्राप्त भएको साथै लेखापरीक्षण अवधी (०८२ मंसिर) सम्म नगरपालिकाबाट प्रमाणित भई अन्तिम रुप दिएको देखिदैन । जसले गर्दा आर्थिक वर्ष २०८२।०८३ का लागि आवधिक योजनाले प्रस्तुत गरेका कार्यक्रमहरु बजेट तथा नीति कार्यक्रमले समेट्न नसकी आवधिक योजनाको एक वर्ष प्रस्ताविक योजना बमोजिम कार्यान्वियन नहुने देखियो । यसरी पालिकाले समयमै आवधिक योजना

नल्याउँदा त्यसको उपयोग अधुरो हुने देखिएकोले यस्ता परामर्श सेवा लिँदा प्राप्त प्रतिवेदनको पूर्ण उपयोग सुनिश्चित हुने गरी प्रबन्ध गर्नुपर्दछ ।

## ४७ ह्याण्डपम्प तथा वोरिङ जडान

पालिकाले यस वर्ष बिभिन्न स्थानमा ह्याण्डपम्म तथा वोरिङ जडानवापत खर्च लेखेको देखियो। नमुना छनौट गरि परीक्षण गर्दा रु ५८ लाख ८९ हजारको लागत सम्झौतामा रु ४५ लाख १७ हजारको मूल्याँकन संलग्न गरी रु ४१ लाख ३३ हजार खर्च लेखेको छ । सार्वजनिक निकायले विकास निर्माण तथा योजना संचालन गरी खर्च लेख्दा सार्वजनिक हित तथा बहुउपयोग हुनेगरी गर्नुपर्नेमा सरकारी जमिनमा जडान भएको प्रमाण संलग्न गरेको देखिएन। निजी जमिन भएका सिमित व्यक्तिहरुको स्वामित्व हुनेगरी लाभग्राही छनौटको आधार समेत समावेश नगरी वितरणमुखी कार्यक्रम गरेको देखियो ।

| मिति | भौन | योजनाको नाम | वडा नं | लागत अनुमान | समझौता रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०१/ ०४/ २०८२ | २९९ | १४ नं वडास्थित विभिन्न गाउँ बस्तिमा खानेपानी धारा समरसियल धारा निर्माण कार्य | १४ | ५५९२७२ | ५५८५८४ | ४९९४१५ | ४ वटाविभिन्न स्थानमा जडान कार्य |
| ०१/ ०५/ २०८२ | ३०० | संलग्नकागजात अनुसार वडा नं ८ र १५ अकलघरुवामा समरसियल जडान गर्ने कार्य | ८र १५ | ३४८३७२ | ३४२८७० | ३४१७३८ | २ स्थानमा जडान |
| ०३/ ०६/ २०८२ | ३८९ | १५ नं वडा को विभिन्न टोल बस्तिमा समरसिय तथाखानेपानी धारा जडान कार्य | १५ | ५७२९५१ | ५५०९७९ | ४८१७०० | ३ स्थानमा जडान |
| ०३/ १५/ २०८२ | ४१० | १३ नं वडाको विभिन्न टोलमा समरसेल जडानकार्य | १३ | ११४८९८५ | ९४४५४१ | ९९५४२८ | विभिन्न ८स्थानमा जडान |
| ०६/ २१/ २०८१ | ७४ | गत आ ब मा १३ नं वडाको विभिन्न ठाउँहरुमासमरसेल बोरिङ्ग जडान तथा मर्मत कार्य | १३ | ३०२१७५६ | १८८६७८६ | १६०६०७८ | विभिन्न १५स्थानमा जडान |
| ०१/ १४/ २०८२ | ३०६ | सरस्वती सामुदायिक वनमा समरसियल धारा जडानकार्य | १३ | २३७९४३ | २३४२२६ | २०९४०१ | |
| | | | | ५८८९२७९ | ४५१७९८६ | ४१३३७६० | |

कार्यालयले भूमिगत जलश्रोत सम्बन्धी कार्य गर्दा कुनै कार्यविधि तयार गरेको देखिएन । गत विगत वर्षहरुमा समेत यस्तो प्रकारको कार्य भएको जानकारी प्राप्त भएकोमा यसप्रकारको वितरणमुखी कार्यका लाभग्राही व्यक्तिहरुको विवरणको लगत राखेको देखिएन। लाभग्राही छनौटको आधार र विवरण तयार नगरी विभिन्न समयमा वडाहरुबाट पटकपटक वितरणमुखी कार्य गर्दा एउटै व्यक्तिलाई दोहोरो नपरेको भनी सुनिश्चित हुने आधार देखिँदैन।भूमिगत जलश्रोत सम्बन्धी कार्य गर्दा कार्यविधि तयार गर्नुपर्ने तथा जि.पि.एस सहितको अभिलेखाँकन समेत गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४८ अन्य निकाय खर्च

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो कार्यक्षेत्र तथा अधिकार क्षेत्र अन्तर्गत मात्र सार्वजनिक श्रोतसाधन उपयोग गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले छुट्टै अस्तित्व र स्वामित्व भएको सम्बन्धित तालुक निकायबाटै बजेट विनियोजन हुने संघीय कार्यालय तथा केही सिमित व्यक्तिहरुलाइ लाभ हुने संस्थाको निर्माण कार्य समेत योजनामा समावेश गरी वजेट तथा कार्यक्रम तयार गरेको देखियो । तसर्थ स्थानीय सरकार संचालन ऐनको व्यवस्थाअनुसार कार्य नभएको देखिएकोले नियमसम्मत नदेखिएको रु

| बजेटशिर्षक | गो.भौ.नं/ मिति | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|---|
| नपापुजीगत | ३१७।०८२।१।२८ | शुसिल कोइराला स्मृति भवन निर्माण कार्यठेक्का नं.banke/komun/w/sq-०१/ २०८१/ ८२ | प्रशान्तनिर्माण सेवा | ११२५४५१ |
| नपापुजीगत | ४००।०८२।११।०३ | म सशस्त्रप्रहरी बल नेपाल न.४२ लाई निर्माण सामाग्री सहयोग | होम्सट्रेड प्राली | ९४००० |
| नपाचालु | ६३३।२०८१।१०।१३ | जिल्ला प्रहरी कार्यालय बाँके रंगरोगन कार्य | तेजश्री इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि | ३३८६१५ |
| नपाचालु | ८४१।२०८१।११।२८ | नेपाल APF स्कुलको मेश निमार्ण | नेपाल APF स्कुल | २९७४२९ |
| नपाचालु | ९२७।२०८१।१२।१२ | मालपोत कार्यालयको मोठ तथा श्रेस्ता ब्यान्डिङ | मालपोत कार्यालय, बाँके | २५०००० |
| नपाचालु | १४६६।२०८२।०३।२३ | सवारी साधन मर्मत | कोहलपुर इलाका प्रहरी कार्यालय | २००००० |
| | | | | २३०५४९५ |

| | |
|---|---|
| अनियमित भएको | २३,०५,४९५ |

४९ **विद्यालयबाट खरिद व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो कार्यक्षेत्र तथा अधिकार क्षेत्र अन्तर्गत मात्र सार्वजनिक श्रोतसाधन उपयोग गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले खरिद तथा निर्माणजन्य कार्यको लागि विभिन्न विद्यालयहरुलाइ रकम निकासा दिएकोमा विद्यालयले सम्वन्धित पक्षसँग सम्झौता गरी कार्य गराएको देखिएको छ । खरिदजन्य तथा सबै निर्माण व्यवसायीबाट हुने कार्यमा पालिकावाटै खरिद व्यवस्थापन गराउनुपर्नेमा विद्यालयहरुवाटै खरिद व्यवस्थापन गरी भुक्तानी दिएको, सम्भावित प्याकेज तयार नगरेको देखियो। पालिका प्रशासकीय अधिकृतबाट विद्यालयहरुसँग निर्माण तथा खरिद कार्यको लागि सम्झौता गरी विद्यालयमा रकम निकासा गराएको , विद्यालयबाट खरिद व्यवस्थापन र भुक्तानी कार्य गरेको तथा खरिदजन्य कार्यमा विद्यालयको उपस्थिति नियमसम्मत देखिएन। यस सम्बन्धमा पालिकासंग छलफल गर्दा यस आर्थिक वर्षबाट पालिकाबाट नै खरिद व्यवस्थापन हुनेगरि योजना तथा कार्यक्रम कार्यान्वयनमा ल्याइएको,गतविगतमा भएको कार्यमा पनि प्राविधिक सहयोग उपलव्ध गराइ कार्य गराएको जानकारी प्राप्त भएको छ । सार्वजनिक खरिद कानुनबमोजिम काम कर्तव्य तथा अधिकार समेतको विश्लेषण गरि कार्य गर्नुपर्ने देखिन्छ ।

| मिति | भौन | योजना | वडा नं | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम | लागतअनुमानको तुलनामा घटी प्रतिशत | संस्था/ निर्माणव्यवसायीको नाम | भुक्तानी पाउनेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| ०७/०७/२०८१ | १०९ | मा ४ नं वडा स्थित श्री जनचेतना आ वि मा अधुरोगेट तथा खेलमैदान निर्माण कार्य | ४ | २८६८९३ | २८४४३२ | २८३१६० | ०.८६ | तेजश्री इन्जिनियरीङ एण्ड कन्सट्रक्सन सप्लायर्स प्राली | जनचेतना आधारभुत विद्यालय गोहवा |
| ०७/१२/२०८१ | ११४ | श्री कृष्णमा वि कोहलपुर-०१ मा सि सि टि भि खरिद एंव जडान कार्य गरेबापतको रकम चालु आ व मा दायित्व सारी विद्यालयको खातामा निकासा गरेको | १ | ३६७७०३ | २७५५२२ | २७५५२२ | २५.०७ | टेक्नोलिङ्क इन्टरप्राइजेज प्राली | श्री कृष्ण माध्यमिक विद्यालय कोशिल नगर कोहलपुर १० |
| ०७/१३/२०८१ | ११९ | श्री सगरमाथा ज्ञानपुञ्ज मा वि कोहलपुर ४ मासि सि टि भी क्यामेरा जडान कार्य | ४ | ७२५१५४ | ६१२७२१ | ५९९९६२ | १५.५० | टेक्नोलिङ्क इन्टरप्राइजेज प्राली | श्रीसगरमाथा ज्ञान पुञ्ज मावि कोहलपुर ४ |
| ०८/०२/२०८१ | १२६ | श्री राम मा वि बैजानाथपुरमा सि सि टि भि खरिदगरि जडान कार्य | १४ | ९३५२५५ | ७४११९२ | ७४११९१ | २०.७५ | उग्रतारा इन्फोसिस नेपालगंज २ | श्री राममा वि बैजानाथ |
| ०८/०२/२०८१ | १२७ | श्री ज्ञान ज्योति मा वि मा सि सि टि भि खरिदगरी जडान कार्य | १२ | ९९९६६२ | ८३११३७ | ८३११३७ | १७ | उग्रतारा इन्फोसिस नेपालगंज २ | श्री ज्ञानज्योति मावि कोहलपुर १२ |
| ०८/०४/२०८१ | १२८ | श्री लक्ष्मी मा बि बर्दहवामा सि सि टि भिखरिद गरि जडान कार्य | २ | ९८३०९३ | ७५०७७५ | ७५०७७४ | २४ | टेक्नोलिङ्क इन्टरप्राइजेज प्राली | श्री लक्ष्मी मावि वर्दहवा |
| ०२/०८/२०८२ | ३३३ | ७ नं वडा स्थित श्री नेपाल राष्ट्रिय आधारभुतविद्यालयको मंच र बालबाटिका निर्माण कार्य | ७ | ४९९९५० | ४९८९८८ | ४९६२४९ | ० | पिल्लरकन्सट्रक्सन एण्ड सप्लायर्स टोखा | श्री नेपालराष्ट्रिय आधारभुत विद्यालय |
| २०८२/०२/३० | ३७६ | ४ नं वडा स्थित जनचेतना आ वि मा जिर्ण शौचालयमर्मत कार्य | ४ | १४९५७७ | १४०६४८ | १३८७०९ | ६ | जिपिसी अर्थमुभर्स कम्पनी प्राली | जनचेतना आवि गोहवा |
| ०८२।०२।२६ | १२६२ | ज्ञानज्योति मा.वि. | | नभएको | | ४००००० | ० | टेक्नोलिङ्क ईन्टरप्राईजेज | ज्ञानज्योति मा.वि. |
| ०८१।०८।०२ | ७ | त्रिभुवन माध्यामिक विद्यालय | | ८४३८९३ | ६७२७५० | ६७२७५० | २० | उग्रतारा ईन्फोसिस | त्रिभुवन माध्यामिक विद्यालय |
| | | | | ५७९११८० | ४८०८१६५ | ५१८९४५४ | | | |

५० **मिनिटिलर र पम्पसेट खरिद ३५।२०८२।०३।१७**

पालिकाले कृषि तर्फको यान्त्रीकरण सहयोग कार्यक्रम ५० प्रतिशत अनुदान खर्च शिर्षकबाट १९ थान मिनिटिलर र ८० थान पम्पसेट ठेक्का (BANKE/KOMUN/G/NCB-03/2081/82) मार्फत खरिद वापत वि डि एस नेपाललाई रू.७,९२,२५०/- भुक्तानी गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्न छन् ।

५०.१ **लागत अनुमानः** कोहलपुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियमावली,२०७६ को नियम १२ मा मालसामानको लागत अनुमान तयार गर्दा स्थानीय बजारमा प्रचलित दरभाउ, सामान आपूर्ति गर्ने स्थान सम्म लाग्ने ढुवानी खर्च, स्थानीय उद्योग बाणिज्य संघले जारी गरेको रेट तथा जिल्ला भित्रका अन्य पालिकाले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिका खरिद गर्दा लागेको बास्तविक लागतलाई आधार लिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ७.५HP को मिनिटिलर र ५.५ HP को पम्पसेट

खरिदको लागि स्पेशिफिकेसन बमोजिम लागत अनुमान तयार गर्दा रू.७००००/- र रू.१५०००/- बमोजिमको लागत अनुमान तयार गरेको पाइयो । यस सम्बन्धमा पालिकाले लागत अनुमान तयार लिएको आधार श्रेस्तासाथ संलग्न नभएकोले सो सम्बन्धमा एकिन हुन सकिएन ।

५०.२ **PDI रिपोर्टः** कोहलपुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियमावली,२०७६ को नियम १३२ बमोजिम खरिद सम्झौता बमोजिम नगरपालिकाले बिल, बिजक भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा गरिने व्यवस्था रहेको छ ।पालिकाले मिनिटिलरको स्पेशिफिकेसन तयार गर्दा Rated Power- 7.5 hp भएको तर सप्लायर्सले जारी गरेको सामानको बिलमा 7hp को मिनिटिलर आपूर्ति गरेको पाइयो । मिनिटिलर र सिँचाई मोटर खरिद वापतको रकम भुक्तानी गर्दा सो सप्लायर्सले खरिद सम्झौता बमोजिमको सामान आपूर्ति भए/नभएको सम्बन्धमा प्राविधिकबाट जाँच गराएको पाइएन जसले गर्दा स्पेशिफिकेसन बमोजिमको सामान प्राप्त भएको सम्बन्धमा एकिन हुन सकिएन ।

## ५१ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने, सोही नियमावलीको नियम ३९ (१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकबाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ। पालिकाको सुत्रमा भएको खर्च विवरण अनुसार यस आर्थिक वर्षमा निम्नानुसारको बजेट कम्पोनेन्ट शिर्षक अन्तर्गत ३१४ पटकको कारोवारमा गत आर्थिक वर्षको विल तथा प्रमाणकागजात संलग्न गरी रु ९,४४,५९,००० भुक्तानी गरेको देखियो। पुंजीगत तर्फको भुक्तानीमा गतवर्षको प्रमाणकागजात साथ खर्च पुष्टयाइ गर्ने दर विश्लेशण लगायतको कागजातहरु संलग्न गरिएको छैन । केही योजनाहरुको छोटो समयावधि राखी सम्झौता गरिने तथा समयमा कार्य सम्पन्न नभइ समेत भुक्तानी वाँकी रहेको देखिन्छ।गतविगतको कार्यको सम्बन्धित आर्थिक वर्षमा भुक्तानी नगरी पछिल्लो आर्थिक वर्षमा भुक्तानी गर्दा पुष्ट्याईं लगायतको जोखिम देखिने सम्भावना रहन्छ ।पालिकाले बजेट तथा कार्यक्रममा समावेश गरेर भुक्तानी दिएको देखिएतापनि सम्बन्धित प्रयोजनको भुक्तानी सम्बन्धित आर्थिक वर्षमै गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| शिर्षक | कारोवार संख्या | रकम | खर्चका प्रकृति |
|---|---|---|---|
| गत वर्षको दायित्व चालु | १७५ | ४६४६२००० | तलव, भत्ता, प्रशासनिक खर्च, तालिम कार्यक्रम आदी |
| गत वर्षको दायित्व पुँजीगत | १३९ | ४७९९७००० | विभिन्न योजना कार्यक्रम खरिद सम्झौता आदी |
| जम्मा | ३१४ | ९४४५९००० | |

## ५२ अवण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको शिर्षकमा रकम विनियोजन गरी विभिन्न मितिको कार्यपालिका निर्णय संलग्न गरी विभिन्न भुक्तानी दिएको देखियो । मिति २०८१।९।२६ को १६ औ नगरसभाको वुँदा १७,१८ तथा वुदा नं १९. मा नगरपालिकाको चालु आ.ब. २०८१/०८२ को बजेट, योजना तथा कार्यक्रममा विभिन्न योजनाहरु संशोधन गरी थप गर्ने उल्लेख गरी विभिन्न कार्यक्रमहरु समावेश गरी कार्य गरेको देखियो । साथै मिति २०८२।०३।७ को १७ औ नगरसभाको वुदा नं ७ मा २०८१ पौषदेखि २०८२ असार सम्म विभिन्न मितिमा नगरसभाबाट हुनेगरी भएका निर्णय तथा नगरप्रमुखको तोक तथा आदेशबाट भएका योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरेको देखियो । वजेट तथा

कार्यक्रम तयारी गर्दा सुरु वजेट विनियोजनको बखत नै योजना तथा कार्यक्रम बर्गिकरण गरि कार्य गर्नुपर्नेमा सो अनुरुप वजेट तथा कार्यक्रम तयार गरेको देखिएन ।

विभिन्न पटकको कार्यापालिका तथा विषयगत समितिको निर्णय अनुसार अवण्डा बजेटमा विनियोजित रकम कार्यपालिकाको पटके निर्णयबाट संचालित भएका योजना तथा कार्यक्रम पछिल्लो सभाको समर्थन गर्ने परिपाटिले स्थानीय सरकार संचालन ऐनको भावना तथा मर्म अनुरुप बजेट व्यवस्थापन, कार्यान्वयन तथा अनुगमन/ मुल्याँकन नहुने देखिन्छ । यस सम्बन्धमा जिम्मेवार पक्षले ध्यान दिइ नियमकानुनको मर्म तथा भावनाअनुरुप अवण्डामा बजेट राख्ने प्रबृत्तिलाइ निरुत्साहित गर्नुपर्ने देखिन्छ।

रु हजारमा

| विनियोजनस्तर | बजेटकम्पोनेन्ट नं | योजनाको नाम | विनियोजित वजेट | खर्च रकम | कारोवार संख्या | कारोवार प्रकृति |
|---|---|---|---|---|---|---|
| पालिका | ६७२.२१.१.७१५ | क्याम्पस, पुस्तकालय, विद्यालय तथा अन्य धार्मिक तथा सामाजिक स्थलहरुमा विविध पूर्वाधार निर्माण तथागुणस्तर अभिवृद्धि कार्यक्रम | २३९८८ | १००५५ | २० | फर्निचर सामाग्री खरिद तथा विद्यालय भवन निर्माण आदी |
| पालिका | ६७२.२१.१.९१ | विद्युत सरंचना निर्माण तथा विद्युतविकास सहकार्य | २००० | १००६ | २ | विद्युतमर्मत लगायतको कार्य |
| पालिका | ६७२.२१.१.९४ | क्याम्पस पुस्तकालय विद्यालय पूर्वाधारनिर्माण तथा गुणस्तर अभिवृद्धि कार्यक्रम | १०११ | १०११ | ६ | निर्माण कार्य |
| पालिका | ६७२.२१.१.७७ | विभिन्न वडाहरुमा ग्राभेल | १००० | ९३४ | १ | ग्राभेलकार्य |
| पालिका | ६७२.२१.१.६५ | नगरस्तरीय पूर्वाधार निर्माण | ५००० | १९६ | १ | पुर्वाधार निर्माण कार्य |
| पालिका | ६७२.२१.१.६१ | राजमार्ग जोडिएका मापदण्ड पुगेका सडकस्तरोन्नति | २००० | १४३१ | १ | निर्माण कार्य |
| पालिका | ६७२.२१.१.९० | भैपरी आउने पुँजिगत | २५०० | २४९३ | १६ | निर्माणतथाअन्य भुक्तानी कार्य |
| पालिका | ६७२.२१.१.७१० | भैपरी आउने पुँजिगत | २००० | २००० | ३ | विभिन्न निर्माण कार्य |
| पालिका | ६७२.२१.१.५१ | विभिन्न वडामा नालि निर्माण | ६४०० | ३२२३ | ५ | निर्माण कार्य |
| | | | ४५८९९ | २२३४९ | ५५ | |

## ५३ कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको वर्कचार्ज स्टाप तर्फ २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत कट्टा गरि विविध खातामा ट्रान्सफर गर्ने गरेको तथा उक्त खाताबाट खर्च गर्ने गरेको देखिएकोमा कन्टिन्जेन्सी खर्चको शिर्षकगत विवरण माग गरेकोमा पेश हुन आएन ।अत: यस्तो खर्च नियन्त्रण गरी योजनासंग सम्वन्धित आवश्यक खर्च मात्र कन्टिजेन्सीबाट खर्च गरी नियमकानुन अनुसार मात्र खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ५४ विल भरपाई तथा खर्चको पुष्ट्याईं

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७७ को नियम ३९(१०) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा देहायको भुक्तानीको प्रमाण संलग्न भएको नदेखिएकोले प्रमाण पेश हुनुपर्ने देखिएको रु

| मिति | भौन | योजनाको नाम | भुक्तानी रकम | भुक्तानी पाउने | कैफियत |
|---|---|---|---|---|---|
| ०६/ १५/ २०८१ | ६७ | लक्ष्मी प्लाष्टिक प्रा लि ले गत आ व माएचडिइपी पाइप उपलब्ध गराएबापत रकम चालुआ व मा दायित्व सारी भुक्तानी गरेको | ३४४७१७ | लक्ष्मीप्लाष्टिक्स प्राली | DN 63 र 75 mm खरिद गरेकोमा उपयोग नापी संलग्ननभएको |
| ०३/ १०/ २०८२ | ३९२ | रझेना खानेपानी वडा नं.३र ४ लाई खानेपानी पूर्वाधार निर्माण | ९९०२१७ | रमनट्रेडर्स | पाइप तथा अन्य सामाग्री उपभोक्ता समिति वडा नं ३ र ४ लाइ हस्तान्तरण गरेकोमा मुल्याँकनतथा कार्यसम्पन्न प्रमाण नभएको |
| | | | १३३४९३४ | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,३४,९३४ |

## ५५ फरक शिर्षकमा खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने र महालेखा नियन्त्रक कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४( दोश्रो परिमार्जन) अनुसार खर्चको शिर्षक वर्गिकरण गर्नुपर्ने तथा तोकिएको शिर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारको खर्च शिर्षक फरक पारि लेखेकोमा सभामार्फत समर्थन गरेको जनाएतापनि वजेटको खर्च शिर्षक तथा तोकिएको खर्च शिर्षकको आधारमा मात्र खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ।

| मिति | भौन | योजनाको नाम | संचालित कार्य | भुक्तानी रकम |
|---|---|---|---|---|
| ०१/ ०३/ २०८२ | २९५ | दिव्यविद्या सदन स्कुल देखि सिक्ता नहरसम्म जाने बाटोमा नाली निर्माण ( | ६ नं वडा स्थित चौतारी नगर टोलको विभिन्नबाटोहरुमा ग्राभेलकार्य | २९३१२७ |
| ०१/ १७/ २०८२ | ३०९ | डाँगीटोलनाली निर्माण | ३ नं वडा स्थित सुन्दर नगर टोलमा बाटो ग्राभेलकार्य | ६८५३८ |
| ०१/ २३/ २०८२ | ३१३ | वडाकार्यालय परिसरमा बाटीका निर्माण | ३ नं वडा स्थित गन्धैला टोलमा बाटो ग्राभेलकार्य | ८७९८८ |
| ०२/ २६/ २०८२ | ३७१ | वडाकार्यालयको अधुरो पर्खाल निर्माण | ६ नं वडा का विभिन्न वडाहरुमा ग्राभेल कार्य | १८८०४० |
| ०३/ १६/ २०८२ | ४१५ | रचनाशाहीको घरदेखि पुर्व सिता गौतमको घर हुँदै दिपक रोकायको घरसम्म पक्की नालीनिर्माण | १० नं वडा स्थित रचना शाहीको घरदेखि पुर्वसिता गौतमको घर हुँदै दिपक रोकायको घरसम्म पक्की नाली निर्माण | २४७९७१ |
| ०८२/ ०३/ २३ | ४५७ | विभिन्नस्थानमा नाली निर्माण | ठेक्का नं banke/komun/w/sq-०३/ २०८१/ ८२ कोकार्य गरेबापत प्रथम तथा अन्तिम बिल | ३७१२४४ |

## ५६ कोटेशनबाट खरिद

५६.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले विभिन्न योजनाहरुमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४१ तथा नियमाबली ८५ को उपनियम १(क) बमोजिम हुने भनी कोटेशनबाट खरिद गरेको छ । यसरी खरिद योजना नबनाएको, सम्भाबित प्याकेज तयार नगरेको, केही योजनाको प्याकेज तयार गरेतापनि खुल्ला कोटेशनबाट खरिद भएकोमा प्रतिस्पर्धा नदेखिएको तथा टुक्रे योजना अनुसार खरिद कार्य गरेकोले (उस्तै प्रकृतिका प्रदेश तथा संघीय वजेट विनियोजन भएका शिलवन्दी दरभाउपत्रबाट खरिद गरिएका योजनामा ४० प्रतिशतसम्म घटीमा कार्य

भएको देखिएको) मितव्ययी नदेखिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद गरेको देखियो तसर्थ पालिकाले खरिदजन्य कार्य गर्दा खुल्ला कोटेशन बाट गर्ने कार्य नियन्त्रण गरी खरिदको प्रतिस्पर्धात्मक विधि अपनाउनुपर्ने देखिन्छ ।

५६.२ **खुल्ला कोटेशनबाट खरिद गरिएका योजनाहरु:-** नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको ३६ वटा निर्माण योजनाहरुमा रु २ करोड ५५ लाख १४ हजारको लागत अनुमानमा रु २ करोड ५२ लाख ५९ हजारको खरिद सम्झौता गरी मुल्याँकन अनुसार रु २ करोड २० लाख ६३ हजार भुक्तानी गरेको देखियो । यसरी लागत अनुमानको तुलनामा अधिकत योजनामा १ प्रतिशत भन्दा न्युन मात्र घटेर सम्झौता भएको देखियो । लागत अनुमानकै हाराहरीमा खरिद सम्झौता भएको खरिद कार्य मितव्ययी देखिदैन । सम्भावित प्याकेज समेत तयार गरि प्रतिस्पर्धात्मक तवरबाट खरिद कार्य हुनपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ (१)मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम शिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ। पालिकाको बजेट कम्पोनेन्ट नं ६७२.२१.१.७८ मा वडा तथा शाखामा कम्प्युटर प्रिन्टर तथा फर्निचर, फिक्चर्स कार्यक्रम शिर्षकमा २० लाख रुपैया वजेट विनियोजन १५ पटकको कारोवारमा विभिन्न सप्लायर्सबाट अधिकांश कारोवारमा १ लाख भन्दा न्युनको खरिद गरी रु २० लाख खर्च गरेको देखियो । खरिद योजना तयार नगरेको तथा पटके कारोवारबाट लागत अनुमानकै हाराहारीमा खरिद गरेको नियमसम्मत देखिएन।खरिद कार्यको सुरुवातमै खरिद योजना वनाई प्रतिस्पर्धात्मक तवरबाट खरिद व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

५८ **कोहलपुर डिजिटलाइजेशन प्रोग्राम ( NCB 1-079/080)** (326-2082-02-02):

फ्रि वाइफाइ, सिसि क्यामेराबाट पालिका, वडा, विद्यालय तथा सार्वजनिक स्थानमा सुरक्षा कार्यको लागि खरिद सम्झौता गरेको देखिएको यस निर्माण कार्यको लागि मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु २,८७,०९,३५४ /- मा इथ्री नेक्स जेन जेभी काडमाडौसँग मिति २०८०।१।१३ गते सम्झौता भएकोमा मिति २०८१।०३।१५ को कार्यस्वीकार प्रतिबेदन संलग्न गरी गत आर्थिक वर्षको दायित्व शिर्षकमा यस आर्थिक वर्षमा तेश्रो विल भुक्तानी दिएको देखियो । गतविगतमा रु २,३४,५९,३६५ को अध्याबधिक विल देखिएकोमा यस आर्थिक वर्षमा तेश्रो रनिङ विलवापत रु ९०,८१,००६ भुक्तानी भएकोमा सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

• अभिलेख व्यवस्थापन:- लुम्विनी प्रदेश अभिलेख संरक्षण ऐन २०७६ को दफा ७ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजातहरु सुरक्षित रुपले राख्नुपर्ने उल्लेख छ। पालिकाले उक्त खरिद सम्झौताको प्रति, म्याद थपको तालिका, जमानत नविकरणको सुची, प्रगति विवरण, विगत पुरानो बर्षमा भएका भुक्तानीको स्पष्ट पार्ने कागजात लगायतको प्रमाणहरु राखेको देखिएन । जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिई स्पष्ट रुपमा राख्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ।

• भेरियसन -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरीद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले नियमावलीको प्रकृया पुरा गरी भेरिएशन आदेश जारी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस निर्माण कार्यको लागि सुरुमा रु २,८७,०९,३५४ को सम्झौता गरेकोमा भेरियसन आदेशबाट कायम भएको भनी रु ३,२६,९०,३७१ संसोधित सम्झौता कायम गरेको छ ।भेरियसनबाट सुरु सम्झौतामा रु ३९,८१,०१७ (१३.९४ प्रतिशत)थप गरि संसोधित सम्झौता कायम गरेकोमा सो को पुष्ट्याइ तथा नेगोसियसन लगायतको कागजात आगलागीबाट नष्ट भएको भनी पेश हुन आएन। प्रमाणकागजात पेश नभएकोले थप कार्य गर्नुपर्नाको कारण तथा थप गरेको सम्झौता रकम सम्बन्धमा विश्लेशण गर्न सकिएन।

• सुक्ष्म निगरानी तथा रिपोर्टिङको मुख्य उद्येश्य रहेको यस खरिद सम्झौता अन्तर्गत खरिद व्यवस्थापन भएका स्टोरमा वाँकी रहेका सामाग्री चोरी भएको र पालिका तथा वडामा जडान भएको सामाग्री आगलागीबाट नष्ट भएको पालिकाले जनाएको छ । हाल इलाका प्रहरी कार्यालयबाट मात्र केही निगरानी तथा अनुगमनको कार्य भैरहेको पालिकाले छलफलको क्रममा जनाएको छ।

५९ **सुरक्षित नागरिक आवास कार्यक्रम (संघीय पुँजीगत)** (१५-2082-01-22):

सुरक्षित नागरिक आवास सम्बन्धि कार्यविधि २०७५( संसोधन सहित २०७६) को दफा ५ को उपदफा (८) बमोजिम प्राप्त पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्वन्धित स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता बापत चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराइने व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्ष प्रथम किस्ता उपलव्ध गराइएकामध्ये निम्न ३ जनाको कार्यसम्पन्न प्रतिबेदन संलग्न भएको देखिएन। तसर्थ जनही ४५ हजारको दरले प्रथम किस्ता उपलव्ध गराइएकोमा नियमानुसार कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रु

| नाम | रकम रु |
|---|---|
| चिट्टु थारु | ४५००० |
| कृष्ण थारु | ४५००० |
| मणीराम चमार | ४५००० |
| | १३५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३५,००० |

६० **एउटै आपूर्तिकर्ताबाट सिमा भन्दा बढीको सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी उल्लेखित सिमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नमिल्ने व्यवस्था रहेको छ। पालिकाले तपशिल बमोजिमको फर्मबाट कृषिजन्य सामाग्री, मसलन्द तथा मेशिनरी सामाग्री खरिद गरेकोमा एउटै आपूर्तिकर्ताबाट सिमाभन्दा बढीको सोझै खरिद गरेकोले नियम सम्मत नदेखिएको रु.

| सि. नं | आपूर्तिकर्ताको नाम | कारोबार संख्या | खरिद विवरण | रकम रु. |
|---|---|---|---|---|
| १ | टि एल ट्रेड एण्ड सप्लायर्स ( ६०१३४२४७१ ) | ७ | कार्यालय संचालन तथा मसलन्द | १४१०४१४ |
| २ | टेक्नो लिंक इन्टरप्राइजेज सेन्टर ( ३०३६७७०९५ ) | १३ | कम्प्युटरजन्य सामाग्री | १२३२१९२ |
| ३ | एस एच फर्निचर उद्योग ( ६१२७८२३३६ ) | १० | फर्निचर खरिद | १२५२९३१ |
| ४ | लखनामरी माता कन्स्ट्रक्सन प्रा.लि ( ६१०३१९७५६ ) | २ | निर्माण कार्य | १२७७०३० |
| ५ | पवन कन्सट्रक्सन ( १२३६७३५३० ) | २ | निर्माण कार्य | १७८४७४९ |
| जम्मा | | | | ६९५७३१६ |

| | |
|---|---|
| अनियमित भएको | ६९,५७,३१६ |

६१ **अन्य संस्था मार्फत कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिष्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिष्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा यस पालिकाले अन्य निकाय मार्फत कार्य

गरेको खर्च भुक्तानी दिएको छ ।यस्तो प्रकारको खरिद कार्यको लागी निर्णय गर्दा पालिकावाट उपलव्ध जनशक्तिवाट गराउन नसक्नुको कारण उल्लेख छैन। पालिकाले आफ्नो शाखामा भएको जनशक्ति परिचालन गरी यस्ता प्रकृतिको कार्यक्रम संचालन गर्नुपर्दछ ।

| गो.भौ.नं/मिति | विवरण | भुक्तानी पाउने संस्था | रकम |
|---|---|---|---|
| १४०।२०८१।०६।१४ | सहकारी शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम | चन्द्रज्योति सानिमा कृषि सहकारी संस्था लि. | ९५९९५ |
| १४५।२०८१।०६।१५ | अभिभावकहरुलाई शिक्षा तर्फ सचेतनामूलक कार्यक्रम | समाज सुधार कार्यक्रम नेपाल | ९७५९० |
| ७०४।२०८१।१०।३० | लागुऔषध नियन्त्रण तथा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन | समाज सेवा संस्था नेपाल | १००००० |
| ७०७।२०८१।१०।३० | दलित महिलाको नेतृत्व विकास तथा सशक्तिकरण तालिम | संगम मल्टिमिडिया हव प्रा.लि | ५०००० |
| ७४७।२०८१।११।११ | बिद्यार्थीको लागि जनपयोगी तालिम संचालन | युवा दृष्टी नेपाल | १४७८४० |
| ७७०।२०८१।११।१३ | दलितहरुको लागि क्षमता विकास तालिम | सम विकासको लागि सामाजिक अभियान | ४९५०० |
| ८१६।२०८१।११।२१ | अपाङ्गता भएका व्यक्तिलाई क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम | समाज सेवा संस्था नेपाल | ९७००० |
| ८९५।२०८१।१२।१० | छात्राहरुलाई ५ दिने रिबनको फुलबुट्टे लेबन्टी बनाउने तालिम | कविराज फाउण्डेशन नेपाल | ९५५०० |
| ९४५।२०८१।१२।१४ | शिक्षकका लागि जीवन उपयोगी तालिम | बागेश्वरी असल शासन क्लब | ५०२०० |
| १०३३।२०८२।०१।०९ | सहकारी संस्थामा आवद्ध सदस्यलाई गुडिया बनाउने तालिम | रझेना साना किसान कृषि सहकारी संस्था लिमिटेड | ५०००० |
| १०४२।२०८२।०१।१२ | क्षमता विकास तालिम संचालन | दलित उत्थान मुक्ति समाज | ५४६७० |

६२ **पेश्की**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा निर्माण व्यवसायीसँग गरेको सम्झौता बमोजिम पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष निम्नानुसारको कार्यक्रमको पेश्की बाँकी रहेकोमा उक्त पेश्की आर्थिक बर्षको अन्तसम्म बाँकी रहेको देखिएकोले उक्त म्याद नाघेका पेश्की खरिद नियमावली तथा खरिद सम्झौता बमोजिम फछ्र्यौट हुनुपर्ने रकम रू.

| सि.नं | संस्था वा निर्माण व्यवसायीको नाम | पेश्की लगेको मिति र गो.भौ.नं. | पेश्की रकम |
|---|---|---|---|
| १ | जारा अता ईन्फ्रास्ट्रक्चर | ६।२०८१।०९।२९ | ३१५००० |
| २ | जारा अता ईन्फ्रास्ट्रक्चर | ११।२०८१।१२।१६ | ३१५००० |
| ३ | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | २१९।२०८१।१०।२९ | १९९२८८ |
| ४ | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ३९६।२०८२।०३।११ | १४५५०० |
| ५ | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ४९७।२०८२।०३।२५ | १६१२९२५ |
| ६ | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ४९७।२०८२।०३।२५ | १०६२४६७ |
| ७ | आधारभुत स्वास्थ्य सेवा केन्द्र, कोहलपुर | १३।२०८१।०९।२३ | १२००० |
| **जम्मा** | | | **३६६२१८०** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **६००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **११०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **६८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३६,६२,१८० |

६३ **विमा वापतको भुक्तानी** (346-2081-07-13):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । ईलाका प्रहरी कार्यालय कोहलपुरको मिति २०८१।०४।०९ को प्रहरी मुचुल्का अनुसार नगरपालिकाको नाममा रहेको भे १ झ ३६८ नगर प्रहरीको भ्यानले पैदलयात्रीलाई ठक्कर दिई सवारी दुर्घटना भएकोमा घाईतेलाई उपचार खर्च वापत रु.२,१४,९१९ भुक्तानी भएको छ । नगरपालिकाले सवारीको तेस्रो पक्ष बिमाबाट उक्त रकम सोधभर्ना लिनुपर्नेमा नगरपालिकाले बिमा कम्पनिसँग दाबी गरेकोमा हालसम्म प्राप्त भएको नदेखिएकोले उक्त भुक्तानी प्राप्त भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१४,९१९ |

६४ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ ।यस्तो कार्य गराउँदा लागत अनुमान रू.१९,९८,४०२.६९ को तयार भएको र रू.१९,९४,४५०/- सम्झौता गरी पेश भएको विल अनुसार रू.१९,९४,४५०/- खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन ।

| गो.भौ.नं/मिति | विवरण | लागत अनुमान रकम | सम्झौता रकम | भुक्तानी रकम | भुक्तानी पाउने | कैफियत |
|---|---|---|---|---|---|---|
| २९९।२०८१।०६।२१ | कोहलपुर रंगशालाको डि.पि.आर निर्माण | १९९८४०२.६९ | १९९४४५० | १९९४४५० | ब्रिक कन्सल्टेन्ट प्रा.लि | यस वर्ष ठेक्का आह्वान भएको । |

· परामर्श सेवाको लागि लागत अनुमान तयार गरेकोमा सो को स्पष्ट आधार संलग्न गरेको देखिएन। विभिन्न नर्म्स लिएको देखिएकोमा सम्बन्धित कार्यको लागि उस्तै प्रकृतिको नम्सको आधार लिनुपर्ने देखिन्छ। लागत अनुमान यथार्थपरक तयार गरेको सम्बन्धमा स्पष्ट नुहुने खरिद कार्य मितव्ययी भएको छ भनी एकिन गर्न सकिएन ।

·कार्यालयका प्राविधिक जनशक्तिले गर्न नसक्ने योजनामा मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउन पर्नेमा अध्ययन प्रतिवेदनहरु परामर्शदातबाट गराउने गरेको देखियो साथै कार्यालयभन्दा बाहिरका कर्मचारीबाट परामर्श सेवा लिनपर्ने कारण सम्बन्धमा निर्णय गरेको देखिएन ।

६५ **मुख्यमन्त्री कोहलपुर गोल्डकप प्रतियोगिता** (33-2081-12-31):

नगरपालिका र कोहलपुर रेसिङ्ग साहारा क्लब बिच गोल्डकप आयोजना गर्न २०८१।११।१३ मा सम्झौता भई फागुन १७ देखि २४ सम्म कार्यसम्पन्न भएको अवस्थामा कोहलपुर नगर खेलकुद विकास समितिलाई रु.२३,००,००० भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्,

**कार्यसम्पन्न प्रतिवेदन :** नगरपालिका र कोहलपुर रेसिङ्ग साहारा क्लब बिच २०८१।११।१३ मा भएको सम्झौताको दफा ६ मा खेलकुद प्रतियोगिता प्रचलित ऐन नियम तथा कार्यविधिको अधिनमा रही संचालन गर्नुपर्ने व्यवस्था रहेको साथै सोही सम्झौताको दफा ८ मा रकम माग गर्दा कार्य सम्पादन भएको प्रमाणित हुने बिल भरपाई सहितको कार्यसम्पन्न प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्ने उल्लेख छ । सम्झौतामा रु.२१ लाख बजेट विनियोजन गरेकोमा कार्यपालिकाको निर्णयअनुसार थप २ लाख बजेट थप गरी २३ लाख भुक्तानी भएको देखिन्छ । क्लबले प्रस्तावनामा रु.९१ लाख २६ हजार लागत प्रस्ताव गरेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार जम्मा खर्च रु.६१,५७,००० भएको सारांश विवरण पेश गरेको छ । गोल्डकपको प्रायोजन गर्ने कार्यालय तथा संस्था २६ रहेकोमा उक्त संस्थाहरुबाट प्राप्त सहयोगको विवरण कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख छैन । साथै कुन प्रायोजकले कुन खर्च शिर्षकमा सहयोग गरेको हो सो समेत खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । नगरपालिकाबाट क्लबसँग सम्झौता गर्दा समेत एकमुष्ठ बजेट विनियोजन मात्र उल्लेख गरी पालिकाले कुन शिर्षकमा खर्च व्यहोर्ने हो सोको खुलासा हुने गरी सम्झौता गरेको देखिदैन । क्लबले खर्च भुक्तानी माग गर्दा यातायात खर्च, खाना तथा आवास खर्च, खेलमैदान मर्मत, उद्घाटन समापन खर्च तथा छपाई र टेन्ट वापतको खर्चमा रु.२३,९८,५३३ को बिल बिजक पेश गरी रु.२३,००,००० भुक्तानी भएको छ । उल्लिखित अवस्थाले क्लबको खर्चको जिम्मेवार निकाय र खर्चको पारदर्शिता सम्बन्धमा सिमितता आएकोले नगरपालिकाले सम्झौता गर्दा आफ्नो बजेटको खर्च क्षेत्र स्पष्ट गर्नुपर्ने तथा क्लबले कार्यसम्पन्न प्रतिवेदन पेश गर्दा प्रायोजकगत आम्दानी र सोको खर्चको विवरण खुल्ने गरी प्रतिवेदन गर्नुपर्दछ ।

## ६६ कार्यसम्पन्न पछिको बिमा पोलिसी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको निर्माण कार्य तथा कामदार र मेशिनको वीमा गर्नुपर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले तपसिलको योजनामा कार्यसम्पन्न भईसकेपछिको अवधिको विमा पेश गरी भुक्तानी भएको रु.१६२९७सम्बन्धित निर्माण व्यवसायीबाट भुक्तानी हुने रकमबाट असुल हुनुपर्ने रु.

| मिति | भौन | ठेक्कानं. | सम्झौतामिति | कार्यसम्पन्न भएको मिति | बिमाकोम्याद शुरु | भुक्तानीरकम | निर्माणव्यवसायी |
|---|---|---|---|---|---|---|---|
| ०७/ ०४/ २०८१ | १०२ | ठेक्का नं.banke/komun/w/ncb-०८/ २०८०/ ८१ कोकार्य गरेबापत अन्तिम बिल भुक्तानी | २०८१।१२।०५ | २०८१।२।१५ | २०८१।३।१३ देखि ३ दिनको | १६२९७ | कल्पेश्वरनिर्माण सेवा |
| | | | | | | १६२९७ | |
| | | | | | | असुल गर्नुपर्ने | १६,२९७ |

## ६७ लागत अनुमान तथा दर विश्लेषण

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन भएका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स भएको नदेखिएको र लेखापरीक्षणको क्रममा आर्थिक वर्ष २०८१।८२ मा फरक फरक नर्म्स प्रयोग भएको देखिएको छ। जिल्ला दररेटमा वालुवा,ग्राभेल तथा गिटिको विभागिय नर्म्स अनुसार हुने उल्लेख भएकोमा लागत अनुमानमा प्रयोग गर्दा प्रतिआइटम दरको आधार उल्लेख गरेको देखिएन ।

सडक, भवन लगायतको संरचना निर्माणको लागि सम्बन्धित कार्यमा सम्बन्धित निकायको बैज्ञानिक नर्म्स प्रयोग गर्नुपर्ने तथा स्थानीय स्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत विश्लेषण गरी किफायती, बैज्ञानिक तथा गुणस्तरीयता समेत कायम हुने नर्म्स प्रयोग गर्नुपर्दछ ।

## ६८ स्थलगत निरीक्षण तथा योजनाहरुको अनुगमन

पालिकाले यसवर्ष सडक निर्माण, ग्राभेल, पुर्वाधार निर्माण लगायतको योजनाहरुको भुक्तानी गरेको छ । यसरी भुक्तानी गरिएका योजनाहरुको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को (ख) को उपदफा ४ (ख) बमोजिम उपाध्यक्षबाट

योजना अनुगमन गर्ने तथा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले आन्तरिक नियन्त्रण व्यवस्था प्रभाबकारी पार्ने व्यवस्था छ ।

• स्थानीय तहबाट निर्माण र सम्पादन हुने कार्यमा स्थलगत रुपमा स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष संयोजक रहेको अनुगमन/ मूल्याकन समितिले अनुगमन गरी जाँचपास गरी भुक्तानी प्रकृया अपनाउनु पर्नेमा वडा स्तरिय योजनाहरुमा वडा अनुगमन समितिको फर्म्याट राखी दस्तखत गरिएको तथा पालिका स्तरीय योजनाहरुको अनुगमन प्रतिवेदनमा उपप्रमुख तथा पदाधिकारीले दस्तखत गर्ने गरेको श्रेस्ता परीक्षणबाट देखियो । वडा तथा पालिका स्तरीय अनुगमन फारममा सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति, लगायतको विवरण अनुगमन फारममा भर्ने गरेको देखियो । नमुना छनौट गरी परीक्षण गर्दा योजना अनुगमन तथा मुल्याँकन फारमको बुंदा नं १० अन्तर्गत संलग्न विवरण तथा कागजात खण्डको सुची लगायतको विवरणमा उल्लेख गर्नुपर्ने वेहोरा उल्लेख गरेको देखिएन। साथै अनुगमन तथा मुल्याँकन समितिको सुझाव तथा सिफारिस खण्डको बेहोराहरु उल्लेख भएको देखिएन।

• अनुगमन प्रतिवेदन साथ योजनाहरुको पुष्टयाई गर्ने तस्वीर, योजना अनुगमन गरेको मिति, अनुगमनका क्रममा देखिने त्रुटी औल्याई गर्नुपर्ने सुधार सहितको टिप्पणी लगायतको कुराहरु उल्लेख गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाएर मात्र भुक्तानीको व्यवस्था मिलाई कानुनी परिपालना गर्नुपर्ने देखिन्छ।

पालिका स्तरबाट हुने सम्पुर्ण पूर्वाधारका योजना, तालिम कार्यक्रम, वितरणमुखी कार्यक्रम, लाभग्राहीमुखी कार्यक्रम तथा क्षमता विकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा विश्लेषण गर्नुपर्दछ । ऐन कानूनले व्यवस्था गरेअनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेवार बनाई अनुगमन कार्यलाई केवल प्रकृयामुखी नबनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ ।

### ६९ ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद कानुन तथा निर्माण व्यवसायीसँग भएको सम्झौताको GCC तथा SCC सर्त बमोजिम तोकिएको अबधिमा निर्माण कार्य सम्पन्न गराउन सम्वन्धित पक्षले ध्यान दिनुपर्दछ। पालिकाबाट निर्माण कार्यको योजनागत अभिलेखको फाइल तथा ठेक्कापट्टा सम्वन्धी फाइल तथा कागजात आगलागीको कारण नष्ट भएको भनी लेखापरीक्षणको क्रममा पेश हुन आएन।पालिकाबाट ठेक्कागत सुची पेश भएकोमा तोकिएको अबधीमा निर्माण कार्य सम्पन्न नभइ न्युन प्रगति भएको देखियो ।

निर्धारित अबधिमा कार्यसम्पन्न नभए पश्चात पालिकाको मिति २०८२।०५।१८ को निर्णयले मिति २०८२ भाद्र मसान्तसम्म म्याद थप गरेको देखियो । कार्यपालिकाको निर्णय नं ७ मा आ.ब. २०८१/०८२ मा ठेक्का आव्हान भई मिति २०८२ श्रावण मसान्तसम्म सम्झौताको समाप्त भएतापनि कार्य सम्पन्न नभएका योजनाहरुको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम मिति २०८२ भदौ १ गते देखि गणना गर्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतसम्म पुर्वनिर्धारित क्षतिपूर्ति लिने गरी सम्बन्धित निर्माण व्यवसायीसँग कार्यतालिका माग गर्ने तथा उल्लेखित अवधिभित्र समेत कार्यसम्पन्न गरेको नपाइएमा ऐ. नियमावलीको नियम १२१ (ग) बमोजिम सम्बन्धित निर्माण व्यवसायीसँग गरिएको खरिद सम्झौता अन्त्य गरी कालोसूचीमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने निर्णय गरेको देखियो । पेश भएको ठेक्कागत सुची अनुसार शुन्य प्रतिशत प्रगति समेत भएको देखिएकोमा सम्वन्धित पक्षले अनुगमन समेत गरी कार्यपालिकाको निर्णय अनुसार खरिद सम्झौता कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### ७० न्यून बजेट विनियोजन गरी योजनाहरु अधुरो हुन गएको

पालिकाले यस वर्ष बजेट विनियोजन गरी खर्च लेख्दा अधिकांश योजनाहरू अपुरो हुने गरी बजेट विनियोजन गरेको छ। खरिद तथा निर्माण आवश्यकता समेतको पहिचान गरी कार्य सम्पन्न हुने गरी बजेट विनियोजन नगर्नाले प्रत्येक वर्ष बजेट विनियोजनको सुनिश्चितता

नहुने, थप कार्य गराउँदा नापी किताब लगायतको अभिलेख व्यवस्थित नभई लागत अनुमान तयार गर्न र पुष्ट्याई गर्न समस्या हुने तथा गुणस्तरीयतामा समेत कमजोर हुने समस्या देखिन सक्ने हुन्छ । पालिकाले गतविगतमा अधुरो भएका योजनाहरु यस वर्ष संचालन गरेकामा पर्याप्त बजेट नछुट्याई कार्य गर्दा पुन: अधुरो नै रहेको देखिन्छ । वर्षेनी श्रोत सुनिश्चितताको अवस्था नहुनसक्ने हुनाले न्युन वजेट विनियोजन नगरी कार्यसम्पन्न हुने पद्धतीबाट बजेट विनियोजन र कार्यान्वयन हुनुपर्ने देखिन्छ । केही उदाहरणहरु

| योजनाको नाम | बजेट ( रु हजारमा) | खर्च ( रु हजारमा) |
|---|---|---|
| सम्झनानेपालीको घरदेखि बबिता सापकोटाको घरसम्म अधुरो नाली निर्माण | ६५० | ६३७ |
| सिद्धार्थनगरतुलसी सापकोटाको घरदेखि पर्वले विकको घरसम्म अधुरो नाली निर्माण निरन्तरता | ६०० | ५९० |
| बिनोद चोधरिकोघरको साध बाट चित्र बहादुर मल्लको घर हुँदै मिना शाहिको घर सम्म अधुरो पक्कीनालि | ७०० | ६९७ |
| शान्तीटोल अधुरो नाली निर्माण | ३०० | २९५ |
| विकासनगर अधुरोनाली निर्माण | ५०० | ४८७ |
| पृथ्वीनगर रमा शाहको घरदेखि लोक प्रसाद भट्टराईको घरसम्मसडक अधुरो पक्की नाली निर्माण | ५०० | ४८२ |
| सिद्धार्थनगरसडक अधुरो पक्की नाली निर्माण | ५०० | ४९५ |
| वडा कार्यालयको अधुरो पर्खाल निर्माण | २४० | १८८ |
| सुर्य होम के.सी.को घरदेखि पुर्व शिव गौतमको घरसम्म अधुरोनाली निर्माण गर्ने | ३०० | २९९ |
| रजगढवा अधुरो मन्दिर पुर्वाधार निर्माण | २५० | ० |
| कालिका सिचाईको अधुरो भवन निर्माण | १०० | १०० |

७१ **पर्सेनीपुर चौधरिया गोहवा रझेना गाउँ जोड्ने सडक कालोपत्रे:- ( ०३-०७९।०८०)**

यस निर्माण कार्यको लागि मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ११,५१६,६३७/- मा शोभा लक्ष्मी कन्सट्रक्सन कोहलपुर ११ वाँकेसँग मिति २०७९।०८।२० गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०८०।०२।३० सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको देखियो। निर्धारित अबधिमा कार्य सम्पन्न नभएपश्चात विभिन्न पटकको निर्णयले म्याद थप गरी २०८२।०५।३० सम्म म्याद थप गरेकोमा गत वर्ष रु ५८,७१,१९८ को भुक्तानी भएकोमा यस वर्ष तेश्रो रनिङ बिल वापत रु २०,६०,०९८ भुक्तानी गरेको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

• म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको निर्धारित प्रकृया अनुसार म्याद थप गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको लागि म्याद थपको टिप्पणीसाथ सार्वजनिक खरिद नियमावलीको संसोधनमा भएको व्यवस्था अनुसार हुने म्याद थप गरेको देखियो । मिति २०८२।०५।१८ को निर्णयले मिति २०८२ भाद्र मसान्तसम्म म्याद थप गरेको देखियो । म्याद थपको कारणमा निर्माण कार्यको लागि म्याद थपको टिप्पणीसाथ सार्वजनिक खरिद नियमावलीको संसोधनमा भएको व्यवस्था अनुसार हुने म्याद थप गरेको देखियो । मिति २०८२।०५।१८ को निर्णयले मिति २०८२ भाद्र मसान्तसम्म म्याद थप गरेको देखियो । निर्माण व्यवसायीले म्याद थप माग गर्दा समयमा भुक्तानी नभएको, निर्माण सामाग्री अभाव भएको लगायतको कारण निबेदन पेश गरेकोमा कार्यापालिकाको निर्णयमा अन्तिम पटकको लागि २०८२ भाद्र मसान्तसम्म म्याद थप गर्ने तथा मिति २०८२ ।०६।१ देखि खरिद नियमावली तथा सम्झौताको सर्त अनुसार क्षतिपूर्ति लगाउने उल्लेख भएको देखियो। यस आर्थिक वर्षमा तेश्रो रनिङ विलसमेत अध्याबधिक कार्य रु ७९,३१,२९७ भुक्तानी गरेकोमा लेखापरीक्षण अबधिसम्म निर्माण कार्य पुरा भएको देखिएन। तसर्थ नियमानुसार क्षतिपूर्ति लगाई कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

• न्युन प्रगति :- निर्माण व्यवसायीसँग भएको सम्झौतामा ६ महिनामा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा म्याद थप २७ महिना भइ कायम अबधि अनुसार ३३ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्नेपर्नेमा यस आर्थिक वर्षमा आठौं रनिङ विलसम्मसम्म रु ७९,३१,२९७ को

वित्तीय प्रगति भएको देखियो । रनिङ विल अनुसार pavement कार्य बाँकी रहेको देखिन्छ। आर्थिक वर्षको अन्तसम्म ९३ प्रतिशत म्याद समाप्त भैसकेकोमा कुल सम्झौताको ६८.८६ प्रतिशत प्रतिशत मात्र प्रगति भएको देखियो ।निर्माण व्यवसायीले बर्क सेड्युल पेश नगरेकोले सो समेत पेश गर्न लगाई तोकिएको अबधिमा कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

७२ **कोहलपुरमा कभर्ड हल निर्माण ( ठेनं २।०७७।०७८)**

७२.१ यस निर्माण कार्यको लागि मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ५,८०,८४,५६९/- मा धुलिखेल जेके जेभी कोहलपुर वाँकेसँग मिति २०७७।११।१७ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा अनुसार २०७९।०५।१५ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा निर्धारित अबधिमा कार्य सम्पन्न नभएपश्चात पटक पटक म्याद थप गरेको देखियो । कायम अबधिमा निर्माण कार्य सम्पन्न नभएको भनि मिति २०८२।०५।१८ को कार्यपालिका निर्णयअनुसार मिति २०८२ भाद्र मसान्तसम्म सम्म म्याद थप गरेकोमा गत वर्षसम्म रु १,४९,१३,३५८ को भुक्तानी भएकोमा यस वर्ष पाचौ रनिङ विल वापत रु १,००,२८,२३८।५७ भुक्तानी गरेको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

• अभिलेख व्यवस्थापन:- लुम्विनी प्रदेश अभिलेख संरक्षण ऐन २०७६ को दफा ७ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजातहरु सुरक्षित रुपले राख्नुपर्ने उल्लेख छ। पालिकाले उक्त खरिद सम्झौताको म्याद थपको तालिका, जमानत नविकरणको सुची, प्रगति विवरण, विगत पुरानो बर्षमा भएका भुक्तानीको स्पष्ट पार्ने कागजात लगायतको प्रमाणहरु स्पष्ट रुपमा राखेको देखिएन । जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिई स्पष्ट रुपमा राख्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ।

• न्युन प्रगति :- निर्माण व्यवसायीसँग भएको सम्झौतामा १८ महिनामा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा विभिन्न पटकको निर्णयले म्याद थप ३६ महिना थप भएकोमा यस आर्थिक वर्षमा पाचौ रनिङ विल वापत रु १,००,२८,२३८।५७ भुक्तानी भएको देखियो । हालसम्म को अध्याबधिक प्रगति रु २,४९,४१,७७७ को वित्तिय प्रगति भएको देखियो । आर्थिक वर्षको अन्तसम्म म्याद थप समेतमा ९६ प्रतिशत म्याद समाप्त भैसकेकोमा कुल सम्झौताको ४२.९४ प्रतिशत प्रतिशत मात्र प्रगति भएको देखियो ।निर्माण व्यवसायीले बर्क सेड्युल पेश नगरेकोले सो समेत पेश गर्न लगाई तोकिएको अबधिमा कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

• म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको निर्धारित प्रकृया अनुसार म्याद थप गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको लागि म्याद थपको टिप्पणीसाथ सार्वजनिक खरिद नियमावलीको संसोधनमा भएको व्यवस्था अनुसार हुने म्याद थप गरेको देखियो । मिति २०८२।०५।१८ को निर्णयले मिति २०८२ भाद्र मसान्तसम्म म्याद थप गरेको देखियो । निर्माण व्यवसायीले म्याद थप माग गर्दा समयमा भुक्तानी नभएको, निर्माण सामाग्री अभाव भएको लगायतको कारण निबेदन पेश गरेकोमा कार्यापालिकाको निर्णयमा अन्तिम पटकको लागि २०८२ भाद्र मसान्तसम्म म्याद थप गर्ने तथा मिति २०८२ ।०६।१ देखि खरिद नियमावली तथा सम्झौताको शर्त अनुसार क्षतिपूर्ति लगाउने उल्लेख भएको देखियो यस आर्थिक वर्षमा तेश्रो रनिङ विलसमेत अध्याबधिक रु २,४९,४१,७७७ को प्रगति भएको देखिएकोमा लेखापरीक्षण अबधिसम्म निर्माण कार्य पुरा भएको देखिएन। तसर्थ नियमानुसार क्षतिपूर्ति लगाइ कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

७२.२ **पेश्की बाँकी :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने कार्यविधि तोकेको छ । निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको सर्त GCC 57.3 को SCC अनुसार निर्माण कार्यको ३० प्रतिशत पुरा भएपश्चात पेश्की कट्टी गर्न सुरु गरिने तथा ८० प्रतिशत कार्य पुरा भैसक्दा सवै पेश्की फछ्यौट गरिने उल्लेख छ ।निर्माण व्यवसायीको म्याद थप समेतको अबधि मिति २०८२।५।३० सम्म रहेको तथा सो पश्चात म्याद थप समेत भएको नदेखिएको , पालिकाबाट पेश भएको विवरण अनुसार रु ८५ लाख पेश्की फछंयौट गर्न बाँकी देखिएकोमा नेविल बैक लिमिटेड कोहलपुर शाखाबाट मिति 2025- JUL-1 मा जारी पेश्की जमान APG no 25CAP9H8NPR001566 को म्याद 17-oct-2025 मा समाप्त भैसकेको देखियो ।म्याद समाप्त भएपश्चात पालिकाले सम्बन्धित वैकलाइ जमानत जफतको लागी पटकपटक पत्राचार गरेको देखिएकोमा लेखापरीक्षण अबधिसम्म पालिकामा उक्त पेश्की रकम दाखिला गरेको देखिएन। अत: नियमानुसार पेश्की फछ्यौट गर्नुपर्ने देखिएको रु

| पेश्की | ८५,००,००० |
|---|---|

७२.३ **भेरियसन** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भइ ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले नियमावलीको प्रकृया पुरा गरी भेरियसन आदेश जारी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यस निर्माण कार्यको लागि सुरुमा रु ५,८०,८४,५६९ को सम्झौता गरेकोमा भेरियसन आदेशबाट कायम भएको भनि रु ५,९८,८१,७२३ संसोधित सम्झौता कायम गरेको छ ।भेरियसनबाट सुरु सम्झौतामा १७,९७,१५४ थप गरी संसोधित सम्झौता कायम गरेकोमा सो को पुष्ट्याइ तथा नेगोसियसन लगायतको कागजात आगलागीबाट नष्ट भएको भनि पेश हुन आएन।

७३ **सम्बन्धित कार्यमा फरक नर्म्सको प्रयोग**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले नाली निर्माण कार्यका लागि सम्बन्धित निकायको नर्म्स प्रयोग नगरी फरक प्रयोग गरेको देखियो । वालुवा, गिटी तथा ग्राभेलको विभागीय नर्म्स अनुसारको आइटम दर कायम हुने जिल्ला दररेटमा उल्लेख भएकोमा आइटमको दररेट निर्धारणको आधार संलग्न गरेको देखिएन। लागत अनुमानमा ढुवानी(Lead) समाबेश नगरिएको प्राविधिक शाखावाट जानकारी प्राप्त भएकोमा नमुना छनौट गरी परीक्षण गर्दा केही योजनाको नाली निर्माण कार्य, तथा सडक ढलान को केही आइटममा सिचाइ/सडकको नर्म्स प्रयोग नगरी भवन विभागको नर्म्स प्रयोग गरेकोले वढी दरले भुक्तानी भएको देखियो । सम्बन्धित कार्यको लागि पालिकाले सोही अनुसार दरविश्लेषण गर्नुपर्नेमा फरक नर्म्स अनुसार बढी दररेटले भुक्तानी गरेको रकम यकिन गरी असुल गर्नुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ३५,९७,४०३ |
|---|---|

७४ **प्रशासकीय भवन**

७४.१ (95-2081-06-22):

**कोहलपुर नगरपालिकाको प्रशासनिक भवन निर्माण ठेक्का नं ( १४-०७८।०७८):-** यस निर्माण कार्यको लागि मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु १५,३८,४८,७१०/- मा एसोसियट/ भवानी/ रञ्जितकार जेभी कोहलपुर ११ बाँकेसँग मिति २०७९।०३।२१ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०८१।०९।२५ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखियो । निर्धारित अबधिमा कार्य सम्पन्न नभएपश्चात विभिन्न पटकको निर्णयले म्याद थप गरी २०८२।०५।३० सम्म म्याद थप गरेकोमा गत वर्षसम्म रु ६,४२,४५,८३१ को भुक्तानी भएकोमा यस वर्ष आठौं र नवौं रनिङ विल वापत क्रमश रु १,०५,४७,०१९ तथा रु ५०,७५,९४१ भुक्तानी गरेको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

• अभिलेख व्यवस्थापन:- लुम्विनी प्रदेश अभिलेख संरक्षण ऐन २०७६ को दफा ७ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजातहरु सुरक्षित रुपले राख्नुपर्ने उल्लेख छ। पालिकाले उक्त खरिद सम्झौताको म्याद थपको तालिका, जमानत नविकरणको सुची, प्रगति विवरण, विगत पुरानो बर्षमा भएका भुक्तानीको स्पष्ट पार्ने कागजात लगायतको प्रमाणहरु स्पष्ट रुपमा राखेको देखिएन । जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिइ स्पष्ट रुपमा राख्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ।

• न्युन प्रगति :- निर्माण व्यवसायीसंग भएको सम्झौतामा म्याद थप ८ महिना थप भई अनुसार ५० महिनाभित्र निर्माण कार्य सम्पन्न गर्नेपर्नेमा यस आर्थिक वर्षमा नवौं रनिङ विलसम्मसम्म रु ७,९८,६८,७९२ को वित्तीय प्रगति भएको देखियो । रनिङ विल अनुसार सिभिल वर्क्स अन्तर्गत मात्र केही कार्य भएको तथा आर्थिक वर्षको अन्तसम्म ९६ प्रतिशत म्याद समाप्त भैसकेकोमा कुल सम्झौताको ५१.९१ प्रतिशत मात्र प्रगति भएको देखियो ।निर्माण व्यवसायीले बर्क सेड्युल पेश नगरेकोले सो समेत पेश गर्न लगाई तोकिएको अबधिमा कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

• म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको निर्धारित प्रकृया अनुसार म्याद थप गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको लागि म्याद थपको टिप्पणीसाथ सार्वजनिक खरिद नियमावलीको संसोधनमा भएको व्यवस्था अनुसार हुने व्यहोरा उल्लेख गरी म्याद थप गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको बखत वर्क सेड्युल पेश गरेको देखिएन। मिति २०८२।०५।१८ को कार्यपालिका निर्णयले २०८२ भाद्र मसान्तसम्म म्याद थप गरेको देखियो । निर्माण व्यवसायीले म्याद थप माग गर्दा समयमा भुक्तानी नभएको, निर्माण सामाग्री अभाव भएको लगायतको कारण निबेदन पेश गरेकोमा कार्यापालिकाको निर्णयमा अन्तिम पटकको लागि २०८२ भाद्र मसान्तसम्म म्याद थप गर्ने तथा मिति २०८२ ।०६।१ देखि खरिद नियमावली तथा सम्झौताको शर्त अनुसार क्षतिपूर्ति लगाउने उल्लेख भएको देखियो ।लेखापरीक्षण अबिधसम्म आठौ रनिङ विलसम्म अध्याबधिक कार्य रु ७,९८,६८,७९२ को मात्र कार्य भइ थप विल भुक्तानी भएको नदेखिएकोले कार्यपालिकाले गरेको म्याद थपको प्रावधान अनुसार क्षतिपूर्ति लगाइ कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

७४.२ **पेश्की बाँकी :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ ले पेश्की दिने र फछर्यौट गर्ने कार्यविधि तोकेको छ । निर्माण व्यवसायीसंग भएको खरिद सम्झौताको सर्त GCC 57.3 को SCC अनुसार निर्माण कार्यको ३० प्रतिशत पुरा भएपश्चात पेश्की कट्टि गर्न सुरु गरिने तथा ८० प्रतिशत कार्य पुरा भैसक्दा सवै पेश्की फछ्यौट गरिने उल्लेख छ ।निर्माण व्यवसायीको म्याद थप समेत समेतको मिति २०८२।५।३० सम्म रहेको तथा सो पश्चात म्याद थप समेत भएको नदेखिएको , पालिकाबाट पेश भएको विवरण अनुसार रु ८० लाख पेश्की फछंयौट गर्न वाँकी देखिएको र नेविल बैक लिमिटेड कोहलपुर शाखाबाट मिति 2025- JUL-2 मा जारी APG no 22GT56NPR00098 को म्याद 15-oct-2025 मा समाप्त भै सकेको देखियो ।म्याद समाप्त भएपश्चात पालिकाले सम्बन्धित वैकलाइ जमानत जफतको लागि पटकपटक पत्राचार गरेको देखिएकोमा लेखापरीक्षण अबधिसम्म पालिकामा उक्त पेश्की रकम दाखिला गरेको देखिएन। अत: नियमानुसार पेश्की फछयौट गर्नुपर्ने देखिन्छ ।( आर्थिक बर्ष २०७९।०८० को प्रतिबेदनमा लगती बेरुजु कायम भएको देखिएकोले हाल लगती उल्लेख नगरिएको )

७५ **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम**

७५.१ (5-2082-03-24):
**नगर अस्पताल भवन निर्माण कार्य (NCB 12-077/078):-** यस निर्माण कार्यको लागि मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ९,५३,०५,५३५/- मा सिएवी वानिया एन. एस जेभी विशालनगर ५ काठमाडौंसँग मिति २०७८।०१।११ गते सम्झौता भएकोमा सुरु सम्झौता मिति अनुसार २०८०।०१।१५ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप गरेको देखियो । कायम अबधिमा निर्माण कार्य सम्पन्न नभएको भनी मिति २०८२।०५।१८ को कार्यपालिका निर्णयअनुसार मिति २०८२ भाद्र मसान्तसम्म सम्म म्याद थप गरेकोमा गत वर्षसम्म रु ७,४७,९६,०९७ को भुक्तानी भएकोमा यस वर्ष दशौ तथा एघारौं रनिङ विल वापत भुक्तानी गरेको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:

• अभिलेख व्यवस्थापन:- लुम्विनी प्रदेश अभिलेख संरक्षण ऐन २०७६ को दफा ७ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजातहरु सुरक्षित रुपले राख्नुपर्ने उल्लेख छ। पालिकाले उक्त खरिद सम्झौताको प्रति, म्याद थपको तालिका, जमानत नविकरणको सुची, प्रगति विवरण, विगत पुरानो बर्षमा भएका भुक्तानीको स्पष्ट पार्ने कागजात लगायतको प्रमाणहरु राखेको देखिएन । जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिई स्पष्ट रुपमा राख्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ।

• म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको निर्धारित प्रकृया अनुसार म्याद थप गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको लागि म्याद थपको टिप्पणीसाथ सार्वजनिक खरिद नियमावलीको संसोधनमा भएको व्यवस्था अनुसार हुने म्याद थप गरेको देखियो । मिति २०८२।०५।१८ को निर्णयले मिति २०८२ भाद्र मसान्तसम्म म्याद थप गरेको देखियो । । निर्माण कार्यको लागि म्याद थपको टिप्पणीसाथ सार्वजनिक खरिद नियमावलीको संसोधनमा भएको व्यवस्था अनुसार हुने भनी म्याद थप गरेको देखियो । मिति २०८२।०५।१८ को निर्णयले मिति २०८२ भाद्र मसान्तसम्म म्याद थप गरेको देखियो । निर्माण व्यवसायीले म्याद थप माग गर्दा समयमा भुक्तानी नभएको, निर्माण सामाग्री अभाव भएको लगायतको कारण निबेदन पेश गरेकोमा

कार्यापालिकाको निर्णयमा अन्तिम पटकको लागि २०८२ भाद्र मसान्तसम्म म्याद थप गर्ने तथा मिति २०८२ ।०६।१ देखि खरिद नियमावली तथा सम्झौताको शर्त अनुसार क्षतिपूर्ति लगाउने उल्लेख भएको देखियो। यस आर्थिक वर्षमा तेश्रो रनिङ विलसमेत अध्याबधिक कार्य रु ८,९३,२४,४२५ भुक्तानी तथा वित्तीय प्रगति ९३.७२ प्रतिशत प्रगति भएको देखिएकोमा लेखापरीक्षण अबधिसम्म निर्माण कार्य पुरा भएको देखिएन। तसर्थ म्याद थपमा उल्लेख भए अनुसार सम्पन्न भएको नदेखिएकोले नियमानुसार क्षतिपूर्ति लगाई कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

७५.२ (5-2082-03-24):

**बढी भुक्तानी:-** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । यस निर्माण कार्यको ११औं रनिंग विल भूक्तानि गर्दा १० औं रनिंग विलसम्मको अध्याबधिक कार्य रु.८,७४,४३,८६३।२५ हुनुपर्नेमा ११ औ विलमा जिम्मेवारी सार्ने क्रममा .८,७४,३५,८१२।१५ मात्र उल्लेख भएकोले ११ औ विलको भुक्तानीमा रु ८,०५१ फरक रहेको देखिन्छ । अत: उक्त दोहोरो रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,०५१ |

७६ **बजेट कार्यान्वयन मार्गदर्शन अनुसारको खरिद व्यवस्थापन नभएको (प्रदेश पुर्जीगत)** (8-2082-01-22):

लुम्बिनी प्रदेश सरकार आर्थिक योजना तथा मामिला मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन मार्गदर्शनको वुंदा (क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट अन्तर्गत सि. नं २. मा प्रदेश सरकारको स्रोतमा देखा परेको चापको कारणले गर्दा आ.व. २०८१/८२ मा रु. ५ लाख वा सो भन्दा बढीको स्वीकृत सबै कार्यक्रमहरु प्याकेजिङ गरी अनिवार्य रुपमा सार्वजनिक प्रतिष्पर्धा गराएर मात्र कार्यक्रम कार्यान्वयन गराउनुपर्ने उल्लेख छ।पालिकाले आधारभुत स्वास्थ्य केन्द्रको कम्पाउण्ड वाल निर्माण कार्यको लागि रु ९,५७,३२४/- को लागत अनुमानमा ३ वटा खुल्ला कोटेशन संलग्न गरी दिपक विल्डर्स प्राली कोहलपुरसंग लागत अनुमानकै हाराहारीमा रु ९,३९,९६१/- मा सम्झौता गरी मुल्याँकन अनुसार रु ९,१८,९४९/- भुक्तानी दिएको देखियो । पालिकाले सम्बन्धित निकायको वजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सो अनुसारको कार्यविधि तथा निर्देशिका पालना गर्नेतर्फ ध्यान दिनुपर्नेमा ध्यान दिने गरेको देखिएन । अत: बजेट कार्यान्वयन मार्गदर्शनको पालना नभएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,१८,९४९ |

७७ **स्थानीय पुर्वाधार सहयोग कार्यक्रम**

नेपाल सरकार र वेलायत सरकारको सहकार्यमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम को लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को व्यवस्था रहेको छ। उक्त कार्यविधिको परिच्छेद ३ दफा नं ७ (१) बमोजिम (बमोजिम स्थानीय तहले 'स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८' को प्रक्रियाबमोजिम आयोजनाको छनौट गरी आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने, रणनीति तथा स्थानीय तहको परियोजना बैंकलाई आधार लिनु पर्ने, उपवुंदा (५)मा संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, आन्तरिक राजस्व र अन्य अनुदान लगायतका श्रोतबाट पूर्वाधारजन्य आयोजनाहरूको लागि विनियोजन गरिएको रकम तथा यस कार्यक्रमबाट प्रत्येक आर्थिक वर्षमा विनियोजित सहलगानीको रकम समेतलाई आधार मानी पूर्वाधार रणनीति अनुसार एवं सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली अर्थात् (SUTRA) मा प्रविष्टि गर्नुपर्ने लगायतको व्यवस्था छ ।

पालिकाको बजेट बक्तव्यसाथ पेश भएको योजना अन्तर्गत यस कार्यक्रममा सुरुमा १६ वटा कार्यक्रम स्वीकृत भएको देखिन्छ । पालिकाले यस शिर्षकमा विनियोजित कुल वजेट रु २,७३,३०,००० रहेकोमा सुरुमा १६ वटा योजनाको लागि वजेट विनियोजन भएकोमा उक्त वजेटको बचत रकमबाट २ योजनाको सम्झौता तथा भुक्तानी भएको देखिन्छ । बचत रकमबाट थप योजना कार्यान्वयन गर्ने व्यवस्था कार्यविधिमा रहेको देखिंदैन। अत: कार्यविधिको व्यवस्था अनुरुप खर्च नगरेको तथा वचत रकमबाट थप निम्न योजनाहरुमा खर्च गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु

| सिनै | ठेक्का नं | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता | सम्पन्न गर्नुपर्ने मिति | सम्झौत रकम | भुक्तानी रकम | योजनाबाट खर्च रकम |
|---|---|---|---|---|---|---|---|---|
| ४ | BANKE/KOMUN/W/SQ-20/2081/082 | Fulbari tole ma Adhuro Nali Nirman, Kohalpur-1, Banke. | जे.आर. कन्स्ट्रक्सन, बैजनाथ-०१, बाँके | २०८२/०३/११ | २०८२/०३/२५ | १९१६०८८.२६ | १५८९७६५.९४ | ९५३८६० |
| ५ | BANKE/KOMUN/W/SQ-21/2081/082 | Madhesi Muslim tole ka bhitri bato ko staronnati, Kohalpur-9, Banke. | श्री बिमल कन्स्ट्रक्सन, कोहलपुर-०२, बाँके | २०८२/०२/२३ | २०८२/०३/१५ | १९१६५२५.४ | १६८१९०१.७६ | १००९१४१ |
| | | | | | | | | १९६३००१ |

| | |
|---|---|
| अनियमित भएको | १९,६३,००१ |

७८ **संघीय खातामा दाखिला गर्नुपर्ने** (22-2082-02-21):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्यौंटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले व्याज समेत लगाई असुल गरिने व्यवस्था रहेको छ। पालिकाले संघीय सशर्त शिर्षकबाट वडा नं ८ को सरस्वती मावि भवन निर्माण कार्यको लागि के आर कन्सट्रक्सनलाई पेश्की उपलव्ध गराएकोमा सुत्रको पेश्की वाँकी विवरण अनुसार रु ६,८३,००० रहेको देखिन्छ। मिति २०८१।०४।०१ सुत्रमा जिम्मेवारी सारेको देखिएकोमा कार्यालयको बैकलाई जारी गरेको ताकेता पत्र अनुसार २०७९।३।३१ मा पेश्की म्याद समाप्त भएको देखिन्छ । पालिकाले रु ६,८३,००० पेश्की मिति २०८२।०२।१८ मा नगद असुली मार्फत फछ्यौट गरेको देखियो । उक्त नगद दाखिलामा नियमानुसार व्याज समेत असुल नगरेको तथा संघीय वेरुजु खातामा दाखिला गर्नुपर्नेमा आन्तरिक खातामा दाखिला गरेको देखिएकोले वार्षिक १० प्रतिशतले हुने ३ वर्षको दिनको व्याज रु २,०४,९०० समेत रु ८,८७,९०० संघीय बेरुजु खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८७,९०० |

७९ **पेश्की नगद असुलीमा व्याज जरिवाना नगरेको** (360-2082-02-11):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फस्र्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले व्याज समेत लगाई असुल गरिने व्यवस्था रहेको छ। पालिकाले सडक मर्मत सम्भार कोषबाट निर्माण कार्यको लागि के आर कन्सट्रक्सनलाइ पेश्की उपलव्ध गराएकोमा सुत्रको पेश्की वाँकी विवरण अनुसार मिति २०८१।०४।०१ मा जिम्मेवारी सारेको तथा कार्यालयको ताकेता पत्र अनुसार २०७९।३।३१ मा पेश्की म्याद समाप्त भएको देखिन्छ । उक्त पेश्की रु ८,९०,००० मिति २०८२।०२।१८ मा नगद असुली मार्फत फछ्यौट गरेको देखियो । उक्त नगद दाखिलामा नियमानुसार व्याज समेत असुल नगरेकोले वार्षिक १० प्रतिशतले हुने ३ वर्षको दिनको व्याज रु २,६७,००० असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६७,००० |

८० **राजश्व व्यवस्थापन**

८०.१ **राजश्व व्यवस्थापन:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको

भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ ।

पालिकाले आन्तरिक आयतर्फ सिफारिस शुल्क, दर्ता शुल्क, नवीकरण शुल्क लगायतको सुत्रमा आम्दानी वाँधी लेखांकन गरेको छ भने सो बाहेक अन्य आय ठेक्का सम्बन्धी फाइल तथा प्रमाणकागजातहरु आगलागीबाट नष्ट भएको जनाई लेखापरीक्षणको क्रममा पेश हुन आएन। तसर्थ सुत्रमा आम्दानी वाँधिएको रकमनै वास्तविक राजस्व हो भनि यकिन गर्ने आधार भएन। पालिकाले सफ्टवेयरको माध्यमबाट राजस्व संकलन गर्ने गरेको जनाएतापनि राजस्व असुली दाखिला कानुनी व्यवस्था अनुरुप भएको देखिएन। विभिन्न राजस्व शिर्षकबाट रु १२,७६,१२,७९५.७८ दाखिला गरेको विवरण पेश भएकोमा केहि वडाहरुबाट संकलित राजस्व सोही दिनमा नभई केही दिन ढिलो भएको जानकारी प्राप्त भएकोमा यस सम्बन्धमा पालिकासँग छलफल गर्दा केही वडाहरुमा भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको जनाएको भएतापनि पालिकाले वडा कार्यालयमा संकलित राजस्व समयमा दाखिला गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८०.२ **राजस्व बक्यौता असुल गर्नुपर्ने:-** पालिकाबाट प्राप्त सुचीगत विवरण अनुसार देहाय बमोजिमको रकम आय ठेक्कामार्फत असुल गर्न वाँकी रहेको देखिएकोमा नियमानुसार शुल्क तथा जरिवाना समेत लगाई असुल गर्नुपर्ने देखिएको रु

| क्र.सं. | राजश्व शिर्षक रविवरण | मासिक भाडा | बक्यौता रकम | बक्यौता अवधि | आय ठेक्का वासम्झौता विवरण |
|---|---|---|---|---|---|
| १ | कमल शाही (A२) | १५०१५ | ३००३० | ०८२ जेठ र असार | बसपार्क सटर भाडा |
| २ | इन्द्रदेव परियार (A3) | १५६०० | ९३६०० | ०८१ माघ देखि असारसम्म | बसपार्क सटर भाडा |
| ७ | शान्तीमाया शर्मा B१ | २८६६० | १४३३०० | ०८१फागुन -०८२ असार | बसपार्क सटर भाडा |
| ९ | मिना ढकाल B१९ | ११५५५ | ६९३३० | ०८१ माघ-०८२ असार | बसपार्क सटर भाडा |
| १० | अशोक तिवारी B२१ | १०१०० | ५०५०० | ०८१ फागुन-०८२ असार | बसपार्क सटर भाडा |
| | | | ३८६७६० | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८६,७६० |

८१ **प्रकोप व्यवस्थापनबाट ग्राभेल लगायतको कार्य**

कोहलपुर नगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ को वुंदा नं ७ को उपवुंदा (१) मा विपद व्यवस्थापन कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद् व्यवस्थापनका लागि प्राप्त वस्तुगत सहायता सामाग्री खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्ने तथा सोही वुंदाको उपवुंदा ३ मा कोषमा जम्मा भएको रकम तथा सामाग्री खर्च गर्नसक्ने क्षेत्रको वारेमा उल्लेख छ। पालिकाले विपद कोष शिर्षकमा विनियोजित रकमबाट ग्राभेल, सडक मर्मत, मसलन्द सामाग्री, मुर्ति खरिद लगायतको कार्य गरेको देखियो । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले नियमित रुपमा मर्मत तथा निर्माण हुने योजनाहरुको समेत यस शिर्षकमा विनियोजित वजेटबाट खर्च लेखेको देखियो। यस्तो प्रकारको खर्च गर्दा कोषको उद्येश्य तथा कानुनी व्यवस्था अनुरुप मात्र कार्य गर्नुपर्ने देखिन्छ । अत: नियमकानुनको विपरित कार्य गरेको देखिएको अनियमित रु

| वडा नं. | बजेट | खर्च रकम | गो.भौ.नं. र मिति | भुक्तानी पाउने | कार्य |
|---|---|---|---|---|---|
| १ | १००००० | ८६२२० | १३३२-०८२।०३।०५ | कुले सार्कीको घरदेखि चकुल्ली वडको घरसम्म पक्की नाला निर्माण उपभोक्ता समिति | पक्की नाला निर्माण |
| ६ | १५०००० | १४८८६७ | १५२३-२०८२/०३/२५ | पिल्लर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | बाटो ग्राभेल |
| ७ | १९०००० | १३४७५८ | १२२,३१२,४८१,३७८ | बाल प्राथमिक विद्यालय इन्फो सोलुसन लाखमरि माता कन्सट्रक्सन | मूर्ति खरिद मसलन्द खरिद दायित्व भूक्तानी |
| ९ | १००००० | ८७५०० | ५००-०८१।०९।१४ | उपभोक्ता समिति | सडक मर्मत कार्य |
| १० | २९०००० | २७४४६७ | १४८२-०८२।०३।२३ | अनमोल निर्माण सेवा | बाटो ग्राभेल |
| ११ | २००००० | १७९१९९ | ९८५१०९९-०८२।०१।२८ | प्रिसियस निर्माण सेवा | नाली निर्माण र ग्राभेल कार्य |
| १४ | १००००० | ९५७११ | १३८०-०८२।०३।१२ | टि एल ट्रेडर्स एणंड सप्लायर्स | मसलन्द सामाग्री खरिद |
| १५ | १००००० | ९८८९६ | १५१४-०८२।०३।२४ | विष्णु देवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | बाटो ग्राभेल |
| १६ | ४२१४९ | ४२१४९ | १०३।०८१।०७।०६ | १ नं वडा स्थित मौवाटोल र मुसिकोटे लाइनकोबाटो ग्राभेल मर्मत संभार कार्यउपभोक्ता समिति | बाटोग्राभेल |
| १७ | २००००० | ७४८८० | २६३।०८१।१२।०५ | ४ नं वडास्थित हरिशरण उपध्यायको घर देखि रिङ्गरोड जोड्ने ग्राभेल विस्तार कार्य उपभोक्ता समिति | बाटोग्राभेल |
|  | १४७२१४९ | १२२२६४७ |  |  |  |

| | |
|---|---|
| अनियमित भएको | १२,२२,६४७ |

## ८२ न्यानो झोला कार्यक्रम

८२.१ (23-2081-12-27):
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक बर्ष २०८१।८२ मा स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्वन्धी मार्गदर्शनको ब.उ.शि.नं. ३७००११०३ परिवार कल्याण कार्यक्रम अन्तर्गत पृष्ठ-८६ मा न्यानो झोला आपूर्ति भइसकेपछि स्थानीय तहले Specification अनुसार गुणस्तर भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने, न्यानो झोलामा प्रयोग हुने फलाटिन कपडाको गुणस्तर कम्तीमा १२० GSM को १०० प्रतिशत cotton हुनुपर्ने, भित्री भागमा प्रयोग हुने कपडा सुति नरम १०० प्रतिशत कटन हुनु पर्ने र यो कार्यक्रम सम्पन्न भईसकेपछि सम्बन्धित स्थानीय तहले अभिलेख राखी, प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा प्रतिवेदन पठाउनु पर्ने व्यवस्था छ। पालिकाले ५५० थान न्यानो झोला खरिद गरी रु ७८४.८६ का दरले डेभिड एम विम हेल्थ केयर प्रोडक्स प्रा लि लाई रु ४८७८५० भुक्तानी गरेको छ।पालिकाले खरिद भएका न्यानो झोला Specification अनुसार प्राप्त भए नभएको आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराएको पाइएन। कार्यक्रम सम्पन्न भईसकेपछि सम्बन्धित स्थानीय तहले अभिलेख राखी, प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा प्रतिवेदन पठाउनु पर्नेमा सो समेत गरेको पाइएन। पालिकाले कानूनले तोकेको स्पेशिफीकेसनमा गुणस्तरीय सामान खरिद गर्ने र प्रतिवेदन सम्वन्धित निकायमा पेश गर्नुपर्ने देखिन्छ।

८२.२ यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टर, १५ नगर स्वास्थ्य प्रवर्द्धन केन्द्र तथा अन्य संस्थाबाट गत वर्ष ५२५९ जना र यस वर्ष ५०८० जना प्रसुति भएको अभिलेखबाट देखिन्छ भने पालिकाले यो बर्ष ५५० थान न्यानो झोला खरिद गरेको पाइयो।पालिकाले विगतका वर्षमा धेरै परिमाणमा खरिद गरेकोले यस वर्ष कम खरिद गरेको जनाएको छ।तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्ने तथा लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

८३ **अनुदानको उपयोग**

पालिकाले आ.व २०८१।८२ मा कृषि तथा पशु अन्तर्गत कृषकको ५० प्रतिशत लागत सहभागीतामा देहायबमोजिम अनुदान कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन्।

| गो भौ नं मिति | कार्यक्रम | अनुदान पाउने | रकम रू | पालिका अनुदान रकम रू |
|---|---|---|---|---|
| ७९।२०८१।०९।०८ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान,गहुँ ११७०० के जी | किसानहरु | ९९४५०० | ४९७२५० |
| २४७।२०८२।०२।०१ | ब्यावसायिक मौरी प्रबर्द्धन कार्यक्रम | सिद्धार्थ एण्ड श्रद्धा मौरी फर्म | ६९५००० | ३४७५०० |
| २४८।२०८२।०२।०१ | ब्यावसायिक मौरी प्रबर्द्धन कार्यक्रम | संजिवनी मौरी फर्म | ७५७००० | ३९२००० |
| २४९।२०८२।०२।०१ | ब्यावसायिक मौरी प्रबर्द्धन कार्यक्रम | अमृत मौरी पालन फर्म | ७३४००० | ३६७००० |
| २५०।२०८२।०२।०१ | ब्यावसायिक मौरी प्रबर्द्धन कार्यक्रम | ॐ शिवशक्ति मौरी पालन उद्योग | ७७८००० | ३८९००० |
| ४०३।२०८२।०३।२४ | डेरी प्रबर्द्धन कार्यक्रम | ए वान डेरी उद्योग | २००००० | २००००० |
| ४०४।२०८२।०३।२४ | डेरी प्रबर्द्धन कार्यक्रम | साझा डेरी उद्योग | २००००० | २००००० |

सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ।साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको यकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।पालिकाले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन। पालिकाले अनुदानको प्रभावकारीता र सदुपयोगिताको मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन बनाउनुपर्दछ।

८४ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** (360-2082-03-12):

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधिको क्रियाकलाप नं. २.७.१३.१३ को ९.५ मा क) नमुना विद्यालयको रूपमा छनोट भई शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय सञ्चालन गरिरहेका र यस केन्द्रबाट पहिलो चरणमा विज्ञान विषयका लागि छनोट भएका विद्यालयका लागि विद्यालयमा २५०० भन्दा बढी विद्यार्थी भए प्रति विद्यालय ६० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने यस बजेटबाट विद्यालयबाट स्वीकृत विज्ञान विषय प्रवर्द्धनका लागि स्वीकृत विद्यालय विकास योजनाका आधारमा विद्यालयले आफ्नो जिल्ला भित्रका स्थानीय तहमा विज्ञान विषयको पठनपाठन नभएका विद्यालयबाट सम्बन्धित स्थानीय तहको सिफारिस सहित आएका विद्यार्थीका लागि दोहोरो नपर्ने गरी छात्रबृति, विज्ञान विषय पठनपाठनका लागि शिक्षक व्यवस्थापन,

प्रयोगशाला सञ्चालन एवम् अद्यावधिक, गुणस्तर अभिबृद्धि कार्यक्रम (क्षमता विकास, विज्ञान प्रदर्शनी, सामग्री व्यवस्थापन, स्थलगत अध्ययन भ्रमण लगायत) र स्वीकृत गुरूयोजना बमोजिम नमुना विद्यालय विकासका लागि बाँकी काम गर्न सक्ने व्यवस्था छ। यसको अनुगमन स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइबाट हुने ,यस क्रियाकलापबाट विद्यालयले गाडी खरिद, स्वीमिङपुल निर्माण जस्ता पुँजीगत नगर्ने, पाँच वर्ष पूरा भएका नमुना विद्यालयमा भौतिक निर्माण कार्यका लागि हाल बजेट विनियोजन नभएको हुनाले कार्य सम्पन्न गर्नका लागि विद्यालयले यसै शीर्षकबाट खर्च गर्न सक्ने, स्थानीय तहबाट विद्यालयले सम्झौता अनुरूप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने र स्थानीय तहबाट नमुनाका लागि छनोट भएका विद्यालयमा जीव विज्ञान, रसायन विज्ञान तथा भौतिक विज्ञानको अध्ययन अवसर सुनिश्चित गर्ने व्यवस्था मिलाउने व्यवस्था छ। पालिकाले त्रिभुवन नमुना माध्यमिक विद्यालयलाई यस कार्यक्रम अन्तर्गतको अनुदान रकम रू ६०,००,००० उपलब्ध गराएकोमा विद्यालयले गरेको खर्चको विल भरपाई लगायतको प्रमाण पेश नगरेकोले खर्चको प्रमाण पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००,००० |

८५ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका वडाहरुमा ज्येष्ठ तथा विपन्न नागरिकहरुलाई व्ल्याङकेट लगायतका सामाग्री वितरण वापत रू.११,४१,७८०/- भुक्तानी खर्च लेखेको छ ।यस्तो खर्चले नागरिकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हाँसिल हुने देखिंदैन । यस्तो प्रकारको कार्यमा कार्यविधि तयार समेत गरेको नदेखिएकोले वितरणमुखी कार्यक्रम गर्दा वास्तविकता र आवश्यकतामा आधारित रही पारदर्शी तवरले गर्नुपर्दछ ।

| गो.भौ.नं | कार्यक्रम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १९।२०८१।१२।०७ | अपाङ्गता भएका ५० जना व्यक्तिलाई व्लयाङकेट वितरण | ९९७२२ | महिला तथा बालबालिका शिर्षकबाट |
| १९।२०८१।१२।११ | वडा नं १५ को ७५ जना जेष्ठ नागरिकलाई व्ल्याङकेट वितरण | १९४९२५ | महिला तथा बालबालिका शिर्षकबाट |
| १९९।२०८१।०६।२० | वडा नं २ को १५५ जना जेष्ठ नागरिकलाई व्ल्याङकेट वितरण | ३५६६०५ | |
| ९७७।२०८१।१२।२८ | मयुरनाच कलाकारको लागि ड्रेस खरिद | १००००० | |
| १०७७।२०८२।०१।१९ | वडा नं १५ को २१६ जना अति गरिब तथा विपन्न तथा जेष्ठ नागरिकलाई व्ल्याङकेट वितरण | ३९०५२८ | |
| **जम्मा** | | ११४१७८० | |

८६ **विद्युत महसुल भुक्तानीमा जरिवाना**

लुम्बिनी प्रदेशको सार्वजनिक खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यालय प्रमुखले विद्युत पानी लगायतको बिल भुक्तानी गर्दा जरिवाना नलाग्ने र सम्भव भएसम्म छुट लिने प्रवन्ध गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यस्ता प्रकृतिका खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्नेमा नमुना छनौट गरी परीक्षण गर्दा समयमा महसुल भुक्तानी नगरी जरिवाना समेत भुक्तानी गरेको देखिएकोल थप आर्थिक व्ययभार परेको देखिएको रु

| गो.भौ.नं/मिति | विवरण | कुल भुक्तानी | जरिवाना |
|---|---|---|---|
| ३८७।२०८१।०७।३० | आधारभुत स्वास्थ्य केन्द्र तथा महिला तथा रोजगार शाखाको बिजुली वापतको भुक्तानी | ९०१६७ | ११७५७ |
| ७३१।२०८१।११।११ | वडा नं ९ को विद्युत महसुल वापत भुक्तानी | ५०००० | ७८८१ |
| ७८९।२०८१।११।१९ | आधारभुत स्वास्थ्य केन्द्र वडा नं ८ को बिजुली भुक्तानी | ११००० | १७६८ |
| जम्मा | | | २१४०६ |

| | |
|---|---|
| अनियमित भएको | २१,४०६ |

८७ **कृषि अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धि अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत रू. १०,८९,७५०/- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकीकरण गर्नु गराउनु पर्दछ ।

| गो भौ नं मिति | कार्यक्रम | खर्च रकम रू. |
|---|---|---|
| १४।२०८१।११।१३ | ५०% अनुदानमा २२२ जना कृषकलाई च्याउको बीउ वितरण | २९७५०० |
| ३५।२०८२।०३।१७ | ५०% अनुदानमा १९ जनालाई मिनिटिलर र ८० जनालाई पम्मपसेट वितरण | ७९२२५० |
| **जम्मा** | | १०८९७५० |

८८ **सुत्केरी गाई/भैँसी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उत्पादन र छिटो प्रतिफल प्राप्त सकिने, आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने तथा जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने प्रकृतिको योजना छनौट गरी अधिकतम प्रतिफल दिने योजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाको पशु सुत्केरी भत्ता (गाई भैँसीलाई) अनुदान संचालन कार्यविधि, २०७५ बमोजिम सुत्केरी गाई भैँसीलाई पशु आहारा तथा भिटामिन मिनरल खरिदको लागि प्रति पशु रू.२,०००/- को दरले भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ । यस आ.ब मा पालिकाले सुत्केरी भत्ता वापत ५०० वटा पशुको लागि रू.१० लाख रकम भुक्तानी गरेको देखियो ।पालिकाले यस्ता प्रकृतिको कार्यक्रम संचालन गर्दा सिमित किसानहरु लाभान्वित हुने तर यसबाट पुँजी सिर्जना नहुन सक्ने भएकोले सो पालिकाको आन्तरिक आयलाई समेत तुलना गरी यस्ता प्रकृतिको कार्यक्रम संचालन गर्नुपर्दछ ।

८९ **पशु औषधी खरिद** (8-2081-11-22):

कोहलपुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियमावली,२०७६ को नियम १३० बमोजिम आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले नगरपालिकालाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५% को दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ ।पालिका ठेक्का (Banke/KOMUN/G/SQ-2/2081/82) बाट पशु औषधी खरिदको लागि पृथ्वी एग्रो भेट सेन्टरसँग रू.८,४१,०००/- को सम्झौता गरी सोही बमोजिम भुक्तानी खर्च लेखेको छ । संलग्न कागजात बमोजिम औषधी ढुवानीको लागि मितिः २०८१।०८।१९ मा कार्यादेश दिएकोमा मिति २०८१।०९।१० सम्म कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था रहेको देखियो।उक्त सप्लायर्सले मितिः २०८१।१०।१० मा भुक्तानीको लागि निबेदन माग गरेतापनि पालिकामा २०८१।१०।२३ मा मात्र निबेदन दर्ता भएको देखिन्छ ।अत: सप्लायर्सबाट सम्झौता अवधि भन्दा ४१ दिन ढिला गरी औषधी आपूर्ति भएकोले प्रत्येक दिनको ०.०५% को दरले ४१ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,२४० |

९० **व्यक्तिको नाममा भुक्तानी**

महालेखा नियन्त्रक कार्यालयको च.नं १४६ मितिः २०८०।०९।२६ को पत्रानुसार कुनै कार्यक्रम संचालनको लागि पेश्की नलिई पनि प्रभावकारी रुपमा कार्य संचालन तथा सम्पन्न गर्न सकिने अवस्थामा पेश्की नलिने र काम सम्पन्न भए पश्चात सेवा प्रदायकलाई EFT

मार्फत बैँक खातामा रकम भुक्तानी गर्ने तथा पेश्की लिनुपर्ने अवस्थामा पनि आवश्यक रकम मात्र पेश्की लिने र अन्य रकम सम्बन्धित सेवा प्रदायकको बैँक खातामा सोझै विद्युतीय रकम ट्रान्सफर EFT मार्फत भुक्तानी दिने ब्यवस्था रहेको छ । नमुना छनौट गरी लेखापरीक्षण गर्दा वडा समितिको मासिक बैठक भत्ता लगायतका अन्य कारोबारमा व्यक्तिको नाममा सोझै भुक्तानी गरी वडा सचिबको नाममा एकमुष्ठ भुक्तानी भएको पाइयो । पालिकाले कारोबार गर्दा सम्वन्धित व्यक्तिको नाममा EFT गरी भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ ।

९१ **बढी तलब भुक्तानी** (852-2081-12-03):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, प्रमाण, कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । वडा नं ९ को हेल्प डेस्क कर्मचारी सिता कुमारी शाहीलाई माघ महिनामा २३ दिन र फागुन महिनामा २२ दिन काम गरेवापत प्रतिदिन रू.७५०/- को दरले ४५ दिनको रू.३३,७५०/- भुक्तानी दिनुपर्नेमा रू.४१,२५०/- भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५०० |

९२ **योजना अनुगमन**

लुम्बिनी प्रदेशको स्थानीय तहको पदाधिकारीको सेवा सम्बन्धी ऐन, २०७६ को नियम १४(ख) मा स्थानीय तहको पदाधिकारीले यस ऐनले निर्धारित गरेको सुविधा बाहेक अन्य सुविधा नपाइने व्यवस्था रहेको साथै लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं १९ मा सार्वजनिक निकायको कार्य जिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरेवापत तलव वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा वा अतिरिक्त भत्ता लिन नपाइने व्यवस्था रहेको छ । आ.ब २०८१।८२ मा पालिकामा संचालित विभिन्न योजनामा उपाध्यक्षको संयोजकत्वमा रहेको योजना अनुगमन समितिको पदाधिकारी संलग्न भएको योजना अनुमगन समितिबाट विभिन्न मितिमा संचालित योजनामा अनुगमन गरेवापत अनुगमन भत्ता भुक्तानी गरी पालिकामा व्ययभार पारेको देखियो । प्रतिदिन ४/५ वटा योजना अनुगमन गरेको जनाइ प्रतिबेदन संलग्न गरी भुक्तानी गरेको पालिकाले छलफलको क्रममा जनाएतापनि पालिकास्तरमै भएको योजना अनुगमनको भत्ता नियन्त्रण गर्नुपर्ने देखिएको अनियमित रु

| गो.भौ.नं।मिति | भुक्तानी भएको शिर्षक | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २४४।२०८१।०६।२१ | भुक्तानी दिन बाँकी दायित्व चालु (अनुसूची १) | पालिकामा संचालित विभिन्न २१ वटा योजनाको अनुमगन | १३७००० |
| १२।२०८१।०९।१८ | कार्यक्रम खर्च | पालिकामा संचालित विभिन्न १० वटा योजनाको अनुगमन | ६३००० |
| २९।२०८२।०२।०९ | कन्टेन्जेन्सी खर्च | पालिकामा संचालित विभिन्न १४ वटा योजनाको अनुगमन | १०२००० |
| ३३।२०८२।०२।१८ | कन्टेन्जेन्सी खर्च | पालिकामा संचालित विभिन्न २९ वटा योजनाको अनुगमन | २२७००० |
| **जम्मा** | | | **५२९०००** |

| | |
|---|---|
| अनियमित भएको | ५,२९,००० |

९३ **अवलोकन भ्रमण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।उत्पादनमुखी तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा पालिकाले कर्मचारीको अवलोकन भ्रमणबाट बजेट विनियोजन गरी खर्च लेखेको छ । पालिकाले यस वर्ष अवलोकन भ्रमण कार्यमा बजेट विनियोजन गरी खर्च लेखेकोमा उत्पादनमुखी नदेखिएकोले यस्तो प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण निम्न छन् ।

| गो.भौ.नं/मिति | विवरण | रकम |
|---|---|---|
| ७४६।२०८१।११।११ | वडा नं ९ को जनप्रतिनिधि र कर्मचारीको २ दिने अवलोकन भ्रमण | १०८६२९ |
| ८४९।२०८१।११।२९ | वडा नं ११ को जनप्रतिनिधि तथा कर्मचारीको २ दिन अवलोकन भ्रमण | ८०००० |
| ९४७।२०८१।१२।१५ | वडा नं १ को जनप्रतिनिधि तथा कर्मचारीको ३ दिने अवलोकन भ्रमण | १००००० |
| ९६८।२०८१।१२।१६ | पालिकाको महिला जनप्रतिनिधिहरुको २ दिने अवलोकन भ्रमण | २००००० |

९४ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको साथै सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकावाट प्राप्त विवरण बमोजिम संघीय दरबन्दी बाहिर रहेका र सभाले दरबन्दी स्वीकृत गरेको पालिका दरबन्दी बाहेकका मेडिकल अफिसर, सब-इन्जिनियर, अ.न.मी लगायतका ७ जना कर्मचारीको व्यवस्थापन सर्वेक्षण नगरी तलब भत्ता भुक्तानी भएको अनियमित देखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | २३,६२,७७० |

९५ **क्षयरोग मुक्त अभियान** (414-2082-03-24):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो रकम पुष्टी गर्ने बिल, भरपाई, प्रमाण, कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ।क्षयरोग मुक्त अभियान निरन्तरताका लागि विभिन्न कार्यक्रम शिर्षकबाट कार्यक्रम सञ्चालन वापत स्वास्थ्य शाखा प्रमुख अनिल सेन ठकुरीलाई रु ४६८००० भुक्तानी दिएको देखिन्छ। १३ बैठकमा रू ५९५ का दरले कुल रकम रु १४२८० सहभागीले बुझेको नदेखिएकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२८० |

९६ **औषधी वितरण**

पालिकाले यस आ.ब मा आधारभुत र आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिदका लागि रु. ४६,७५,५८८/- खर्च लेखेको छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:-

| गो भौ नं मिति | सप्लायर्स | भुक्तानी रकम रू |
|---|---|---|
| ११०।२०८१।०९।२६ | मानसरोवर मेडि हेल्थ प्रा लि | १६४६८८९ |
| २२।२०८१।१२।१५ | मानसरोवर मेडि हेल्थ प्रा लि | २४९२३९९ |
| ४२।२०८२।०३।०२ | मानसरोवर मेडि हेल्थ प्रा लि | ५३६३०० |
| जम्मा | | ४६,७५,५८८ |

लागत अनुमान:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ ।लागत अनुमान तयार गर्दा केही फर्मवाट दररेट लिइ औषत दर कायम गरेको देखियो । लागत अनुमानको आधारका रुपमा दररेट लिइएका आपुर्तिकर्ताहरु आधिकारीक विक्रेता भए नभएको सम्बन्धमा कार्यालयले यकिन गरेको देखिएन। यसरी स्पष्ट आधारवेगर

लागत अनुमानको तयारी गर्दा खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी नहुन सक्ने देखिन्छ । यस्तै प्रकृतिको सामान खरिद गर्ने निकायहरुको लागत अनुमानको दररेट निर्धारण प्रकृया, बजारको वास्तविक दर तथा गुणस्तर समेत विश्लेषण गरी लागत अनुमान तयार हुनुपर्दछ ।

- आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफाइड भएको औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख भएको भएतापनि पालिकाकै स्वास्थ्यकर्मीबाट मुचुल्का उठाई राख्ने गरेको देखियो।पालिकाले सम्बन्धीत विषय विज्ञबाट मुचुल्का उठाई राखेमा औषधी खरिदमा गुणस्तरीयताको सुनिश्चितता हुने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाउनुपर्दछ।

- औषधीको आवश्यकता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधी, सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधी, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेतको यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नुपर्दछ।स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधीको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ त्यस्तै पालिकाबाट औषधी वितरण भएको औषधी स्वास्थ्य कार्यलयले व्यवस्थित अभिलेख राखी वितरण गरे नगरेको, स्वास्थ्य संस्थाले भणडारण व्यवस्थित गरे नगरेको र औषधीको उपयोगको अवस्था अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## ९७ **स्यानिटरी प्याड**

९७.१ (151-2081-11-19):
पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि निःशुल्क रुपमा स्यानिटरी प्याड र स्यानिटरी प्याड डिष्पोजल मेसिन खरिदवापत एन्जल टच हाइजिन म्यानुफ्याक्चरिङ लाई देहायको दर र परिमाण अनुसारको रु २७,९०,४०८ भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन् ।

| सामान | दर | परिमाण | रकम रु |
|---|---|---|---|
| स्यानिटरी प्याड | २५.७९ | ८५४२० | २४८९३६९ |
| स्यानिटरी प्याड डिष्पोजल मेसिन | २१००० | २० | ४२०००० |

९७.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तीले आफ्नो जिम्मामा आएको जिन्सी माल सामान ७ दिन भित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्यानिटरी प्याड डिष्पोजल मेसिन खरिद गरेकोमा खर्च भएर जानेमा जिन्सी दाखिला गरेकोमा विद्यालयमा दाखिला गरेको देखिएन। २० विद्यालयको जिन्सी खातामा Sanitary pad disposal machine 2-3 pads per cycle100 pads per day,700 watt AC 50hv स्पेसिफिकेसन भएको डिस्पोजल मेसिन विद्यालयहरुको जिन्सी खातामा दाखिला गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२०,००० |

९७.३ स्यानिटरी प्याड व्यबस्थापन कार्यविधि २०७६ को अनुसूची १ मा स्यानिटरी प्याडको न्यूनतम मापदण्ड तोकेको छ।जसमा प्याडको लम्बाई + २४०mm, चौडाई ६० देखि ७५mm, मोटाई १५mm+ २mm हुनुपर्ने व्यवस्था छ। पालिकाले ई विड मार्फत खरिद गरी एन्जल टच हाइजिन म्यानुफ्याक्चरिङ बाट प्रति प्याड रु.२५.७९ का दरले ८५४०० प्याकेटको भुक्तानी दिएकोमा पालिकाले कम्तिमा २८० mm को हुनुपर्ने भनी कार्यविधि वेगर स्पेसीफिकेसन तयार गरेको पाईयो जसअनुसार सप्लायर्सले २८८ mm को प्याड सप्लाई गरेको देखियो।यस विषयमा शिक्षा शाखासँग छलफल गर्दा कार्यविधिले तोकेको साइजको प्याड खरिद गर्दा विद्यार्थीबाट साइज सानो भएको गुनासो आइ प्रयोग नहुने अवस्था रहेको जनाएको छ।

९७.४ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ६(४) मा विद्यालयका सम्पर्क व्यक्तिले छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ, जसअनुसार प्रत्येक छात्राले १० महिनामा २० प्याकेट प्याड पाउनु पर्ने देखिन्छ।पालिकाले पेश गरेको IEMIS तथ्याङ्क अनुसार कक्षा ६-१२ सम्मका छात्राको संख्या ४२७१ जना रहेकोमा पालिकाले विद्यार्थी संख्याका आधारमा नै प्याड खरिद गरेको देखिन्छ।पालिकाले वर्षान्तमा प्याड खरिद गरी विद्यालयलाई वितरण गरेको जनाएको छ।पालिकाले स्यानिटरी प्याड मौज्दात नरहेको जनाएकोमा विद्यालयमा मौज्दात रहेको संख्यात्मक विवरण प्राप्त भएन।पालिकाले विद्यालयमा रहेको स्यानिटरी प्याडको मौज्दात संख्या यकिन गरी आवश्यकताको आधारमा छात्रा विद्यार्थीलाई स्यानिटरी प्याड पुग्ने गरी वितरण गर्नुपर्दछ त्यस्तै विद्यालयमा पठाइसकेको प्याडको गुणस्तरीयता कायम हुने गरी भण्डारण भए नभएको अनुगमन गर्नुपर्दछ।

९७.५ सोही कार्यविधिको दफा १६ मा सामुदायिक विद्यालयमा सेनिटरी प्याडको प्राप्ति, सुरक्षित भण्डारण, वितरण, सदुपयोग तथा किशोरी स्वास्थ्य र प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनाका लागि विद्यालयस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यबस्था भएकोमा सो समिति गठन भएको पाइएन।पालिकाले विद्यालयमा सेनिटरी प्याडको प्राप्ति, सुरक्षित भण्डारण, वितरण, सदुपयोगका लागि समिति गठन गर्नुपर्ने साथै दफा २१ मा यस कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा पालिकाले सो पठाएको पाइएन।पालिकाले विद्यालयहरुमा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्नुपर्दछ साथै पालिकाले प्रगति विवरण मन्त्रालयमा पठाउनुपर्दछ।

९८ **ब्युटिपार्लर तालिम** (146-2081-06-15):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था रहेको साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको हकमा बाहेक एक लाख रुपैया भन्दा बढी खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। वडा नं. १५ मा ५० जना महिलाहरुलाई ७ दिनसम्म ब्युटिपार्लर तालिम संचालन गरेवापत समाज सेवा संस्था नेपाललाई रू.१७९,६३०/- भुक्तानी दिएको छ।सो तालिम पश्चात कति जनाले व्यवसाय संचालन गरेको तथा प्रशिक्षार्थीहरुले व्यवसाय तथा उद्यम सुरु गरे/नगरेको तथा सो बाट जनताको जीवनस्तरमा परिवर्तन भए/नभएको सम्बन्धमा अनुगमन मूल्याङ्कन भएको पाइएन ।उक्त तालिम संचालनको लागि कति जनालाई तालिममा सहभागी गराउने, कति दिन संचालन गर्ने लगायतका विषय समेटी लागत अनुमान तयार तथा स्वीकृत नगरी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | १,७९,६३० |

९९ **मगर भाषा प्रशिक्षण कार्यक्रम** (135-2081-06-10):

यस पालिका वाट मिति २०८०।११।०९ मा स्वीकृत निर्णयमा विभिन्न प्रकारका सीप विकास तालिम संचालनको लागि लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ मा तोकिएको (मुख्य प्रशिक्षकको लागि रू.४०,०००/- र सहायक प्रशिक्षकको लागि रू.३२,०००/-) पारिश्रमिकको ५०% पारिश्रमिक निर्धारण गरेको देखियो । वडा नं १ मा आ.ब २०८०।८१ (२०८१।०१।०९-२।१६ सम्म) ३० दिन अवधिको लागि मगर भाषा तालिम संचालन गर्दा प्रशिक्षक तथा सहायक प्रशिक्षकलाई एकमुष्ठ रुपमा मासिक प्रशिक्षक भत्ता उपलब्ध उपलव्ध गराउंदा उक्त निर्णय अनुसार मुख्य तथा सहायक प्रशिक्षकको ५० प्रतिशतले हुने दरले रकम उपलब्ध गराउनुपर्नेमा देहाय बमोजिम वढि भुक्तानी भएको देखियो ।अत: वढि भुक्तानी रकम सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रकम रू.

| पद | नाम थर | प्रशिक्षण अवधि | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| प्रमुख प्रशिक्षक | गगन बहादुर थापा मगर | ३० दिन | ३६००० | २०००० | १६००० |
| सहायक प्रशिक्षक | जित बहादुर थापा | ३० दिन | ३०००० | १६००० | १४००० |
| **जम्मा** | | | | | **३००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

१०० **कर कट्टी दाखिला नभएको** (378-2082-03-17):

आय कर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिलाई सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।विद्यार्थीलाइ कामको संसार चिनाउने कार्यक्रम शिर्षकबाट सगरमाथा ज्ञानपुञ्ज माविलाई रू १,४७,३८० भुक्तानी भएकोमा कार्यक्रम सञ्चालनमा भएको खर्चमा करकट्टी भएको रकम रु ७,१६० दाखिला नभएकोमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,१६० |

१०१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

१०१.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो बाटो मर्मत, पदमार्ग तथा नाली व्यवस्थापन, मोटरबाटो कुलो निर्माण योजना लगायतका कार्यक्रम सञ्चालनको लागि रु.७३,१६,०००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार १२३ जनालाई बढीमा १०० दिन र कम्तिमा १३ दिन गरी औसतमा २८ दिनको कार्यक्रम तथा तालिम खर्चमा खर्चमा रु.५५,९८,७५२/- र प्रशासनिकमा रु.१४,८१,२४८/- गरी जम्मा रु.७०,८०,००० /- खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।

१०१.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकी वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राही परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

१०१.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ ।दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधार हुनु पर्दछ ।

१०१.४ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूची तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमुलक र रोजगारमुलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १०१.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०२ **राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम** (402-2082-03-24):

राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड २०७७ को परिच्छेद ५ मा कार्यक्रमको अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धमा व्यवस्था छ।जसमा कार्यक्रमको अनुगमन स्थानीय तहले गर्ने उल्लेख छ त्यस्तै परिच्छेद ६ मा कार्यक्रम सञ्चालन पश्चात सम्बन्धित संस्थाले प्रचलित कानुनबमोजिम लेखा परिक्षण गराई सोको प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यक्रम सञ्चालनका लागी रू ८,७७,९७२ भुक्तानी गरेकोमा कार्यक्रम संचालन गर्ने संस्था कोहलपुर साना किसान कृषि सहकारी संस्थाले कार्यक्रम सञ्चालन पछिको लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन भने पालिकाले कार्यक्रमको सञ्चालन सम्वन्धमा अनुगमन गरेको देखिएन।मापदण्डको पालना गरी पालिकाले संस्थालाई लेखापरीक्षण प्रतिवेदन पेश गरी जवाफदेही वनाउने तथा कार्यक्रमको सञ्चालन समयमा अनुगमन समेत गरी कार्यक्रमको प्रभावकारीता परीक्षण गर्नुपर्ने देखिन्छ।

१०३ **निकासा विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा वा एकीकृत ढाँचा तयार गरी विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको पाइएन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने तथा दोहोरो निकासा हुन सक्ने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक र व्यवस्थित गरी राखु पर्दछ।

१०४ **शैक्षिकगुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर: कार्यक्रम कार्यान्वयन कार्यविधिमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख)निजी विद्यालय व्यवस्थापन: राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(ग)विद्यालयहरुको लेखापरीक्षण: कार्यक्रम कार्यान्वयन कार्यविधिमा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यबस्था छ । पालिका अन्तर्गत ३१ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व.२०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म विद्यालयहरूले लेखापरीक्षण नगराएको जानकारी प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान निकासा हुने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

(घ)अनुगमन: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाई प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नुपर्दछ ।

१०५ **नगर शिक्षा नीति तथा योजना निर्माण** (251-2081-06-22):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिका र काठमाडौ विश्वविद्यालय, स्कुल अफ एजुकेशनबीच कोहलपुर नगरपालिकाको शिक्षा तथा खेलकुद नीति तथा योजना निर्माण गर्न २०८०।०९।१९ गते सम्झौता भएको देखिन्छ । सम्झौताको दफा २(ग) बमोजिम सेवा प्रदायकले सरोकारवालासँग छलफल र अन्तक्रिया गर्नुपर्ने व्यवस्था रहेको तथा सोही दफाको उपदफा (ङ) मा नीति तथा योजनाको मस्यौदा उपर कम्तिमा ३ पटक सरोकारवालासँग छलफल गराउनुपर्ने व्यवस्था रहेको देखिन्छ । सो व्यवस्था बमोजिम सरोकारवालासँग छलफल गरी नीति मस्यौदा तयार गरेको प्रमाण संलग्न छैन । नगरकार्यपालिका तथा सभाले उक्त मस्यौदा कार्यान्वियनयोग्य भएको आधारमा स्वीकार गरी पारितको लागि प्रक्रिया अगाडी बढाएको समेत देखिदैन । सेवा प्रदायकले मिति २०८१।०१।२३ मा नीति तथा योजनाको शुरुवाती मस्यौदा कपि पेश गरेकोमा सोही आधारमा भुक्तानी भएको देखिन्छ । उक्त नीति हालसम्म कार्यपालिका तथा सभाबाट पारित भई कार्यान्वयनमा आएको समेत देखिदैन । तसर्थ नीति मस्यौदा तयारी बापत उल्लिखित बमोजिम काठमाडौ विश्वविद्यालय, स्कुल अफ एजुकेशनलाई भुक्तानी भएको उपयोगमा नआएको देखिएकोले यस सम्बन्धमा यकिन गरी उपयोगमा ल्याउनुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

१०६ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ति भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । यस पालिका अन्तरगत रहेका ३१ वटा विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्याको विवरण निम्नानुसार छः

पालिकाबाट प्राप्त विद्यालयका शिक्षक पदपूर्ति र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ३१ विद्यालयमा ४३६ शिक्षक रहदा जम्मा विद्यार्थी १५२४२ रहेका छन् । शिक्षक विद्यार्थी अनुपात अधिकतम ७१ देखि ५ प्रतिशत सम्म रहेको देखियो ।समग्र पालिकास्तरमा शिक्षक विद्यार्थी अनुपात १:३५ रहेको छ ।साथै शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार तराई जिल्लामा ५० हुनुपर्नेमा मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा

व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ।

**(विस्तृत विवरण बेरूजु दफा १०६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०७ **वित्तीय साक्षरता कार्यक्रम** (180-2081-06-18):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवा खरिद गर्दा सार्वजनिक निकायमा कार्यरत जनशक्तिले नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरेर प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।नगरपालिका र नमस्ते बहुउद्धेश्यीय सहकारी संस्था लि. बिच २०८१ आषाढ ०२ गते भएको सम्झौता बमोजिम वित्तीय साक्षरतासम्बन्धी तालिम संचालन रु.९८,४६० भुक्तानी भएको छ । उक्त तालिमको प्रशिक्षक रहनु भएका मध्येका एक प्रेम प्रसाद जैसीको शैक्षिक योग्यता शिक्षा संकायमा नेपाली विषय अध्ययन गरेको देखिन्छ भने अर्का प्रशिक्षक नगरपालिकाको सहकारी उप-शाखामा कार्यरत कर्मचारी अग्निप्रसाद आचार्य रहेको देखिन्छ । यसरी पालिकाले आफ्नो जनशक्तिले कार्य गर्न नभ्याउने आधारमा संस्थालाई कार्य गर्न दिएको तर प्रशिक्षकको रुपमा पालिकाकै कर्मचारीलाई संस्थाले कामकाजमा लगाएकोले संस्थालाई कार्य गर्न दिई भुक्तानी भएकोले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९८,४६० |

१०८ **शैक्षिक संस्थाहरुलाई चालू अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) सरकारी निकायले खर्च गर्दा विल भरपाई र रित पुगेको वा नपुगेको भनि चेकजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले आधारभूत तथा माध्यमिक सबै तहका विद्यालयलाई समान प्रति विद्यालय रु.५०,००० अनुदान दिएको देखिन्छ ।नगर शिक्षा समितिको निर्णयबाट पालिकाले गो.भौ.नं. ५१-०८२।०१।०८ बाट ३० वटा विद्यालयहरुलाई प्रति विद्यालय रु.५०,००० ले भुक्तानी भएको रु.१५,००,००० अनुदान उपलव्ध गराएको देखियो । उक्त अनुमानको सदुपयोग समबन्धमा विवरण तथा कार्यप्रगति लिनुपर्ने देखिन्छ।

१०९ **शैक्षिक अनुदानको उपयोग**

स्थानीय सरकार संचालन ऐनको दफा २४ मा योजना तथा कार्यक्रम तर्जुमा गर्दा प्रतिफलमुखी र दिगो कार्यक्रममा खर्च हुने गरी तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी परिक्षण गर्दा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रका विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षा शाखा मार्फत संचालन हुने गरी बजेट व्यवस्था गरेकोमा सोको कार्यान्वियन र खर्चको स्थिति देहायबमोजिम रहेको छ ।

| क्र.सं. | बजेट तथा कार्यक्रम | विद्यालयको नाम | खर्चको स्थिति | | | गो.भौ.नं. र मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | खाजा/खाना खर्च | भत्ता | शैक्षिक सामाग्री | | |
| १ | पढाई सिप विकास कार्यक्रम | विद्याज्योति प्राथमिक विद्यालय चपरगौडी | ३७,९४० | ५,२५० | १७,१९० | ११८-०८२।०३।१७ | ५०,००० |
| २ | न्युन सिकाई भएका विद्यार्थीहरुलाई थप कक्षा कार्यक्रम | नेपाल राष्ट्रिय आधारभूत विद्यालय चौधरीया | २६,४२० | ६२,१७० | ९,४३० | ११७-०८२।०३।१७ | ९८,००० |

उल्लिखित खर्च विवरण अनुसार शैक्षिक सुधारका लागि कार्यान्वयन भएका कार्यक्रमहरु शैक्षिक गतिविधि केन्द्रित हुनुपर्नेमा खाजा खाना र भत्ता केन्द्रित देखिएकोले यस्ता कार्यक्रम तर्जुमा गर्दा शैक्षिक गतिविधि केन्द्रित हुनुपर्दछ ।

११० **दिवाखाजा**

पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले दिवा खाजा वापत औसत १४२ दिनको ६,०७२ जना विद्यार्थीलाई ८,६१,८९५ हाजिरी दिन वापतको रकम भुक्तानी गरेको विवरण उपलब्ध गराएकोमा देहायको भौचर र मितिमा दिवा खाजावापतको भुक्तानी गरेको देखियो।

| क सं | गो भौ नं मिति | रकम रु |
|---|---|---|
| १ | २८।२०८१।०६।२४ | २७२८७१० |
| २ | १२८।२०८१।११।०२ | ३००६८५५ |
| ३ | २२९।२०८२।०१।१५ | ३३८५७५५ |
| ४ | २९३।२०८२।०२।२६ | १३२८३२५ |
| ५ | ३५७।२०८२।०३।११ | १७२०२४५ |
| ६ | ३८१।२०२८।०३।१८ | ७५८५३५ |
| जम्मा | | १,२९,२८,४२५ |

कार्यक्रम कार्यन्वयन कार्यविधिको क्रियाकलाप नं.२.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि संघीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित गर्दा राष्ट्रियस्तरमा देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतलाई आधार मानी औसतरूपमा प्रति विद्यार्थी वार्षिकरूपमा १८० दिनका दरले उपलब्ध भएसम्म स्थानीय उत्पादन समेतमा आधारित दिवा खाजा व्यवस्थापनका लागि सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि रकम दिने, दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गर्ने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समुहबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बिलभरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने, विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने लगायतका व्यवस्था भएकोमा सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेको छ। पालिकाले उल्लेखित कार्य गरेको देखिएन। पालिकाले कार्यविधिको पालना गरी दिवा खाजाको समुचित व्यबस्थापन गर्नुपर्दछ।

१११ **पाठ्यपुस्तक वापतको रकम निकासा**

कार्यक्रम कार्यन्वयन कार्यविधिको क्रियाकलाप न. २.४.६.२ सार्वजनिक विद्यालयका विद्यार्थीका लागि प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि विद्यालयले माग गरेको विद्यार्थी सङ्ख्यासहित रकमलाई EMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्ययपुस्तकको सङ्ख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत कक्षागत दररेटका आधारमा (कक्षा ९-१०को ऐच्छिक विषय समेतको) हिसाब गरी अनुदान उपलब्ध गराउने व्यबस्था छ।पालिकाले गो भौ नं मिति २०३-२०८२।०१।०३ बाट पालिकाले ७५% वापतको रकम रू ५९,८१,२७७ र गो भौ नं मिति ३६१-२०८२।०३।१२ बाट नपुग रकम रु ३०,३८,८३१ भुक्तानी गरेको देखिन्छ।पालिकाले रकम निकासा गर्दा पाठ्यक्रम विकास केन्द्रले तोकेको मूल्य सूचीमा उल्लेखित १०० पूर्णाङ्कका विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्य सूचीमध्ये न्यूनतम मूल्यका आधारमा स्थानीय पाठ्यपुस्तक समेतको रकम निकासा गरेको छ भने थप रकम भुक्तानी गर्दा विद्यालयको मागको आधारमा निकासा दिएको देखिन्छ।लेखापरीक्षणको क्रममा केही विद्यालयको हाजिरी रजिष्टर माग गरी विद्यार्थीको हाजिरी हेर्दा विद्यालयहरुको EMIS मा प्रविष्टी भएको विद्यार्थी संख्या र दैनिक हाजिरी रजिष्टरमा रहेको संख्यामा केही भिन्नता रहेको देखियो। पालिकाले स्थानीय पाठ्यपुस्तक वापतको रकम समेत एकमुष्ट निकासा गरेको र बिद्यार्थी संख्या अनुसारको निकासाको विवरण तयार नगरेकोले रकम बढि निकासा भए नभएको यकिन गर्न सकिएन। पालिकाले पाठ्यपुस्तक वापतको रकम निकासा दिँदा वास्तविक

विद्यार्थी संख्या यकिन गरेको देखिएन भने विद्यालयले पेश गरेको पाठ्यपुस्तक खरिदको विजक र भरपाईको आधारमा रकम भुक्तानी गरेको देखिन्छ।पालिकाले वास्तविक विद्यार्थी भन्दा बढी भुक्तानी भए नभएको यकिन गरी बढि भुक्तानी भएको रकम असूल गर्नुपर्दछ।

११२ **स्थानीय पाठ्यपुस्तक** (361-2082-03-12):

कार्यक्रम कार्यन्वयन कार्यविधिको क्रियाकलाप नं २.४.६.२ मा स्थानीय विषय/मातृभाषाको पाठ्य सामग्री व्यवस्थापन अन्तर्गत विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम स्थानीय तह/विद्यालयबाट विकास भई स्वीकृत भएको पाठ्यक्रममा आधारित स्थानीय विषय/मातृभाषाको समेत पठ्यपुस्तक/पाठ्यसामग्री स्वीकृत गरी स्थानीय तहले प्रत्येक विद्यार्थीलाई मुद्रीत प्रति उपलब्ध गराउने गरी रकम वा पाठ्यसामग्री विद्यालयलाई उपलब्ध गराउने उल्लेख छ। यस प्रयोजनका लागि तोकिएको कक्षाका लागि विषयगत मूल्य सूचीमा उल्लेखित १०० पूर्णाङ्कका विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्य सूचीमध्ये न्यूनतम मूल्य तोकेको विषयको मूल्यभन्दा वढी खर्च संघीय अनुदानबाट नगर्ने व्यवस्था रहेको छ।पालिकाले स्थानीय पाठ्यपुस्तकका लागि कक्षा १ देखि ५ सम्मका लागी सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागी निःशुल्क पाठ्यपुस्तक अनुदान शिर्षकबाट पालिकाभित्रका ३१ विद्यालयलाई पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको मूल्य सूचीलाई आधार लिएर ७५% वापतको रकम निकासा गरेतापनि थप रकम उपलब्ध गराउँदा विद्यालयको मागको आधारमा स्थानीय पाठ्यपुस्तकको खरिद वापतको सबै रकम संघिय सशर्तबाट रु ७८२३८० भुक्तानी गरेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,८२,३८० |

११३ **लेखापरीक्षण प्रतिवेदन**

शिक्षा नियमावली, २०५९ को नियम १७१ मा सामुदायिक विद्यालयको लेखापरीक्षक नियुक्ती गरी लेखापरीक्षण गराउने व्यवस्था छ । शिक्षा युवा तथा खेलकुद विकास शाखामा सामुदायिक विद्यालयहरुले आर्थिक वर्ष २०८०।८१ को समेत सबै विद्यालयले लेखापरीक्षण प्रतिवेदन पेश गरेको पाईएन।प्रतिवेदन पेश गरेका केही विद्यालयहरुले नमुना छनौट गरी लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा देहायको विद्यालयलाई निकासा गरेको सशर्त र पालिकाको स्रोत सालबसाली रुपमा खर्च गर्नु पर्ने रकम खर्च नगरी विद्यालयको खाता राखेको देखिएकोले खर्च नभएको रकम रु. २,०२,९९५ ।- विद्यालयबाट असुल गर्नु पर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | शीर्षक | आय रू | खर्च रू | बाँकी रकम रू |
|---|---|---|---|---|---|
| १ | कृष्ण मा वि, कौशिलानगर | छात्रवृत्ति | ४६९९२० | २६६९२५ | २०२९९५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०२,९९५ |

११४ **विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम**

नमुना छनौट गरी परीक्षण गर्दा विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम अन्तर्गत देहायको विद्यालयलाई रकम निकासा गरेकोमा देखिएको व्यहोरा निम्नानुसार छः

| गो भौ नं मिति | विद्यालयको नाम | भुक्तानी रकम रू |
|---|---|---|
| ३८२।२०८२।०३।१९ | त्रिभुवन मा वि | ३१८४५० |
| ३८५।२०८२।०३।२० | ज्ञानज्योती माध्यमिक विद्यालय चप्परगौडी | १६९३५५ |
| ४०७।२०८२।०३।२४ | सरस्वती मा वि | १०४००० |

कार्यक्रम सञ्चालनको विवरण तयार गर्दा विद्यालयले कार्यक्रम सञ्चालन मिति, समय र प्रशिक्षण गरेको सेसन खुल्ने गरी एकिकृत विवरण तयार नगरेको, प्रशिक्षण कार्यक्रममा शिक्षण गरिएको विषय खुल्ने गरी विवरण तयार नगरेको, विद्यालयभित्रै सञ्चालित शैक्षिक कार्यक्रमको समेत अनुगमन भत्ता भुक्तानी भएको, विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम अन्तर्गत गरिने क्रियाकलाप वापतको खर्चको

विवरण छुट्टाछुट्टै खुल्ने गरी तयार नगरेको जस्ता व्यहोरा देखिएका छन।मितव्ययी तरिकाले कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान दिई अनुदानको प्रभावकारी उपयोगको सम्बन्धमा पालिकाले कार्यक्रमको अनुगमन समेत गर्नुपर्ने देखिन्छ।

११५ **छात्रवृत्ति बढी निकासा** (222-2082-01-12):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो रकम पुष्टी गर्ने बिल, भरपाई, प्रमाण, कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाभित्रका विद्यालयमा छात्रवृत्तिको रकम निकासा गरेकोमा देहायका विद्यालयलाइ बिद्यार्थीले बुझेको भरपाई भन्दा बढि छात्रवृत्ति रकम निकासा भएको असुल गर्नुपर्ने रू

| गो भौ नं मिति | विद्यालयको नाम | निकासा | भरपाइ | असूल गर्नुपर्ने रकम रू |
|---|---|---|---|---|
| २२२। २०८२ ।०१।१२ | ने रा मा वि खड्कवार | ७६८०० | ७४४०० | २४०० |
| | शिवशक्ती आ वि | ८३६०० | ७६०० | ७२०० |
| | सरस्वती मा वि | ६५६०० | ६२४०० | ३२०० |
| | मदरसा रहमातुल उलुम | २७६०० | २२००० | ५६०० |
| | सिद्धार्थ मा बि | ३३२०० | २६४० | ६८०० |
| जम्मा | | | | २५२०० |

| असुल गर्नुपर्ने | २५,२०० |
|---|---|

११६ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ ।पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रू.२६,०९,१७,९५२.६७ बैङ्कलाई निकासा गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

-लाभग्राहीको अभिलेख:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन ।साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ ।

-बैँक विवरण: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको बुँदा नं १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था गरेको छ ।पालिकाले ११ वटा बैङ्कबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाले बैङ्कबाट फिर्ता गर्नुपर्ने रकम यकिन गरेको देखिएन। मृत्यु पछि खातामा रहेको रकम यकिन गरी फिर्ता गर्न बाँकी रकम फिर्ता गर्नुपर्ने देखिन्छ।

-पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ । त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानीय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत

सार्वजनिक गर्नुपर्दछ। भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखित कार्यहरु भएको पाइएन ।

- सामाजिक सुरक्षा तथा संरक्षण तर्फको सामाजिक सुरक्षा भत्ता बितरण भई बैङ्कमा बाँकी रहेको बास्तबिक रकम कार्यालयको बिवरणमा एकिन हुन सकेन ।आगामी दिनमा कार्यालयले अघिल्लो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण पश्चात आगामी त्रैमासिकको लागि रकम निकाशा माग गर्दा अघिल्लो त्रैमासिकमा बचत हुन गएको वास्तविक रकम को.ले.नि.का. एकलखाता कोषमा फिर्ता गरेर मात्र निकाशा माग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

-सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मुल अभिलेखमा समेत जनाउनु पर्नेछ, कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियामावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्ने, यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्ने, कुनै लाभग्राहीका प्रचलित कानून बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै श्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्ने, यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेकोमा दोहोरो दर्ता, बसाईसराई, नवीकरण नगराएको, मृत्युको गरी वर्षभरीमा जम्मा ५८७ जनाको लगत कट्टा गरेको देखियो। पालिकाले लगत कट्टा समयमै गर्ने र लगत अद्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कोहलपुर नगरपालिका, बाँके , कोहलपुर नगरपालिका , बाँके

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Man Bahadur Giri | २०८१-६-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | युवराज अधिकारी | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,४६०,६२६ | १७,९२१,०५४ | ८,८८८,३५९ | ० | ० | १२,९४०,१८० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४५,२१०,२१९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ७७८,००० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४४,४३२,२१९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १२७७३२२२१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५२२०२६०३७ | चालु खर्च | ६४०२७९४८४ |
| प्रदेश सरकारबाट अनुदान | ३९८३२६६९ | पूँजीगत खर्च | २७६२५७०९० |
| राजश्व बाँडफाँट | १५८७०५४११ | वित्तीय/अन्य व्यवस्था | ४१९७२५०८८ |
| आन्तरिक आय | २२२६२९७२१ | | |
| अन्य आय | ३७५८७९५३१ | | |
| कुल आय | १३१९०७३३६९ | कुल खर्च | १३३६२६१६६२ |
| बाँकी मौज्दात | | ११०५४३९२८ | |

## अनुसूची - २

## बेरूजु दफा ४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ३०,१७,७०,९४५.९४ | ० | ३०,१७,७०,९४५.९४ | २५,५३,७६,३२४.२८ | ० | २५,५३,७६,३२४.२८ |
| १३००० | अनुदान | | ५४,९१,२३,६३१.१० | ० | ५४,९१,२३,६३१.१० | ५२,१०,६०,३३५.२७ | ० | ५२,१०,६०,३३५.२७ |
| १४००० | अन्य राजस्व | | ७,४७,६५,६०४.८४ | ० | ७,४७,६५,६०४.८४ | ४,२८,९२,३५०.७४ | ० | ४,२८,९२,३५०.७४ |
| १५००० | विविध प्राप्ति | | ४७,९८,५८१.०० | ० | ४७,९८,५८१.०० | ० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | | ९३,०४,५८,७६२.८८ | | ९३,०४,५८,७६२.८८ | ८१,९३,२९,०१०.२९ | | ८१,९३,२९,०१०.२९ |
| ३ | चालु | | ६४,०२,७९,४८४.४० | ० | ६४,०२,७९,४८४.४० | ५७,३५,२३,८३२.४७ | ० | ५७,३५,२३,८३२.४७ |
| २१००० | पारिश्रमिक/ सुविधा | | ८,१०,२६,७९१.९४ | ० | ८,१०,२६,७९१.९४ | २४,८६,००,४०२.०८ | ० | २४,८६,००,४०२.०८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ५५,६५,०५,२८३.४६ | ० | ५५,६५,०५,२८३.४६ | ३२,२७,९०,१३२.३९ | ० | ३२,२७,९०,१३२.३९ |
| २७००० | सामाजिक सुरक्षा | | १४,९९,६८४.०० | ० | १४,९९,६८४.०० | १५,१५,२९८.०० | ० | १५,१५,२९८.०० |
| २८००० | अन्य खर्च | | १२,४७,७२५.०० | ० | १२,४७,७२५.०० | ६,१८,०००.०० | ० | ६,१८,०००.०० |
| ४ | पूंजीगत | | २८,७१,६३,०५५.०० | ० | २८,७१,६३,०५५.०० | २७,७८,७५,५६७.१४ | ० | २७,७८,७५,५६७.१४ |
| ३१११० | भवन तथा संरचना | | ८,०४,४०,२९६.०० | ० | ८,०४,४०,२९६.०० | ५,३९,८७,७१४.०० | ० | ५,३९,८७,७१४.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २९,१२,०९९.०० | ० | २९,१२,०९९.०० | २,५५,५१,३०२.०० | ० | २,५५,५१,३०२.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० | ३,०१,३५०.०० | ० | ३,०१,३५०.०० |
| ३११५० | सार्वजनिक निर्माण | | २०,३८,१०,६६०.०० | ० | २०,३८,१०,६६०.०० | १९,७४,२०,१३३.१४ | ० | १९,७४,२०,१३३.१४ |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | ६,१५,०६८.०० | ० | ६,१५,०६८.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ९२,७४,४२,५३९.४० | | ९२,७४,४२,५३९.४० | ८५,१३,९९,३९९.६१ | | ८५,१३,९९,३९९.६१ |
| ग) | **बचत/कमी (ग = क-ख )** | | ३०,१६,२२३.४८ | | ३०,१६,२२३.४८ | (३,२०,७०,३८९.३२) | | (३,२०,७०,३८९.३२) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (२,०२,०४,५७६.४६) | | (२,०२,०४,५७६.४६) | (३३,२६,३५३.४२) | | (३३,२६,३५३.४२) |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (१,७१,८८,३५२.९८) | | (१,७१,८८,३५२.९८) | (३,५३,९६,७४२.७४) | | (३,५३,९६,७४२.७४) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | १२,७७,३२,२२१.४२ | | १२,७७,३२,२२१.४२ | १६,३१,२८,९६४.१६ | | १६,३१,२८,९६४.१६ |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ११,०५,४३,८६८.४४ | | ११,०५,४३,८६८.४४ | १२,७७,३२,२२१.४२ | | १२,७७,३२,२२१.४२ |

| सि.न. | राजश्वको नाम | २०७९/०८०को असुली | २०८०/०८१को असुली | २०८१/०८२को अनुमान | २०८१/०८२को असुली | २०८०/०८१को तुलनामा बढी/ घटी | बढीघटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सम्पति कर | ९५७२४७५ | ८९७२१२९ | ९५००००० | ११००४३५८ | २०३२२२९ | १८ |
| २ | भुमिकर/ मालपोत | १०४२०५३६ | ९२४७९९३ | ९५००००० | १५९३४३२७ | ६६८६३३५ | ४२ |
| ३ | वहालकर | १४१९९२३३ | १६८७२०८६ | ८५००००० | १४११०४५२ | -२७६१६३५ | -२० |
| ४ | वहालविटौरी कर | ४२७३३३० | ५१३०८१५ | २६५००००० | ४७५६३०१ | -३७४५१४ | -८ |
| ५ | सवारीसाधन कर (साना सवारी) | ० | १५९५०० | २५००००० | ३३८००० | १७८५०० | ५३ |
| ६ | अन्यमनोरञ्जन कर | ५०० | ० | ० | ५५० | ५५० | १०० |
| ७ | व्यवसायलेभुक्तानी गर्ने | ० | ० | ० | २४५०० | २४५०० | १०० |
| ८ | अन्यकर | ० | ४७८०७८१ | ० | २४५०० | -४७५६२८१ | -१९४१३ |
| ९ | अन्यनिकायबाट प्राप्त लाभांश | १००० | ९०० | ० | ३००० | २१०० | ७० |
| १० | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ६२००० | ३८८३४९३ | १३५००००० | १५७०३६०९ | ११८२०११६ | ७५ |
| ११ | अन्यबिक्रीबाट प्राप्त रकम | ४९४८०८ | ४१९३३८ | २८००००० | २९६६७८ | -१२२६६० | -४१ |
| १२ | विद्युतसेवा शुल्क | ० | ० | | १०८० | १०८० | १०० |
| १३ | अन्यसेवा शुल्क तथा बिक्री | ७५०४२० | ४१३४४९ | १६००००० | २०२२७४ | -२१११७५ | -१०४ |
| १४ | न्यायिक दस्तूर | ० | २०० | ० | ४०० | २०० | ५० |
| १५ | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | ० | २७९०० | २७९०० | १०० |
| १६ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ५२४००० | ० | ७५७७५१ | २३३७५१ | ३१ |
| १७ | नक्सापास दस्तुर | १८१५६५४७ | १५१७५५६८ | २३५००००० | १६४२०१८५ | १२४४६१७ | ८ |
| १८ | सिफारिश दस्तुर | ६२४३४४४ | ६१९६५६० | ११५००००० | ६५७७२७५ | ३८०७१५ | ६ |
| १९ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४३२५२७ | ३०११९७ | ९००००० | ३४२१४९ | ४०९५२ | १२ |
| २० | नाता प्रमाणित दस्तुर | २३०४५० | २०३२३० | १२००००० | १८४२०० | -१९०३० | -१० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | अन्य दस्तुर | ४१२०५९७ | ४२४९०२४ | ११५००००० | ८९५४९५८ | ४७०५९३४ | ५३ |
| २२ | व्यावसाय रजिष्ट्रेशन दस्तु | ५९५०३५० | ५५४०० | २६००००० | २९००९९८ | २८४५५९८ | ९८ |
| २३ | विद्युत सम्बन्धी दस्तुर | ० | ० | ० | २८७० | २८७० | १०० |
| २४ | अन्य क्षेत्रको आय | ० | ० | ० | ५०० | ५०० | १०० |
